# मध्यमकालीन खर्च संरचना

# (Medium Term Expenditure Framework)

## आ.व.२०८१/०८२/०८३/०८४

सिदिङ्वा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ताप्लेजुङ



# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमी

मधमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले आवधिक विकास योजनालाइ वार्षिक बजेट तथा योजनासँग जोडने पुलको रूपमा काम गर्दछ । मध्यमकालीन खर्च संरचनालाई सार्वजनिक स्रोतको प्रभाबकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारका रूपमा लिइने गरिन्छ । सिदिङ्वा गाँउपालिकाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसले आगमी तीन आर्थिक वर्षको खर्च तथा श्रोतको प्रक्षेपण र सोको आधारमा आगामी आर्थिक वर्षको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि समेत आधार तयार गर्दछ ।

नेपालमा दशौं राष्ट्रिय आवधिक योजनाबाट मध्यमकालीन खर्च संरचना तयारीको अभ्यास शुरु भएको हो । मध्यमकालीन खर्च संरचना तयारीको अनिवार्यता तीन वटै तहको सरकारको दायित्वभित्र रहेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ ।  स्थानीय तहको योजना एवं मध्यमकालीन खर्च संरचना तयारीमा सहजता, एकरूपता तथा स्तरीयताका लागि नेपाल सरकारले स्थानीय तहको मध्यकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ मार्फत पनि मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रकृयालाई स्पष्ट पारेको छ । मध्यमकालीन खर्च संरचनाको तयारीमा नेपालको संविधान, सङ्घीय एवम प्रदेश नीति तथा कानून र आवधिक विकास योजनामा रहेको व्यवस्था एवं सरोकारवालासँगको छलफलको निष्कर्शलाई मुख्य आधारका रूपमा लिइएको छ ।

## १.२ अवधारणा तथा उद्धेश्य

मूलतः मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो । उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यत समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरु समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना

र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका **(Medium Term Fiscal Gramework-MTFF)** निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका **(Medium Term Fiscal Gramework-MTB)** तयार गरिन्छ । यस दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका **(Medium Term Fiscal Gramework)** तयार गरिएको हुन्छ । बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका पुर्याउनुको साथै बजेटलाई लक्ष्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउन मध्यमकालिन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो । यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो पक्रिया वार्षिकरुपमा गरिरहनु पर्दछ ।

**यसका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।**

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु ।

ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु ।

घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु ।

ङ) सार्वजनिक खर्चलाई प्रभाबकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.३ मध्यकालीन संरचनाका आधारहरु

सिदिङ्वा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

– नेपालको संविधान  २०७२

– दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)

– अन्तर—सरकार वित्त व्यवस्थापन ऐन, २०७४

– स्थानीय सरकार सञ्चालन ऐन, २०७४

– स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

– राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)

– कोशी प्रदेश सरकारको पहिलो आवधिक विकास योजना (२०७६/७७-२०८१/८२)

– नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७८/७९)

– सिदिङ्वा गाउँपालिकाले लिएको नीतिहरु,

–सिदिङ्वा गाउँपालिकाको आर्थिक वर्ष २०८२ पाश्वचित्र २०७७

## १.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राव्दी विकास लक्ष्य **(MDGS)** मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य **(MDGS)** मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन । वर्तमान शासकीय स्वरुप अनुसार तीनै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । संघीय वा कुनै तहको सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छसङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

स्थानीय सरकारको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य—३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ । पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य

११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

सिदिङ्वा गाउँपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेबारी सम्बन्धी जनप्रतिनिधी, कर्मचारीहरुलाई जानकारीमूलक तालिम कार्यक्रम प्रस्तावित गरेको छ । दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा योगदान पुर्याउन वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ । दिगो विकास लक्ष्य स्थानियकरणमा आधारित रही गाउँपालिकाले तीनै तहको सरकारहरुसँग समन्य, साझेदारी र सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने र गाउँपालिकाका बिषयगत शाखागत कार्यक्रमहरु दिगो विकास लक्ष्यमा आधारित भई समिक्षा गरी प्रतिवेदन तयार गरिँदै आएको छ । त्यसैले यस मध्यमकालीन खर्च संरचनामा पनि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङकेतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधार मानेर यो सिदिङ्वा मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न अनुसारको तुर्जमा विधि तथा प्रक्रिया आत्मासाथ गरिएको छ ।

**चरण-१ तयारी चरण**

प्रक्रिया १. प्राविधिक सहयोगका लागि टोली परिचालन

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो । अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो । साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, सम्बन्धित गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट किटान गरी सोही अनुरुप टोलि परिचालन र कार्ययोजना तयार गरियो ।

**प्रक्रिया २. स्थापिन कानूनी दस्तावेज, निती निर्देशिका तथा अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

तोकिएको जिम्मेवारी अनुसार प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियो ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- सिदिङ्वा गाउँपालिकाको आवधिक योजना तथा विषय क्षेत्रगत नीति र योजनाहरु
- सिदिङ्वा गाँउपालिकाको राजपत्र, सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु ।
- राष्ट्रिय योजना आयोगबाट जारी भएका परिपत्र तथा कार्यढाँचा

- नेपाल सरकार संघीय मामिला तथा स्थानीय विका मन्त्रालयको सूचना तथा निर्देशनहरु आदि ।

**प्रक्रिया ३. मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

सिदिङ्वा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकाको सहयोगमा कार्ययोजना तर्जुमा गरियो । गाउँपालिकाबाट प्राप्त अभिलेखहरुको आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । यसैको आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण-२. लेखाजोखा चरण**

**प्रक्रिया ६. अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

सिदिङ्वा गाउँपालिकाकोे मध्यमकालीन खर्च संरचनाको तर्जु प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले सम्बन्धित शाखाहरुमा अवधारणा स्पष्टता सम्बन्धी कार्यक्रमको आयोजना गरियो । छलफलमा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो ।

**प्रक्रिया ७ विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल**

सिदिङ्वा गाउापालिकाको आवाधि योजना, विभिन्न विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धी समीक्षाका लागि विषयगत समितिहरु र सरोकारवालाहरुसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

**प्रक्रिया ८ श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

अन्तर—सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । बिगत आर्थिक वर्षहरुको खर्च सहित गाउँपालिका भित्रका गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवाधिक गाउँ विकास योजना, विषयगत क्षेत्र रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि आधारको रुपमा लिइयो ।

## चरण -३ तर्जुमा चरण

### प्रक्रिया ९ क्षेत्रगत योजना तर्जुमा

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक पश्चात विषयगत शाखा/एकाइका कर्मचारी तथा समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप—क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप—क्षेत्रको सांकेतीकरण गरियो ।

### प्रक्रिया १० विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा/शाखा/एकाइ सगं छलफल गरी उप— क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

### प्रक्रिया ११ मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च

संरचना तर्जुमाका क्रममा आवाधिक गाउँ विकास योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस तयार गरी प्रस्तुत गरिएको छ ।

**चरण ४ स्वीकृति चरण**

**प्रक्रिया १२ मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन**

उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुती तथा छलफल गरि आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गाउँपालिकामा वि.सं. २०८१ आसार ११ गते मस्यौदा छलफल कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुती तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो ।

**प्रक्रिया १३ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रममा प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु समावेश गरी यो मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

**प्रक्रिया १४ मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका लागि आवश्यक प्रकृया पुरा गरियो ।

## परिच्छेद २ मध्यम कालीन खर्च संरचना

## २.१ पृष्ठभूमी

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

नेपालको वर्तमान संविधानको शासकीय स्वरुप अन्तगत सङ्घीय संरचनाको अभ्यास सुरु भए पश्चात अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका सङ्घीय कानूनले मध्यमकालीन खर्च संरचना तयारीलाई अनिवार्य गरेको छ । तीन वटै तहको सरकारले प्रत्येक आर्थिक वर्षमा बजेट वर्षको खर्च अनुमानसहित आगामी दुई आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण समेटिएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेका छ । जसअनुसार चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकमसमेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाकाले आफ्ृनो आवधिक विकास योजनाअनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

आर्थिक वर्षका (२०८०/८१-२०८२/८३) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका भित्रका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेटने प्रयास गरिएकोछ ।

## २.२ चुनौती तथा अवसर

वर्तमान संविधानले सुनिश्चित गरेका एकल अधिकार र साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न सम्बन्धित स्थानीय सरकारले पर्याप्त कानून तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको आवधिक योजनाको उद्देश्य हासिल गर्न विभिन्न रणनैतिक दस्तावेजहरु त्यार गर्नुपर्नेछ । साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चुनौतीको रुपमा लिएको छ । त्यसैगरी कृषि तथा

पशुपालनमा आधारित अर्थतन्त्रलाई मजबुद बनाउदै सवल र समुन्नत गाउँपालिका तयार गर्नु आफैमा एउटा प्रमुख चुनौती हो। जलवायु परिवर्तनका असर, प्राकृतिक प्रकोप, मानवसँग जंगली जनावरहरुसँगको द्वन्द्व, नदीमा आउने वाढीले पार्ने क्षतिको व्यवस्थापन हुन नसक्नु, कृषि र पशुजन्य पूर्वाधारको अभाव, भौतिक पूर्वाधारको आधुनिकीरण हुन नसक्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्राविधिक शिक्षाको पहुचमा कमी हुनु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु, बाल विवाह, जातीय छुवाछुत कायमै रहनु, सुकुम्वासी बासोबास, स्वच्छ खानेपानीको पहुँचमा कमी, आदि यस क्षेत्रका चुनौतीहरु हुन । यसका साथै विद्यमान विकासको प्रवृति अनुरूप दिगो विकास लक्ष्य, पन्ध्रौ राष्ट्रिय योजना, प्रादेशिक योजना र स्थानीय आवधिक विकास योजनाको उद्देश्य हासिल गर्नु प्रमुख चुनौतीका रूपमा रहेको छ । उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्नु प्रमुख चुनौतीहरू हुन् । वित्तीय सङ्घीयतको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संसाधन र संस्थागत क्षमता अभिवृद्धिका कार्य यथोचित रूपमा अगाडी बढेको छैन ।

स्थानीय सरकार सञ्चालनका लागि आवश्यक नीगिगत एवं कानूनी आधारशिला तय भई कार्यान्वयनमा रहनु साथै समन्वय, सहकार्य तथा सह—अस्तित्वका आधारमा तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशिल हुनु महत्वपूर्ण अवसरका रूपमा रहेको छ । स्थानीय सरकारहरूबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनुलाई अवसरका रूपमा लिन सकिन्छ ।

गाउँपालिकाको स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

## २.३ सोच उद्धेश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तयारीमा गाउँपालिकाको दीर्घकालिन सोच, आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमलाई प्रमुख आधारको रूपमा लिइएको छ । गाउँपालिका विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### २.३.१ गाउँपालिका विकासको दीर्घकालिन सोच

सिदिङ्वा गाउँपालिकाले तय गरेको गाउँपालिकाको दीर्घकालिन सोच देहायअनुसार रहेको छः

“कृषि, पर्यटन र पूर्वाधारमा उन्नती, सामाजिक विकासमा आधारित सिदिङ्वाको समुन्नती”

### २.३.२ गाउँपालिका विकासको लक्ष्य

सिदिङ्वा गाउँपालिकाको दीर्घकालिन सोचका आधारमा तयार भएको गाउँविकासको लक्ष्य निम्नानुसार रहेको छ ।

"सिदिङ्वा गाउँपालिकाको दिगो विकासका लागि आगामी ५ बर्ष भित्र आर्थिक, सामाजिक, भौतक, सास्कृतिक तथा प्रशासनिक पूर्वाधारहरूको जग स्थापित भई २० बर्ष भित्र ईलाम जिल्लाको सुविधा सम्पन्न समृद्ध गाउँपालिकाको रुपमा विकसित भएको हुनेछ"

### २.३.३ गाउँपालिका विकासको उद्देश्य

#### क. मुलभूत उद्देश्य

गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक तथा भौतिक पूर्वाधार विकासका लागि दीर्घकालिन सोचले निर्धारण गरेको लक्ष्य प्राप्त गर्न कम्तिमा ५ बर्ष अवधिकालागि आवधिक योजना तर्जुमा गर्ने

#### ख. सहायक उद्देश्यहरू

- बर्तमान संबिधान, ऐन कानूनको अधिनमा रहि यस पालिकाको समृद्धिको मार्ग प्रशस्त गर्न स्थानीय आवश्यकता बमोजिम दिगो विकासको जग बलियो बनाउन आवश्यक योजना तथा कार्यक्रमहरू पहिचान गर्ने
- बर्तमान अवसर र भावि संभावना समेतका आधारमा गाउँपालिकाको दीर्घकालीन सोचअनुरुप विकास लक्ष्य प्राप्त गर्न सवै विषयगत गुरु योजना, मध्यकालिन खर्च संरचना, यस गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कनमा आधारित सूचकहरूकालागि मार्ग निर्माण गर्ने
- सिदिङ्वा गाउँपालिकाको सर्वाङ्गीण विकासमा आधारित भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरू र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरू, बजेट निर्धारण तथा सरोकारवालाहरूको सहभागिता र साझेदारीको स्थान समेत पहिचान गरी अल्पकालीन तथा दीर्घकालिन योजना तथा कार्यक्रम तर्जुमा गर्ने
- संबिधान, स्थानीय सरकार सञ्चालन ऐनको मूल मर्म र भावना बमोजिमको विकास लक्ष्य प्राप्त गर्न दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने

### २.३.४ गाउँपालिका विकासको रणनीति

### २.३.१.१ आर्थिक क्षेत्र विकास रणनीति

- आर्थिक विकास सँग सम्बन्धित सवै खाले गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गर्ने
- आर्थिक विकासका तमाम योजना र कार्यक्रममा समन्वय स्थापित गर्न संंस्थागत सञ्जाल समन्वय समितिको निर्माण गर्ने
- तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने
- गरिवी नक्साङ्कन तयार पार्ने साथै गरिव परिवारलाई परिचय पत्र दिने
- कृषि, पशुपन्छी पालन, उद्योग, पर्यटन, एकीकृत बजार लगायतका आर्थिक विकासमा आधारित सवै क्षेत्रलाई समेटेर एकीकृत आर्थिक विकास गुरुयोजना तयार गर्ने
- अर्थ, यन्त्र, उपकरण, प्रविधि, मानवीय श्रोत र साधनको व्यवस्थापनकालागि गाउँपालिकाबासी, निजी क्षेत्र, संघीय तथा प्रदेश सरकार, सहायोगि तथा विकास साझेदार लगायतका सवै साझेदार र सहयोगीहरू सँग समन्वय गरी साझेदारीको सुनिस्चितता गर्ने
- सार्वजनिक निजी साझेदारी, सामुदायीक निजी साझेदारी, सार्वजनिक सामुदायीक निजी साझेदारी जस्ता विधि र प्रकृयालाई र पद्धतीलाई आर्थिक बिकास र व्यवस्थपनको मुल आधार बनाउने
- माटो परिक्षण गरी कृषिबाली उत्पादनको आधारमा पकेट क्षेत्र निर्धारण गर्ने
- सिचाईको पूर्वाधार नपुगेका क्षेत्रमा पूर्वाधार पुऱ्याउने, बेमौषमी तरकारी खेतीलाई प्राथमिकता र प्रोत्साहन गर्ने साथै कृषि यन्त्रको प्रयोगमा सहुलियत प्रदान गर्ने
- विउ विजन केन्द्र (सिड बैंक) को स्थापना साथै नक्ष्ल सुधार कार्यक्रमकालागि प्राविधिक जनशक्ति सहितको दिगो व्यवस्थापन गर्ने
- नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तरगत सञ्चालन गरिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अलैंची कृषि जोन लगायत अन्य आयोजनाहरू स’ग समन्वय गरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने
- व्यवसायिक कृषि फर्म सञ्चालनमा कर छुट सहित विषेश सहुलियत प्रदान गर्ने तथा आवश्यक स्थानीय कानूनको निर्माण गरी आफु सँग रहेको जग्गा जमिन शेयरमा रुपान्तरण गरी त्यस प्रकारका संस्था दर्ता गर्न र सामुहिक कृषि ब्यवसाय सञ्चालनमा विषेश भुमिका निर्वाह गर्ने
- गाउँपालिकाले निर्धारण गरेका विशेष जातका बालि लगाएर प्रति रोपनी तोकिएको मात्रा भन्दा बढि उत्पादन गर्ने किसान तथा व्यवसायीलाई स्थानीय सरकारको हैसियतमा गणनायोग्य सुविधाहरू घोषणा गरी कार्यान्वयनमा ल्याउने
- निजी क्षेत्र समेतको सहयोग र साझेदारीमा प्राङ्गरिक मलको उत्पादन गर्ने साथै मलखादमा सिदिङ्वा गाउँपालिकालाई आत्मनिर्भर वनाउन भण्डारण केन्द्रको व्यवस्था गर्ने

- रोगनिरोधक विषादीको सुलभ व्यवस्थापन गर्ने साथै प्राङ्गरिक (अर्गानिक) खेतीलाई प्रोत्साहन गरी रासायनिक मलको प्रयोगलाई विस्थापित गर्दै लाने
- श्रोत तथा सङ्कलन केन्द्रको स्थापना र विकास गर्ने, व्यवसायमुलक तालिम तथा सुरक्षित र सुनिस्चित बजार सञ्जाल निर्माण गर्ने
- चरन क्षेत्र, डाले तथा भुईघासको विकास र विस्तार गर्ने
- पशुपन्छी आहार उत्पादन तथा आवश्यक आहारको आपुर्ती गर्ने
- रोगनिरोधक औषधीको सुलभ व्यवस्थापन र खोप कार्यक्रम सञ्चालन गर्ने
- पशु तथा कृषि विमा लाई अनिवार्य गर्ने साथै यसकालागि आवशयकताका आधारमा संघीय तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गर्ने
- दुग्ध पदार्थ प्रशोधन केन्द्रको स्थापना, पशुबधस्थल निर्माण लगायतका कार्यलाई विशेष प्राथमिकता दिने
- औद्योगिक ग्राम तथा वडा स्तरीय पकेट औद्योगिक ग्रामको स्थापना गर्ने तथा आवश्यक पूर्वाधारको विकास गर्ने
- उद्योग, कृषि, पर्यटन, सहकारी तथा सांस्कृतकि विकास लगायतका आर्थिक विकासका क्षेत्रमा योगदान पुऱ्याउने सवै खाले व्यवसायिक संघसस्था, कार्यालय तथा व्यक्तिलाई गाउँपालिका बाट प्रवाह हुने सेवा सुविधामा विशेष सहुलियत प्रदान गर्ने सिदिङ्वा निर्यात तथा विक्रि प्रवद्र्धन केन्द्रको स्थापना र विकास गर्ने पर्यटन विकास अन्तरगत धर्मिक, सास्कृतिक तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण, सम्बद्र्धन र विकास गर्ने तथा यसकालागि निजी क्षेत्रलाई समेत आकर्सित गर्ने, ग्रामिण स्याटलाईट स्मार्ट ग्रामिण बजार तथा सिदिङ्वा बजार सञ्जालकालागि आवश्यक पूर्वाधारको विकास गर्ने, गाउँपालिकाका सवै वडाहरूमा वडाबासीको माग बमोजिम बचत तथा ऋण सहकारी संस्था, लघुवित्त विकास सस्था, वित्तीय सस्था तथा बैंकहरूका कार्यालय तथा शाखा पुऱ्याउने
- घरपरिवार बचत कार्यक्रम र वित्तीय साक्षरताकालागि बैंक तथा वित्तीय संस्थाहरू सँग साझादरी गर्ने तथा यूवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने
- सवै घरपरिवारको अनिवार्य बैंक खाता हुने व्यवस्था मिलाउने
- न्यूनतम ब्याजदर र सहज रुपमा आवश्यक आर्थिक श्रोत प्राप्त गर्न सक्ने अवस्थाको श्रृजना गर्न बैंक तथा वित्तीय संस्था र सहकारी सँग साझेदारी विकास गर्ने
- आर्थिक विकासका सवैखाले क्षेत्रमा गाउँपालिकाले औद्योगिक, व्यापारिक तथा व्यवसायिक दुतको भुमिका निर्वाह गर्ने

### २.३.४.२ सामाजिक क्षेत्र विकास रणनीति

**क.विषय क्षेत्रगत रणनीतिहरू**

संविधान, संघीय तथा प्रदेश कानूनको समेत अधिनमा रहि आवश्यक स्थानीय नीति, ऐन, नियम, निर्देशिका वा कार्यविधिहरू तर्जुमा तथा व्यवस्थापन गर्ने

- श्रोतको पहिचान तथा परिचालन र व्यवस्थापन गर्ने साथै स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग र परिचालन गर्ने
- नागरिक तथा सरोकारवाला र साझेदार संघ संस्थाको सहभागितालाई प्राथमिकता दिने
- अनुत्पादक खर्चमा कटौतिगर्ने
- सवै योजना तथा कार्यक्रमलाई उत्पादकत्व सँग आवद्ध गर्ने
- रोजगारीको श्रृजना, गरिवी निवारण तथा न्यूनिकरणका साथमा दिगो विकासमा आधारित योजना र कार्यक्रमको कार्यानवयनलाई बिशेष प्राथमिकता दिने
- शिक्षा र साक्षरताका साथमा शिप विकास र प्रविधिको विकास र व्यवशाय प्रवद्र्धनमा विशेष लगानी गर्ने
- कम्तिमा २०वर्षको आवश्यकतालाई ध्यानमा राखि सामाजिक विकासकालागि सवै पूर्वाधारहरूको निर्माण र विकास गर्न्ने
- भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन तथा वडा तथा गाउँपालिकास्तरीय क्षेत्र निर्धारण गर्ने
- सार्वजनिक निजी साझेदारी, सार्वजनिक सामुदायिक साझेदारी तथा सार्वजनिक सामुदायिक निजी साझेदारी कार्यक्रलाई विशेष प्राथमिकतामा राख्ने
- आधुनिक प्रविधिको विकास, विस्तार र जनचेतना अभियान बाट सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने
- सन्तुलित आहार स्वास्थ्य जीवनको लागि अन्यन्तै आवश्यक भएकाले एक घर एक करेसाबरी कार्यक्रमका लागि सुआहार लगायतका दातृ निकाय तथा गैर सरकारी संस्थाहरू मार्फत साझेदारी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने
- विभिन्न जातजातीको बसोबास रहेको सिदिङ्वा गाउँपालिकामा सामाजिक, सास्कृतिक तथा जातीय सद्भाव कायम राख्न समन्वयात्मक कार्य प्रणालिको विकास गर्ने
- खाद्य पदार्थ तथा खानेपानीको गुणस्तर परिक्षणकालागि प्रयोगशालाको व्यवस्थापन गर्ने साथै उक्त व्यवस्था नहु'दाका बखत सम्म सम्भाब्य निकाय स'ग समन्वय र साझेदारी गर्ने
- स्थापित दीर्घकालिन सोच, लक्ष र उद्देश्य पुरा गर्न समग्र सामाजिक विकासको माध्यम बाट एक उत्कृष्ट, आधुनिक र सुविधा सम्पन्न सिदिङ्वा गाउँपालिकाको विकास गर्ने

ख. विषय शिर्षक गत रणनीतिहरू

अ. शिक्षाः

- शैक्षिक सत्रको सुरुवात बाटै बिद्यालय प्रशासन, बिद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक स’घ समेतलाई परिचालन गरी घरदैलो अभियान सञ्चालनका साथ बिद्यालय भर्नालाई सतप्रतिसत वनाउने
- सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन उच्च विद्यार्थी संख्या, विद्यालयको सिकाइ उपलब्धीका आधारमा क्रमिक रुपमा विद्यालय बसको व्यवस्थापन गर्दै लैजाने
- आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्कको पूर्ण प्रत्याभूत गराउने
- तहगत रुपमा विद्यार्थी संख्या कायम गरी मापदण्ड पुरा गर्ने विद्यालयलाई उचित पुरस्कारको व्यवस्थ ागर्ने
- ड्शिक्षकको क्षमता विकासका लागि नियमित क्षमता विकास तालिमको सुनिश्चितता गर्ने
- बिद्यालयको नियमितताका आधारम बालबालिकालाई पुरस्कृत गर्ने
- सवै विद्यालयहरूमा अनिवार्य ई(हाजिरिको व्यवस्था गर्ने साथै बालकक्षा को प्रभावकारी व्यवस्थापन र डिजिटल कक्षा कोठाको विकास गर्ने
- विद्यालय शिक्षकलाई बालमैत्री अवधारणा र बालमैत्री कक्षा व्यवस्थापन सहितका आवश्यक तालिम प्रदान गरी सवै शिक्षकलाई सर्वप्रथम आफु सहजकर्ता भएको अनुभुति दिलाउने तथा बाल मनोबिज्ञानमा आधारित पाठन कला र शैली तथा बिद्यार्थिको शैक्षिक गुणस्तर र उतिर्ण स्तरका आधारमा सम्बन्धित विषय शिक्षकलाई पुरस्कृत गर्ने ब्यावस्था मिलाउने
- विद्यालयका लागि आवश्यक भवन, कक्षा कोठा, डेस्कबेन्च, शौचालय, खेलमैदान, खानेपानी, सरसफाई, सेवा सुविधा र सुरक्षामा सुधार गरी बालबालिका बिद्यालय जाउ’जाउ’ लाग्ने गरिका बालमैत्री मापदण्ड बमोजिम निर्माण तथा व्यवस्थापन गर्ने
- विद्यालयहरूमा सुचना र प्राविधिको विकासकालागि इन्टरनेटसुविधाको अनिवार्य व्यवस्थागर्ने
- बिद्यालयमा दिवा खाजालाई अनिवार्य गर्ने साथै आफ्ना छोराछोरीकालागि आफ्नै घरमा पाकेको खाजा अनिवार्य पठाउनु पर्ने व्यवस्था मिलाउने
- शिक्षकलाई कक्षा कोठा भित्र मोवाईल, ल्यापटपमार्फत श्रब्य दृष्य पको प्रयोगमा प्रतिवन्ध लागउने साथै अभिभावकले आफ्ना छोराछोरीलाई मोवाईलको प्रयोगमा व्यवहारिक वनाउन जिम्मेवार भुमिका निर्वाह गर्ने
- विद्यालयमा आर्थिक सुशासन कायम गर्न सवै विद्यालयहरूले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र विद्यालयका आम्दानी र खर्चको हिसाव सार्वजनिक गर्ने व्यवस्था मिलाई सोको अनुगमनको व्यवस्था मिलाउने
- बिगतमा जिल्ला शिक्षा कार्यालय बाट अनुमति प्राप्त गरेका तर आवश्यक दरबन्दिको व्यवस्था नभएका प्रस्तावित विद्यालयहरूमा दरबन्दि तथा अनुदानको व्यवस्था गर्ने

- सवै विद्यालयमा सिसिटिभि जडान गरी नियमित अनुगमनलाई प्रविधि मैत्री बनाउने

- 
- आ. स्वास्थ्यः
- केन्द्रको हिसावले सुविधा सम्पन्न आधारभुत स्वास्थ्य केन्द्रहरूको निर्माण र दक्ष स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गर्ने
- महिला तथा बालमैत्री स्वास्थ्य केन्द्रको व्यवस्थापनका साथ गर्भवती महिला र बालबालिकालाई खोपको सुनिस्चितता र नियमितताको व्यवस्थापन गर्ने तथा घरमा सुत्केरी गारउने प्रथालाई सून्यमा झार्ने
- पानी उमालेर खाने तथा मिचिमिचि हात धुने बानीको थप विकास गर्न प्राथमिकताका साथ जनचेतना अभियान सञ्चालन गर्ने साथै सामाजिक उत्तरदायित्व निर्वाहा गर्नु पर्ने सवै संघ संस्थालाई यस कार्यमा सरिक हुने बिशेष अभियान सञ्चालन गर्ने साथै यसरी गाउँपालिका स'ग साझेदारी गर्नेलाई गाउँपालिकाको तर्फ बाट बिशेष सहयोग वा सहुलियत उपलब्ध गराउने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा औषधी, उपकरणको व्यवस्था गर्ने साथै नेपाल सरकार बाट निशुल्क बितरण गर्ने भनि तोकिएका औषधीको बितरणमा प्रभावकारी व्यवस्थापन गर्ने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा प्रयोगशाला, स्वास्थ्य परिक्षण कोठा, बिरामी आराम कक्ष, प्रतिक्षालय तथा बालबालिका तौलने मेसिन लगायतका सवै उपकरणको व्यवस्था गर्ने
- सवै उमेर समुहका स्थानीयबासीकालागि सामान्य तर महत्वपूर्ण रहेका ब्लड ग्रुप, ब्लड सुगर, ब्लड प्रेसर जस्ता जॉचालाई निशुल्क गर्ने साथै महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवालाई थप प्रभाकारी वनाउने
- निजी क्षेत्र बाट सञ्चालित स्वास्थ्य संस्थाहरूको सेवालाई सर्वसुलभ र प्रभावकारी वनाउन स्थानीय मापदण्ड निर्माण गरी कार्यान्विनयमा ल्याउने

इ. खानेपानी

- खानेपानीका मुहानहरूको सरसफाई र संरक्षण गर्ने साथै खानेपानी भण्डारण गृह (ट्याङ्की) निर्माण गर्ने
- पानीको शुद्धिकरणका लागि परिक्षण र प्रशोधनको व्यवस्थागर्ने (खानेपानीको मुहान नजिक प्राकृतिक पानी प्रशोधन केन्द्रहरूको निर्माण गर्ने)
- गाउँपालिकाभित्रको सम्पूर्ण घरपरिवारमा एक घर एक स्वच्छ र शुद्ध खानेपानीको धाराको अवधारणा बमोजिम खानेपानीको सुविधा पुऱ्याउने साथै सवै घरपरिवार, बिद्यालय लगायतले अनिवार्य फिल्टरको प्रयोग गर्नु पर्ने व्यवस्था मिलाउने

- प्रत्येक बिद्यालय, सार्वजनिक सेवाका क्षेत्र तथा कार्यालय र सार्वजनिक स्थलहरूमा आवश्यक संरचना निर्माण विकास गरी सुरक्षित र स्वाच्छ खानेपानी उपलब्ध हुने व्यवस्था मिलाउने
- बिद्यालय तथा सार्वजनिक स्थान र क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री खानेपानी प्रवाह धाराको व्यवस्था गर्ने
- सामुदायको प्रत्यक्ष सहभागिता रहने गरी समुदाय स्तरीय खानेपानी आयोजनालाई बिशेष प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने
- गाउँ कार्यपालिका रहेको वडामा पर्ने स्वास्थ्य केन्द्र वा चौकीमा अर्को व्यवस्था नहुँदा सम्म पानी परिक्षणको व्यवस्था मिलाउने

ई. शौचालयः

- सवै घरपरिवारले अनिवार्य पानीको पर्याप्तता हुने गरी सुविधायुक्त शौचालय निर्माण गर्नु पर्ने बाध्यात्मक व्यवस्था मिलाउने साथै यसकार्यलाई घर नक्सा पास तथा घर सूचिकरण वा अभिलेखिकरण सँग आवद्ध गर्ने
- सवै घरपरिवारले शौचालय सँगै अनिवार्य सावुन पानी सहितको हातधुने स्थानको व्यवस्था अनिवार्य गर्न यस कार्यलाई सेवा प्रवाह सँग आवद्ध गर्ने
- सवै वडाका आवश्यक सार्वजनिक स्थलहरूमा सुविधा युक्त सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालन व्यवस्थापन गर्ने र यसरी सञ्चालनमा आउने शौचालयहरू अनिवार्य बालमैत्री तथा अपाङ्गमैत्री निर्माण गर्ने
- पुर्ण सरसफाइको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने साथै खुला दिसामुक्त गाउँपालिकालाई थप व्यवस्थापन गरी निरन्तरता दिने

उ. महिला तथा लैङ्गिक समानता

- सामाजिक बिभेद, घरेलु हिं'सा र दुव्र्यवहार, अन्धविश्वास लगायतका सामाजिक कुरितीको अन्त्यकालागि महिला तथा पुरुष सम्मिलित सामाजिक न्याय सञ्चार समुह गठन गरी कृयाशिल गराउने
- शिप विकास सहित महिलालाई आर्थिक उपार्जनका क्षेत्रका कृयाशिल गराउन महिला द्वारा प्रवद्र्धित उद्योग, कलकारखाना तथा व्यापार व्यवसायलाई संरक्षण र सम्बद्र्धन गर्ने साथै सहुलियत पूर्ण आर्थिक श्रोतको व्यवस्थापकालागि सहकारी तथा बैंक बित्तीय संस्था स'ग सहकार्य गर्ने
- महिलाले मात्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रकृतिका उद्योग, व्यापार तथा व्यवसाय स'ग सम्बन्धित परियोजना बैंक तयार गर्ने
- महिला द्वारा प्रवद्र्धित आय आर्जन र रोजगारी श्रृजना गर्ने प्रकृतिका आयोजनामा बिशेष सहायोग कोष स्थापना गरी उक्त कोषको पूर्ण सदुपयोग गर्ने

- समान कामको समान ज्यालाको कानूनी मान्यतालाई कडाइका साथ ब्यवहारमा ल्याउने
- सामाजिक संस्कारहरूमा महिला माथि गरिने बिभेदको अन्त्यकालागि सामाजिक न्यय सहितको गाउँपालिका स्तरीय कानून निर्माण गरी कार्यान्वयन गर्ने

ऊ. बालबालिका

- बलमैत्री स्थानीय शासनमा आधारित रणनीतिक योजना समेतका आधारमा बालमैत्री गाउँपालिकाको घोषणा सँगै दिगोपनाको सुनिस्चितता गर्ने
- घरपरिवार, सार्वजनिक संघ संस्था तथा कार्यालय लगायत सम्पूर्ण सरोकारवाला निकाय र स्थानमा बालमैत्री वातावरण विकास गर्ने साथै घरपरिवार लगायतका सवै सरोकारवालाले आफ्नो भौतिक संरचना बालमैत्री वनाउन अनिवार्य गर्ने
- समुदायस्तरीय तथा बिद्यालयस्तरीय साथै वडा र गाउँपालिका स्तरीय बाल क्वलहरूलाई थप कृयाशिल गराउने
- लागु ओषध लगायतका कुलतमा लागेको बालबालिकाको उद्धार गर्ने तथा यसो हुन नदिन बालक्लवलाई परिचालन गर्ने
- अनाथ तथा सडक बालबालिकाको उद्धार, पुनरस्थापना, व्यवस्थापन र संरक्षण गर्ने

ए. युवा विकास

- प्राविधिक शिक्षा र तालिमको माध्यम बाट शिप तथा क्षमता विकास गर्ने
- यूवा स्वरोजगार कार्यक्रमलाई बहुक्षेत्रगत रुपमा सञ्चालन व्यवस्थापनको सुनिस्चित आधार निर्माण गरी उत्पादनमुलक कार्यमा परिचालन गर्ने
- गाउँपालिका क्षेत्रका विकास निर्माणका कार्यहरूमा युवा परिचालन गरी रोजगारीको अवसर प्रदान गर्ने
- प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी वनाउने साथै युवाहरूकालागि व्यवसायिक योजनामा आधारित  अनुदान कार्यक्रम सञ्चालन गर्ने
- युवाहरूलाई लागु औषध लगायतका कुलत बाट बचाउन बिद्यालय स्तरीय सम्यन्त्र निर्माण गरी परिचालन गर्ने

ऐ. जेष्ठ नागरिक

- सामाजिक तथा पारिवारिक अवहेलना र तिरस्कारको अन्त्यकालागि आवश्यक कानून समेत निर्माण गरी सामाजिक सुरक्षाको प्रत्याभुतिको सुनिस्चितता गर्ने
- वडा तथा टोलटोलमा जेष्ठ नागरिकहरूको स्वास्थ्य परिक्षण सेवा तथा औषधी उपलब्धताको सुनिस्चित व्यवस्था गर्ने

- जेष्ठ नागरिकहरूकालागि अनुभव, ज्ञान र शिपको आदान प्रदान लक्षित शैक्षिक भम्रण, शिप विकास लगायतका कार्यक्रमको व्यवस्था गर्ने
- जेष्ठ नागरिकलाई वहाँहरूको बासस्थानमानै गएर सम्मान गर्ने व्यवस्था मिलाउने
- जेष्ठ नागरिक दिवा शेवा केन्द्र, जेष्ठनागरिक मिलन चौतारीहरूको व्यवस्थापन गरी पारिवारिक एक्लोपना वा अभावको पुर्तालमा सहयोग गर्ने
- गाउँपालिका भित्र सञ्चालन हुने सार्वजनिक यातायातका साधनमा छुटको व्यवस्थालाई अनिवार्य र ब्यवस्थित गर्ने

ओ. **अपाङ्गता तथा फरक क्षमता भएका**

- स्थानीय कानूनको निर्माण गरी आर्थिक, सामाजिक तथा पारिवारिक अपहेलनाको अन्त्य गर्ने
- अपाङ्गता भएका व्यक्तिहरूको प्रकृति र क्षमताका आधारमा सिप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरी स्वनिर्भरता तर्फ उत्प्रेरणाकासाथ अघि बढाउने

औ. लक्षित बर्ग तथा समुदाय

- राज्यबाट प्राप्त अधिकारको सुनिस्चितताकालागि लक्षित बर्ग तथा समुदायको कृयाशिलतालाई थप प्रभावकारी वनाउने
- न्यायीक अधिकार र पहु'चमा अभिबृद्ध गर्न गराउन लक्षित बर्ग तथा समुदाय सचेतना अभियान लाई अघि बढाएर समान पहुँच स्थापित गर्ने गराउने साथै कानूनी साक्षरता तालिम प्रदान गर्ने
- शिप तथा क्षमता विकासका माध्यम बाट स्वरोजगार वनाउने

अं खेलकुद

- खेलकुदकालागि अवाश्यक पूर्वाधारहरूको विकासका साथ गाउँपालिका खेलकुद प्रशिक्षकको व्यवस्था गरी व्यवसायिक खेलाडि उत्पादन गर्ने
- बिद्यालयहरूमा अनिवर्या खेलमैदानको निर्माण विकास गर्ने
- गाउँपालिका स्तरीय खेल मैदान (रङ्गशाला) का साथमा एक वाडा एक खेलमैदानका हिसावले प्रत्येक वडामा वडास्तरीय खेलमैदानको निर्माण विकास गर्ने
- विद्यालयतह देखिनै खेलकुदको दिगो विकास गर्न अन्तर वडा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने
- स्वास्थ्यकालागि खेलकुद अभियानलाई कार्यान्वयन गर्ने

अः **खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण**

- आवश्यक भौतिक पूर्वाधार निर्माण गरी गाउँपालिकाबासीलाई आफ्नै उत्पादनले धान्ने गरी खाद्य भण्डारको व्यवस्था गर्ने तथा आत्म निर्भताकालागि खाद्य उत्पादनमा वृद्धि गर्ने

- गाउँपालिका क्षेत्र भित्र पूर्ण रुपले यातायाको सुविधा नपुग्दा र गाउँपालिका खाद्य भण्डार केन्द्र निर्माण भई सञ्चालनमा नआउ'दा सम्म परम्परागत रुपम घरघरमा रहेको खाद्य भण्डारका संरचनाहरूलाई प्रोत्साहन र निरन्तरता दिने
- उपभोक्ता हित सँग सम्बन्धित गाउँपालिका स्तरीय ऐनको व्यवस्था गरी सोहि बमोजिम उपभोक्ता हित संरक्षणका गतिविधि सञ्चालन व्यवस्थापन गर्ने साथै बजार अनुगमनलाई नियमित र ब्यवस्थित वनाउने
- प्राङ्गरिक तथा विषादी रहित खाद्य पदार्थको मात्र उत्पादन र बिक्रिबितरणलाई अनिवार्य गर्ने साथै विषदियुक्त खाद्य पदार्थ बिक्रि बितरण गर्नेलाई नियमन गर्ने

२.३.४.३ **पूर्वाधार क्षेत्र विकास रणनीति**

- भौतिक पूर्वाधार निर्माण विकास सँग सम्बन्धित आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू निर्माण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने
- संघीय सरकारको सहयोगमा गाउँपालिका क्षेत्रको पुनरनापी गरी सरकारी तथा सार्वजनिक जग्गा जमिनको पहिचान, मापन, अभिलेखिकरण र भौगोलिक नक्सामा सडक सञ्जालको सार्थक रेखाङ्कनको आधार तयार परी व्यवस्थित पार्ने
- अतिनै बिकट भौगोलिक स्वरुप, छरिएको बस्ती, स्थानीय उत्पादनहरूको बजारिकरण र सार्वजनिक सेवा प्रवाहमा स्थानीयबासीको पहु'चमा विकास, बिस्तार र सुगमताकालागि सडक तथा पुलहरूको बिस्तारमा बढोत्तरी गर्ने
- सडकहरूको बर्गिकरण गरी न्यूनतम रुपमा सतह नाला, फुटपाथ अलगै रहने गरी १४ मिटर, १० मिटर, ९ मिटर र ८ मिटरका कृषि, पर्यटन, औद्योगिक र आवसिय सडक हरूको न्यूनतम मापदण्ड निर्धारण गर्ने साथै कुनै पनि संरचना निर्माण गर्दा अनिवार्य सेडब्याक छाड्नु पर्ने व्यवस्था मिलाई कडाईकासाथ कार्यान्वयनमा ल्याउने
- विषयगत क्षेत्रमा उल्लेख गरिएका भौतिक पूर्वाधार निर्माण विकास स'ग सम्बन्धित योजना तथा आयोजना र कार्यक्रमहरू समेत समन्वयात्मक रणनीति र मापदण्ड बमोजिम कार्यान्वयन गर्ने
- वातावारणीय प्रभावको विषयलाई ध्यानमा राखि भौतिक पूर्वाधार निर्माण गर्दा बर्गिकरण र मापदण्डका आधारमा प्रारम्भिक वातावरण मूल्याङ्कन (क्ष्भ्भ्क्ष्) गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गर्ने
- निर्मित भौतिक पूर्वाधारहरू मर्मत सम्भार गर्नु पर्ने अवस्थामा गाउँपालिकाले खडा गरेको मर्मत सम्भार कोषबाट प्राथमिकताका आधारमा मर्मत सम्भार गर्ने
- क्षमता विकास समेतका तालिम, गोष्ठी, सफ्टवयरका कार्यक्रम र लक्षित बर्गको आयोजना बाहेकका प्रत्येक आयोजनाबाट २ ५ रकम कट्टा गरी मर्मत सम्भार कोषमा जम्मा गरिने

- आवधिक योजनामा प्राथमिकता क्रम बमोजिम निर्माण सम्पन्न गर्नु पर्ने भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्थापन गर्ने
- विषयगत र क्षेत्रगत गुरुयोजना तयार गर्ने साथै लगानी क्षमता र महत्वका आधारमा यस आवधिक गाउँपालिका विकास योजनामा गरिएका प्रथम प्राथमिकतामा परेका आयोजनाको बिशेष प्राथमिकिकरण गर्ने
- सम्भव रहेसम्म प्रचलित कानूनको अधिनमा रहि गाउँपालिका दर रेट निर्धारण गर्ने
- गाउँपालिकाको आन्तरिक सार्वजनिक खरिद कार्यविधि र खरिद योजना तयार गर्ने
- सडक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरण र निर्माण सामाग्रिको उपलब्धताको सुनिस्चितता गर्ने
- सडक पूर्वाधार गुणस्तर मापदण्ड निर्धारण गर्ने साथै निर्माणाधिन सडकको गुणस्तर परिक्षणको व्यवस्था मिलउने
- स्थानीय स्तरमा रहेको आर्थिक, भौतिक तथा मानवीय श्रोत र साधनको प्रयोग तथा व्यवस्थापन साथै पारदर्शी तथा न्यायोचित, मितब्ययी र दिगो विकासमा आधारित लगानीको सुनिस्चितता गर्ने
- यस गाउँपालिकाका सवै वडामा सामुदायिक बिद्युतिकरण कार्यक्रम लागु गरी ूहाम्रो गाउँपालिका उज्यालो गाउँपालिकाू कार्यक्रम अन्तरगत शहरी क्षेत्र, सुरक्षाको हिसावले सम्बेदनसिल ग्रामिण क्षेत्र तथा सार्वजनिक क्षेत्रमा सडक बत्तिको बिस्तार गर्ने
- छरिएर रहेका बस्ती वा घरहरूलाई समेटेर सेवा सुविधा प्रवाहमा सहजता ल्याउनकालागि एकीकृत गर्ने प्रयोजनकालागि वडा नं.४ मा एकीकृत बस्ती विकास योजना सञ्चालन गर्ने
- गाउँपालिकामा  नक्सा पास नगरी नयाँ संरचना निर्माण गर्ने कार्यमा पूर्ण रुपमा प्रतिवन्ध लगाउने साथै पुरानो घरको अभिलेख कार्यलाई प्राथमिकता दिने
- संघीय तथा प्रदेश सरकार लगायत सम्भाब्य सवै स्थानीय तथा बाह्य विकास साझेदर सँग समन्वय र सहकार्य गर्ने
- जनसहभागिता अभिवृद्धिमा जोड दिने साथै जनसहभागितामा आधारित कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्ने
- भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरणको सहज व्यवस्थापन र उपलब्धतामा निर्माण व्यवसायीलाई सशक्तिकरण गर्ने
- गुणस्तरमा क्षति पुग्ने गरिको कुनै पनि सम्झौता नगर्ने
- उपभोक्ता तथा नागरिक समाजलाई सङ्कल्प सहितको सिदिङ्वा विकास अभियानमा सहभागिता, साझेदारी र अगुवाई गराउने
- तोकिएको समय सिमा भित्र निर्माण कार्य अनिवार्य सम्पन्न गर्न पुरस्कार तथा दण्ड जरिमाना सहितका सवै खाले उपाय, विधि र प्रकृयाहरूको अवलम्वन गर्ने

२.३.४.४ **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र विकास रणनीतिहरूः**

- स्थानीय ऐन, नियम, निर्देशिका र कार्यविधिलाई दुरुस्त र प्रभावकारी वनाउने
- गाउँपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने
- प्रकोप न्यूनिकरण, राहत तथा उद्धार कोषको स्थापना र विकास गर्ने साथै प्राकृतिक प्रकोप उद्धार कोष सञ्चालन व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने
- दीर्घकालिन वातावारण संरक्षण, सम्बद्र्धन र विकासकालागि सवै सम्भाब्य क्षेत्रलाई समेट्ने गरी एकीकृत वातावरण संरक्षण, सम्बद्र्धन गुरु योजना तर्जुमा गर्ने
- सरकारी, सामुदायिक, कवुलियती तथा निजी वनजङ्गलको संरक्षण, सम्बद्र्धन र विकासका साथमा चरन क्षेत्रको रेखाङ्कन सहित सुनिस्चितता गर्ने साथै निजी क्षेत्रले समेत अनाधिकृत रुपमा रुखको कटानी गर्ने कार्यलाई नियमन गर्ने
- मुख्य बजार क्षेत्रमा आफ्नो घर कम्पाउण्डमा अनिवार्य प्रत्येक घरले २ वटा बिरुवा र गाउँका अन्य क्षेत्रमा एक घर १० बिरुवा  (घाँसे वा फलफूलका बिरुवा) रोप्नै पर्ने गरी अभियान सञ्चालनगर्ने सार्वजनिक स्थलमा रोपिएका बिरुवाको हेरचाह र संरक्षणकालागि टोल बिकास वा सामुदायिक संघ संस्था लाई जिम्मेवारी दिने
- सयौं वर्ष पुराना रुख कट्ने र उक्त रुख काटिएको ठाउ’मा १ रुख काटे वापत अनिवार्य ५ वटा रुख रोप्न अनिवार्य गर्ने व्यवस्था मिलाउने साथै वनक्षेत्र तथा खेत बारीमा डालेघाँसकालागि उपयोगि र करेसा बारी लगायतका घरनजिकका क्षेत्रमा फलफूलका बिरुवा रोप्ने कार्यलाई बिशेष प्रोत्साहन गर्ने
- कम्तिमा १०० रोपनी जग्गको व्यवस्था गरी फोहोरमैला बिसर्जन केन्द्र वनाउने साथै उक्त क्षेत्रलाई फोहोरमैला प्रशोधन केन्द्रको रुपमा विकास गरी रोजागारीको श्रृजना र आय आर्जन मुलक वनाउने
- डस्टविनको प्रयोग गरी प्रत्येक घरले कुइने र नकुइने फोहोरलाई छुट्याउनै पर्ने गरी फोहोरमैला व्यवस्थापन ऐन मार्फत बाध्यकारी व्यवस्था गर्ने साथै जग्गा जमिन उपलब्ध रहेका घरपरिवारले अनिवार्य रुपमा कुहिने फोहोरलाई कम्पोष्ट तथा गडेउले मल वनाउनै पर्ने बाध्यकारी व्यवस्था सहित कम्पोष्ट मलवनाउने घरपरिवारलाई अनुदान दिने
- फोहोरमैलाको व्यवस्थित बिशर्जनकालागि ढुवानीका साधनको व्यवस्था गर्ने, सवै घरपरिवारले गाउँपालिकाले तोकेको समय र स्थानमा मात्र फोहोरमैला फल्न अनिवार्य गर्ने साथै टोल टोलमा फोहोरमैला व्यवस्थापन सम्वन्धी जनचेतनामुलक तालिम दिने
- २० वर्ष भन्दा माथिका पुराना गाडिको प्रयोगमा गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा प्रतिवन्ध लगाउने
- धुलो, धु’वाको नियन्त्रण साथै बिभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिमा हुने ध्वनी प्रदुषण नियन्त्रणकालागि मुख्य बजार क्षेत्र, बिद्यालय, अस्पताल तथा स्वास्थ्य केन्द्र रहेका स्थान र क्षेत्रमा हर्न, माईक तथा डिजेबाजालाई निशेध गर्ने

- उद्योग, कलकारखान, सार्वजनिक स्थल लगायतका स्थानबाट निस्कने फोहोर पनिको नियन्त्रण गर्ने, फोहोर पानी प्रशोधन गरेर मात्र खोला तथा सार्वजनिक प्रयोगका स्थानमा निस्कासन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गर्ने साथै मुख्य बजार केन्द्रहरूमा ढलरपानी निकासको आवश्यक व्यवस्थापन मिलाउ'ने
- मुख्य बजार क्षेत्रमा यसतत्र छरिएर रहेका बिद्युत, टेलिफोन तथा केवलका तार, पानीका पाईपलाई बजारको सुन्दरता र सेवा प्रवाहमा अवरोध नआउने गरी व्यवस्थापन गर्ने गराउने
- प्लाष्टिक तथा प्लाष्टिक जन्य वस्तुलाई जलाउने प्रचलनलाई निषेध गर्ने तथा निषेधित कार्य गर्नेलाई दण्ड जरिवान गर्ने
- धुम्रपान तथा मध्यपानका निस्चित क्षेत्र तोकि सोहि स्थानमा मात्र यस प्रकारका वस्तुको प्रयोग गर्न पाउने व्यवस्था गर्ने
- विपद जोखिम  वडा टोलको नक्साङ्कन गर्ने, विपद व्यवस्थापन टोल टोलसमुह गठन गर्ने,
- गाउँपालिका क्षेत्र भित्र निर्माण हुने सडक, भवन लगायतका सवै प्रकृतिका भौतिक संरचना निर्माण गर्दा निर्माण स्थलको भौगोलिक वनोट र अवस्थाको अध्ययन गरेरमात्र निर्माण गर्ने तथा निर्माण ईजाजत दिने व्यवस्था गर्ने
- भुकम्प प्रतिरोधि घर निर्माणलाई अनिवार्य गर्ने, बाढी पहिरोको जोखिम रहेका स्थानमा अनिवार्य बृक्षारोपण गर्ने गराउने साथै आगलागि तथा महामारी जस्ता जोखिमबाट बच्न जनचेतना अभियान सञ्चालन गर्ने
- असुरक्षित स्थानमा तथा छरिएर रहेको मानव बसोबासलाई एकीकृत आवास क्षेत्र निर्माण विकास गरी सुरक्षित स्थानमा स्थानन्तरण गर्ने
- आगलागि बाट वनजङ्गलको संरक्षणकालागि अग्निरेखा निर्माण, सुख्खा क्षेत्रमा पानी संरक्षणकालागि पक्कि पानी पोखरी निर्माणको कार्यलाई अघि बढाउने
- सके सम्म प्रत्येक टोलमा स्थानीयबासीको सहभागितामा सुरक्षित पानी पोखरी निर्माण गर्ने

  प्रकोपको जोखिम देखिएका वा सम्भावना रहेका भौतिक संरचना निर्माणमा रोक लागउने

- गाउँपालिकाको आन्तरिक आम्दानीको १०५ रकम, सर्व साधारण गाउँपलिका बासी, नागरिक समाज, उद्योगी तथा व्यवशायीक र ब्यापारिक प्रतिष्ठन, बैंक तथा वित्तिय सस्था लगायत सवैलाई उनीहरूले सामाजिक उत्तरदायित्व अन्तरगत खर्च गरिनु पर्ने कुल रकमको १० देखि १५ ५ रकम, प्रदुषण गरेवापत तथा जथाभावि फोहोरमैला गरेवापत गरिने दण्ड जरिवाना बाट उठेको १०० ५ रकम, पर्यटक बाट प्राप्त शुल्कको १५५ रकम, वन व्यवस्थापन सँग सम्बन्धित संघ संस्था बाट वनपैदावरको उपयोग तथा बिक्रि बितरण गर्दा हुने आम्दानीको १०५ रकम, सवारी साधन बाट लिईन सडक पूर्वाधार सेवा शुल्क बाट उठेको रकमको १०५ रकम प्रकोप उद्धार तथा न्यूनिकरण कोषमा जम्मा गर्नै पर्ने बाध्यकारी व्यवस्था मिलाउने
- उद्धार र राहत कार्यबारे नियमित अभ्यास द्वारा गाउँपालिकाबासीलाई सुसूचित गर्ने

- प्रदुषण रहित यातायातका साधन तथा उद्योग व्यवसायलाई व्यवसाय करको निस्चित प्रतिसत छुट दिने
- बायुमण्डलमा रहेका तथा रहने कार्वन तथा क्लोरोफ्लोरो कार्वनको मात्रा साथै बायुमण्डलीय तापक्रमलाई कमि पार्न वातावरणीय विकासको माध्यम बाट सहयोग गर्ने
- वनजङ्गलको संरक्षण र सम्बद्र्धन बाट वन्यजन्तु, पशुपन्छी तथा जडिबुटीको संरक्षण, सम्बद्र्धन र प्रवद्र्धन गरी स्थानीय तथा राष्ट्रिय आय बृद्धिमा सहयोग पुर्‍याउने
- वातावरण विकास र वन्यजन्तु संरक्षण बाट इको टुरिजमको विकास र विस्तार सहित पर्यटन विकासमा सहयोग पुर्‍याउने

  हरित क्षेत्रको विकास र विस्तार तथा संरक्षण गरी ऐतिहासिक, धार्मिक, पुरातात्वीक तथा सास्कृतिक स्थाल र क्षेत्रको प्रवद्र्धन गर्ने
- फोहोरमैला व्यवस्थापन, बृक्षारोपण तथा बायु, जल तथा ध्वनी प्रदुषण नियन्त्रण र नियमनको माध्यम बाट सिदिङ्वा गाउँपालिकाको दिगो विकासलाई सुनिस्चित गर्ने साथै प्रदुषणका कारण उत्पन्न हुने रोगब्याधिको प्रकोपमा न्यनिकरण गर्ने
- २.३.४.५ **संस्थागत विकास तथा सुशासन क्षेत्र विकास रणनीति**
- आवश्यकताका आधारमा गाउँपालिका सञ्चालन तथा ब्यवस्थापनका लागि अनिवार्य रहेका स्थानीय कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ
- प्रचलित कानून बमोजिम वा सहयोगि र साझेदार संघ सस्था वा ब्यक्ति सँगको सहकार्य र साझेदारीमा गाउँ कार्यपालिकाको कार्यालय भवन तथा वडाकार्यालय भवन निर्माणकालागि आवश्यक जग्गा नपुग भए सोको प्राप्ति गरिनेछ
- कार्यापालिका तथा वडा कार्यालय भवन निर्माणकालागि आवश्यक श्रोत ब्यवस्थापन गर्न संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार सँग समन्वय र साझेदारी गरिने छ
- निर्धारित समय सिमा भित्र गाउँकार्यपालिका तथा वडा कार्यालयका कार्यालय भवन निर्माण, पुन निर्माण तथा स्तरोन्नतीको कार्य सम्पन्न गरिनेछ ।
- गाउँ कार्यपालिका (कार्य बिभाजन) नियमावली तथा गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली साथै आवधिक गाउँपालिका बिकास योजना समेतका आधारमा साङ्गठनिक संरचना र जनशक्ति व्यबस्थापन गर्दै निति अबलम्बन गरिनेछ
- सुशासन कार्यान्वयन तर्फ सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण र उपभोक्ता समितिबाट सार्बजनिक परिक्षणलाई व्यबस्थित र प्रविधिमैत्री गर्दै लगिनेछ
- सुशासन ईकाइ र सार्बजनिक खरिद ईकाइलाई सक्रिय पारिने छ
- स्थानीय सञ्चार माध्यमहरूलाई गाउँपालिकाको सेवा प्रवाह र बिकास निर्माण सूचना प्रवाहको सझेदारको रुपमा बिकास गर्ने

- आयोजना स्थलमा होर्डिङ्ग बोर्ड राख्ने, खर्च सार्बजनिक गर्ने, कार्यालयमा उजुरि पेटिका राख्ने, सहयोगी कक्ष स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी थप कृयाशिल गर्ने, गाउँकार्यपालिकाको प्रबक्ता तोक्ने, डिजिटल नागरिक वडापत्र, सिसि टि.भि. क्यामरा सञ्चालन गर्ने कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाईने छ
- गाउँपालिकालाई आन्तरिक तथा बाह्य रुपमा चिनाउन समान हैसियत भएका राष्ट्रिय ⁄अन्तराष्ट्रिय गाउँपालिकाहरू सँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ
- गाउँपालिकाबासी सँग सरोकार राख्ने यावत सूचनाहरूको संकलन, प्रशोधन, भण्डारण र प्रवाह गर्न सक्ने स्वचालीत आधुनिक सूचना प्रबिधि मैत्री गाउँपालिका सूचना केन्द्र तत्काल सञ्चालन गरी वडा कार्यालय समेतमा बिस्तार गरिनेछ ।
- क्षमता विकास योजना निर्माण गरी प्रतेक बर्ष कर्मचारीहरूकालागि क्षमता अभिबृद्धि सँग सम्बन्धित तालिमहरू सञ्चालन गरिनेछ
- समायोजन भई आउने प्राबिधिक तथा प्रशासनिक श्रेत्रका कर्मचारीहरूको दिगो ब्यबस्थापन गरिनेछ
- सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षण मार्फत प्रस्ताव भइ आएका दरबन्दीलाई स्वीकृत गरी उक्त स्विकृत दरबन्दिका आधारमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीलाई व्यबस्थापन गर्दै थप गर्नु पर्ने कर्मचारी तथा जनशक्तिको हकमा नेपाल सरकारको नीति निर्देशन र प्रचलित ऐन नियम बमोजिम प्रकृया पुर्याइ पदपुर्ति गरिने

### २.३.४.६ **आन्तरिक आय क्षेत्र विकास रणनीति**

- राजश्वसुधार योजनाका आधारमा आवधिक रुपमा राजश्व सम्भाब्यता अध्ययन गरी कर तथा गैर कर राजश्वका क्षेत्रहरूको पहिचान सहित नक्साङ्कन गर्ने
- राजश्व तथा सेवा शुल्क दरलाई व्यवहारिक र पारदर्सी बनाउन निजी क्षेत्र तथा नागरिक समाजसँग समन्वय र साझेदारी गर्ने
- गाउँपालिकाबासिको आयआर्जन क्षमता सँग मिलान हुने गरी बैज्ञानिक र प्रगतिशिल कर तथा राजश्व प्रणालीको विकास गर्ने
- राजश्व प्रासिका क्षेत्रका आधारमा सम्बन्धित क्षेत्रगत लगानी र उपयोगको विश्वासिलो बातावरण श्रृजना गरी गाउँपालिकाबासिको विश्वास आर्जन गर्ने
- राजश्वको दायरा भित्र सहज रुपमा आउने करदातालाई विशेष सहुलियत प्रदान गर्ने
- मदिरा तथा सूर्तिजन्य पदार्थहरूको बेग्ला बेग्लै पसल राखी बिक्रिबितरण गर्ने ब्यवस्था मिलाईनेछ । साथै छुट्टा छुट्टै प्रकृतिका व्यवसायकालागि छुट्टा छुट्टै व्यवसायदर्ता गरी सञ्चालनगर्ने गराउने ब्यवस्था मिलाईनेछ
- आर्थिक बर्षको क्रमस सुरु ३ महिनाभित्र, ६ महिनाभित्र र ९ महिना भित्र कर राजश्व बुझाउनेको हकमा विशेष छुट, छुट र सामान्य छुटको ब्यवस्थागर्ने

- तोकिएको समय सिमा भित्र बेरुजु फछ्र्यौट गर्ने व्यक्तिलाई छुट तथा पुरस्कारको व्यवस्था मिलाउने
- व्यवशायिक लेखा प्रणालीको माध्यम बाट गाउँपालिकाको वित्तीय व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी र व्यवहरिक बनाउने
- गाउँपालिकाका सबै वडा केन्द्रमा बैंकिङ सेवा विस्तार गर्ने
- बैंक तथा वित्तीय सस्थाहरूलाई परिचालन गरी बैंकिङ साक्षरता अभिबृद्धि गर्ने साथै गाउँपालिकाको समेत साथ र सहयोगमा सवै गाउँबासिको अनिवार्य बैंक खाता हुने ब्यवस्था मिलाउने

## २.४ **मध्यम कालीन आर्थिक खाका**

सिदिङ्वा गाउँपालिकाको सोच " कृषि पर्यटन र पूर्वाधारमा उन्नती, सामाजिक विकासमा आधारित चुलचुलीको समुन्नती " तथा गाउँविकाको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ मध्यकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष

| क.सं. सम्मको उपलब्धि | २०८१/८२ सम्म को अनुमानित उपलब्धि | सूचक/लक्ष्य मध्यमकालीन लक्ष्य | एकाई | २०८२/८३ | क.सं. | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१सम्मको उपलब्धि | २०८३/८४ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य |
| १ | कुल वार्षिक उत्पादन | रु. लाखमा | | | १०१० | १५०० | |
| १.१ | कृषि क्षेत्र | रु. लाखमा | | | ९५०० | १३५० | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्र | रु. लाखमा | | | १५ | १५ | |
| २ | वार्षिक औषत पारिवारिक आय | ने.रु. | | | ३००००० | ३२५००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | कृषि उपज बेचबिखन गर्ने परिवार | संख्या | | | ९० | ९९ | |
| ४ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | ९१ | १०० | |
| ५ | प्रतिव्यक्ति वार्षिक औसत आय | अमेरिकी डलरमा | | | १०५० | १५०० | |
| ६ | प्रतिव्यक्ति वार्षिक औसत आय | ने.रु. | | | १५०००० | १७५००० | |
| ७ | आर्थिक बृद्धि | प्रतिशत | | | | | |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको राष्ट्रिय आवधिक योजना, कोशी प्रदेशको प्रथम प्रथम आवधिक योजना तथा सिदिङ्वा गाउँपालिकाको वर्तमान आवाधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | | | | | |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | | | | | |
| ३ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | | | | | |
| ४ | सेवा क्षेत्रको योगदान | प्रतिशत | | | | | |
| ५ | प्रति व्यक्ति वार्षिक आय | अमेरिकी डलर | | | | | |
| ६ | साक्षरता (१५ बर्ष माथि) | प्रतिशत | | | | | |
| ७ | माध्यमिक तहमा खुद भर्ना दर | प्रतिशत | | | | | |
| ८ | मानव विकास सुचकांक | अंकमा | | | | | |
| ९ | सामाजिक सुरक्षाामा आवद्ध जनसंख्या | प्रतिशत | | | | | |
| १० | मापदण्ड अनुसार वनेका आवास | प्रतिशत | | | | | |
| ११ | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | | | | |
| १२ | वाहै महिना सञ्चालन हुने सडक | प्रतिशत | | | | | |
| १३ | रुख विरुवाले ढाकेको क्षेत्र | प्रति हे. | | | | | |
| १४ | उत्पादनमूलक कार्यमा वैदेशिक रोजगारीबाट प्राप्त आयको उपयोग | प्रतिशत | | | | | |
| १५ | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | | | | | |
| १६ | औषत आयु | बर्ष | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | स्थानीय नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | | | | | |
| १८ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडा | संख्या | | | | | |
| १९ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | | | | | |
| २० | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | प्रतिशत | | | | | |

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई यो त्रिवर्षीय बजेट खाका तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ ।

पालिका गौरवका आयाजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमहरुको लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई विश्लेषण गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको अवस्था, संघीय सरकारबाट प्राप्त हुने स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव लगायतका पक्षहरुलाई पनि ख्याल गरिएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची मा दिइएको छ ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८०/८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ । त्यसैगरी दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवाधिक योजनामा उल्लेख गरेको लक्ष्य, छनोट गरिएका कृयाकलाप साथै हासिल गर्ने नतिजालाइ प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ । आगामी आ.व.हरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरुको स्रोत संकलन, चालु आ.व.को अनुमान नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ ।

गाउँपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. २ अर्ब ८८ करोड १ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ३१ करोड ९ लाख १८ हजार १५२, राजस्व बाँडफाटबाट रु. ३५ करोड ६३ लाख ४५ हजार ७ सय ७४, नेपाल सरकार वित्तिय हस्तान्तरण मध्ये संघीय सरकारबाट १ अरव २२ करोड ७ लाख ७५ हजार ८७४ र प्रदेश सरकारको वित्तिय हस्तान्तरण १२ करोड ७ लाख ६१ हजार २ सय व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ ।

| बजेटका स्रोतहरु | आय अनुमान र प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७९/८० को संशोधित अनुमान | ८०/८१ को अनुमान | ०८१/८२ प्रक्षेपण | ०८२/८३ प्रक्षेपण | ०८३/८४ को संशोधित अनुमान | ३ वर्षको जम्मा |
| राजस्व तथा अनुदान | | | | | | |
| राजस्व बाँडफाँडबाट प्राप्त आय | | | | | | |
| नेपाल सरकार (भ्याट रअन्तशुल्क) | | | | | | |
| प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्टे«शन, मनोरञ्जन कर आदि) | | | | | | |
| रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व | | | | | | |
| वन रोयल्टी | | | | | | |
| खानी तथा खनिज रोयल्टी | | | | | | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पर्वतारोहण रोयल्टी | | | | | | - |
| विद्युत रोयल्टी | | | | | | - |
| पानी तथा अन्य प्राकृतिक स्रोत | | | | | | - |
| नेपाल सरकार वित्तीय हस्तान्तरण | | | | | | |
| संघिय सरकार | | | | | | |
| वित्तीय समानीकरण अनुदान | | | | | | |
| सशर्त अनुदान (चालु) | | | | | | |
| सशर्त अनुदान (पूँजिगत) | | | | | | |
| समपुरक अनुदान (चालु) | | | | | | |
| विशेष अनुदान | | | | | | |
| समपुरक अनुदान पुँजीगत | | | | | | |
| प्रदेश सरकार वित्तीय हस्तान्तरण | | | | | | |
| वित्तीय समानीकरण अनुदान | | | | | | |
| सशर्त अनुदान चालु | | | | | | |
| समपुरक अनुदान पुँजीगत | | | | | | |
| समपुरक अनुदान चालु | | | | | | |
| विशेष अनुदान | | | | | | |
| अन्य अनुदान | | | | | | |
| जनसहभागिता | | | | | | |
| ऋृण | | | | | | - |
| नगद तथा बैंक मौज्दात | | | | | | - |
| कुल खर्च | | | | | | |
| चालु खर्च | | | | | | |
| पुँजीगत खर्च | | | | | | |
| अन्य वित्तिय व्यवस्था | | | | | | |
| बचत (+ वा (-) | | | | | | |

तालिका ३ त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

क. प्राथमिकताक्रमको आधारमा बाडफाँड

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

(रु.हजारमा)

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | ०८१/८२ को खर्च अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (पि १) | | | | | | | |
| प्राथमिकता दोश्रो (पि १) | | | | | | | |
| जम्मा | | | | | | | |

ख. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका न ५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५ छ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | ०८१/८२ को खर्च अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | | | | | | |
| २ | शून्य भोकमरी | | | | | | | |
| ३ | स्वस्थ जीवन | | | | | | | |
| ४ | गुणस्तरीय शिक्षा | | | | | | | |
| ५ | लैङ्गिक समानता | | | | | | | |
| ६ | स्वच्छ पानी र सरसफाइ | | | | | | | |
| ७ | आधुनिक ऊर्जामा पहुँच | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | | | | | | | |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | | | | | | | |
| १० | असमानता न्यूनीकरण | | | | | | | |
| १११ | दिगो शहर र बस्ती | | | | | | | |
| २१ | दिगो उपभोग र उत्पादन | | | | | | | |
| १३ | जलवायु परिवर्तन अनुकुलन | | | | | | | |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | | | | | | |
| १५ | भूसतह स्रोतको उपयोग | | | | | | | |
| १६ | शान्ति, न्याय र सबल संस्था | | | | | | | |
| १७ | दिगो विकासको लागि साझेदारी | | | | | | | |
| | कुल जम्मा | | | | | | | |

ग. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

लैङ्किंक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ६ मा प्रस्तुत छ ।

तालिका ६ लैङ्किंकसंकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| लैङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | ०८१/८२ को खर्च अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | | | | | | | |
| सहयोगी | | | | | | | |
| तटस्थ | | | | | | | |
| जम्मा | | | | | | | |

घ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं.७ मा प्रस्तुत छ ।

तालिका ७ जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| जलवायु संकेत | आयोजना/कार्यक्रम संख्या | ०८१/८२ को खर्च अनुमान | | ०८२/८३ को खर्च प्रक्षेपण | | ०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | | | | | | | |
| सान्दर्भिक | | | | | | | |
| तटस्थ | | | | | | | |
| जम्मा | | | | | | | |

ङ. स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

सिदिङ्वा गाउँपालिकाले वातावरणमैत्री विकास, सामाजिक आर्थिक योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ । गाउँपालिकाको गौरवका आयोजनाको आगामी आर्थिक वर्षको खर्च अनुमान र त्यसपछिका दुई वर्षको खर्च प्रक्षेपणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ गाँउपालिकाका गौरवका आयोजना

| क्र.सं. | आयोजना तथा कार्यक्रम | त्रिवर्षीय खर्च अनुमान (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| ज्ञ | ५ शैयाको आधारभुत अस्पताल लाई आवश्यक कर्मचारीको व्यवास्थापन गरी संचालनको प्रकृया अगाडी बढाउने | १०००० | २०००० | ३०००० |
| द्द | औधोगिक ग्राम निर्माण | २०००० | ३०००० | ४०००० |
| घ | सिदिङ्वा मार्ग | ३०००० | ३०००० | ४०००० |
| द्ध | ढङ्ढङ्गे मुहान साब्लाखु खानेपानी तथा सिंचाई आयोजना | १५००० | १५००० | १५००० |
| छ | खानेपानी वृहत आयोजना | १०००० | १०००० | १०००० |
| ट | उच्च शिक्षा सञ्चालन गर्न क्याम्पसको स्थापना र प्रभवकारी व्यवस्थापन सञ्चालन | ५००० | ५००० | ५००० |
| ठ | सुवाखोला मोटरेवल पुल निर्माण | १०००० | १०००० | १०००० |
| ड | सिदिङ्वा रंगशाला निर्माण वडा नं. ४ | ५००० | ५००० | ५००० |
| ढ | एकिकृत वस्ति विकास योजना | ५००० | ५००० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| ण | बृहत सिंचाई आयोजना | ५००० | ५००० | ५००० |
| त | शितभण्डार निर्माण आयोजना | १०००० | १०००० | १०००० |
| थ | चमेरे गुफा पर्यटकिय क्षेत्र भौतिक पूर्वाधार संरचना तथा अन्य निर्माण | १०००० | १०००० | १०००० |
| द | अलैची प्याकेजिङ तथा ब्राण्डिङ परियोजना | १०००० | १०००० | १०००० |
| ध | साधु गुफा ढङ्गढङ्गे हुदैं सिदिङ्वा धामदेखि तिम्बुङ पोखरी पदमार्ग | | | |
| न | खानेपानी उद्योग स्थापना तथा सन्चालन | | | |
| प | माखोला खानेपानी आयोजना | | | |
| फ | मङ्टिार श्यामटार तिम्बुङपोखरी सडक निर्माण | | | |
| ब | एक गाउँ एक उत्पादन कार्यक्रम कृषि | | | |
| भ | मादिबुङ लिफ्टिङ सन्चालन | | | |
| म | गाउँपालिका प्रशासकीय भवन निर्माण | | | |
| य | विद्यालय भवन निर्माण | | | |
| र | वडा कार्यालय प्रशासकीय भवन निर्माण | | | |
| ल | तिम्बुङ पोखरी क्षेत्रमा जैविक विविधता संरक्षण तथा पर्यटकीय क्षेत्र प्रवर्द्धन आयोजना | | | |
| | जम्मा | | | |

तथा प्रक्षेपण

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

तालिका ९  आगामी तीन आ.व.को विषय उप–क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. लाखमा)

| क्र. | विषय क्षेत्र | ०८१/८२ को व्यय अनुमान | | | ०८२/८३ को खर्च प्रक्षेपण | | | ०८३/८४ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा | ५० | २५ | २५ | ५५ | २५ | ३० | ६० | २५ | ३५ |
| २ | सिंचाई | १५० | | १५० | २०० | | २०० | २५० | | २५० |
| ३ | पशु सेवा | ५० | २५ | २५ | ५५ | २५ | ३० | ६० | २५ | ३५ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | १५ | १५ | | २० | २० | | २५ | २५ | |
| ५ | पर्यटन तथा संस्कृति | १०० | ५० | ५० | १५० | ५० | १०० | २०० | ५० | १५० |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | १० | १० | | १० | १० | | १५ | १५ | |
| ७ | श्रम तथा रोजगारी | १०० | | १०० | १५० | | १५० | २०० | | २०० |
| ८ | गरिबी निवारण | १०० | | १०० | १५० | | १५० | २०० | | २०० |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि | १५० | १०० | ५० | २०० | १२५ | ७५ | २५० | १२५ | १२५ |
| १० | स्वास्थ्य तथा पोषण | ५० | ५० | | ५५ | ५५ | | ६० | ६० | |
| ११ | खानेपानी तथा सरसफाइ | १५० | | १५० | २०० | | २०० | २५० | | २५० |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | १५ | १५ | | २० | २० | | २० | २० | १५ |
| १३ | युवा, खेलकुद | ३० | १५ | १५ | ५० | १५ | ३५ | १५० | २० | १३० |
| १४ | बस्ती विकास, आवास र भवन | ५० | | ५० | ५५ | | ५५ | ६० | | ६० |
| १५ | सडक तथा यातायात | ३५० | | ३५० | ४०० | | ४०० | ४५० | | ४५० |
| १६ | विद्युत् तथा स्वच्छ ऊर्जा | ५० | | ५० | ५५ | | ५५ | ६० | | ६० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सूचना, सञ्चार तथा प्रविधि | १५ | १५ | | २० | २० | | २० | २० | |
| १८ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | १५ | १५ | | २० | २० | | २० | २० | |
| १९ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १५ | १५ | | २० | २० | | २० | २० | १५ |
| २० | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | १०० | १५ | ८५ | १०० | १५ | ८५ | १०० | १५ | ८५ |
| २१ | नीति, कानून, न्याय र सुशासन | १५ | १५ | | २० | २० | | २० | २० | १५ |
| २२ | संगठन, मानव संशाधन र क्षमता विकास | १५ | १५ | | २० | २० | | २० | २० | १५ |
| २३ | राजस्व तथा श्रोत परिचालन | १५ | १५ | | २० | २० | | २० | २० | १५ |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | १५ | १५ | | २० | २० | | २० | २० | |
| | कुल जम्मा | | | | | | | | | |

१ आर्थिक वर्ष २०७९/८० को विनियोजन र पछिल्लो तीन वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

परिच्छेद ३ : **आर्थिक क्षेत्र**

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ **पृष्ठभूमि**

सिदिङ्वा गाउँपालिकाका समुदायको प्रमुख पेशा कृषि तथा पशुपालन व्यवसाय हो । सबै वडामा व्यापक खेतीयोग्य जमिन रहेको र वडाको प्रमुख उत्पादनमा धान, मकै, गहूँ जस्ता अन्न बाली, फलफूल र तोरी रहेको छ भने नगदे वालीमा तरकारी, फलफूल, केरा खेती, सिमलतरुल, पशुपालन र कुखुरापालन मुख्य रुपमा हुने गरेको छ । कृषि यस क्षेत्रका जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ । सिदिङ्वा गाउँपालिकाको हकमा यस पालिकाको कुल भूभाग २०६ बर्ग किलोमिटर क्षेत्रफल मध्ये ३० प्रतिसत भन्नाले ६१.८बर्ग कि.मि. क्षेत्रफल कृषि कार्यमा प्रयोग भईरहेको छ भने ९६ प्रतिसत मानिस कृषि तथा पशुपन्छी पलाकको कार्यमा सम्लग्न रहेको अवस्था छ । अधिकाङ्स उर्वर भूमि रहेको यस पालिका भित्र आन्नबालीको हकमा धान, मकै, गहुँ तथा कोदो, दलहनको हकमा मुसुरो दाल, कालोदाल, पहेंलो दाल, चना तथा मटर, तेलहनको हकमा तोरी, फिलुङ्गे, आदी, तरकारीको हकमा आलु, प्याज, काउली, रायो, गाजर, टमाटर, बोडी, पालुङ्गो, करेला, सिमि, लसुन, अकवरे खोर्सानी, आदी, नगदेबालीको हकमा अलैची अदुवा, चिया,अमरिसो, आदी साथै फलफुलको हकमा आँप, , अम्बक, केरा, आरु आदिको उत्पादनको प्रधानता रहदै आएको छ । पशुपालनको हकमा गाई, भैंसी, खसी बाख्रा, सुंगुर बंगुर, कुखुरा चौरीको पालनले प्रधानता पाएको छ । यस पालिका भित्र कृषि कार्यमा सम्लग्न फर्म ८०, पशुपन्छी पालन सम्लग्न फर्म ३२ वटा र कृषि तथा पशुपालन व्यावसाय दुवैमा सम्लग्न व्यवसायी ७७ गरी व्यवसायीक रुपले कृषि तथा पशुपन्छी र माछा पालन व्यवसायमा सम्लग्न व्यवसायीक फर्मको सङ्ख्या १८९ रहेका छन् । यस पालिका बाट बार्षिक करिव २५ करोड बराबरको अलैची, तरकारी, फलफुल तथा मसला जन्य बस्तु, करिव १ करोड १५ लाख बराबरको दुध तथा दुग्ध जन्य पदार्थ र २५ लाख बारबारको मासु तथा मासुजन्य पदार्थ निकासी भएर जाने गरेको अवस्था छ । कृषि सहकारितामा आधारित कृषि विशिष्टिकरण तथा व्यावसायीकरण कार्यक्रम, स्थानीय पहिचानमा आधारित प्राङ्गरिक कृषि कार्यक्रम, कृषि उत्पादन प्रवद्र्धन, प्रबिधि हस्तान्तरण तथा व्यावसायिकरण कार्यक्रम मुख्य रहेका छन् । गाउँपालिकाले कृषिको उत्पादन उत्पादकत्व वढाउन बृहत सिंचाई योजना कार्यान्वयन गर्ने, कृषि उत्पादनको लागत न्यूनीकरणका लागि कृषि अनुदान तथा कृषि विमा कार्यक्रमलाई कार्यान्वयन गर्ने लक्ष्य लिएकोछ ।

### ३.१.२ समस्या तथा चुनौती

सिदिङ्वा गाउँपालिका भित्र कृषि तथा पशुपन्छी पालनलाई व्यवसायिक रुप प्रदन गरी यस पालिकाको समृद्धि निर्माणको कार्यमा थप गति प्रदान गर्न केहि समस्या तथा चुनौतीहरू रहेका छन् । कृषि तथा पशुपालन लाई व्यवसायिक बनाउन र कृषि तथा पशुपन्छी जन्य उत्पादनको उत्पादकत्व बृद्धि गर्न अपरिहार्य रहेका श्रोत र साधनहरूको न्यून उपलब्धता, सिंचाई, सडक, कृषि बजार, शीत भण्डार, गोदाम तथा भण्डारण केन्द्र, कृषि उपज तथा पशुपन्छी जन्य उत्पादन सङ्कलन केन्द्र तथा विद्युत अभाव मूख्य समस्याका रुपमा रहेका छन् । कृषि तथा पशुपन्छी जन्य उत्पादनमा उत्पादकत्व बृद्धि गरी आसातित

सफलता प्राप्त गर्न नश्ल सुधार र उन्नत जातको विउविजनको अपर्याप्तता रहेको छ भने विशेष गरी समतल भू(भागमा रहेका स्थानमा जमिनको खण्डिकरण तिब्र गतिमा भईरहेको छ । उपयुक्त प्रविधिको विकास र विस्तार हुन नसक्नु, प्राविधिक जनशक्तिको न्यूनता, परिक्षित प्रयोगशालाको अभाव, वातावरण मैत्री कृषि प्रणालीको कमी लगायतका कारण कृषि तथा पशुपन्छी जन्य उत्पादनको यस क्षेत्रको आधुनिकिकरण, व्यवसायिकिकरण, यन्त्रीकरण, औद्योगिकिकरण जस्ता महत्वपूर्ण पक्षले गतिलिन सकेको छैन भने उत्पादित बस्तुहरूको यथोचित संरक्षण, भण्डारण तथा प्रशोधन हुन नसकेका कारण मूल्य श्रृङ्खलालाई गतिसिल बनाएर मूल्य अभिबृद्धि गरी प्रतिफल यथोचित रुपमा बढाउन सकिएको छैन । यसका अतिरिक्त अनियन्त्रीत र असन्तुलित रुपमा जीवनासक विषादी, एन्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगले मानव स्वास्थ्यमा असर पुगिरहेको छ भने वातावरणमा समेत यसको असर देखिने गरेको छ । खाद्य स्वच्छता, खाद्य पदार्थमा पाईने पौष्टिक तत्वको संरक्षण र विकास साथै तीनको समयोचित उपयोगको चेतना र ज्ञानको कमिले स्वस्थकर खानापान तथा सोको लागि व्यवहार परिवर्तन गर्न कठिन भईरहेको छ भने खाद्य बस्तुको गुणस्तर नियमनको पक्ष समेत बलियो बन्न सकिरहेको छैन ।

यस पालिका भित्र कृषि तथा पशुपालन कार्यमा लागेका अधिकाङ्स कृषकहरू साना तथा मझौला स्तरका रहेका, दर्ता वा सूचिकृत भएका ब्यक्ति तथा समूह र फर्मले नाम मात्रको व्यवसाय गरिरहेका, तीनको दक्षता अभिबृद्धि गरी व्यवसायिक रुप प्रदान गर्न, जलबायु परिवर्तनका नकारात्मक असर न्यूनिकरण गर्दै प्राकृतिक प्रकोप सँग जुध्ने क्षमता विकास गर्न निकै चुनौतीपूर्ण रहेको छ । यस पालिका क्षेत्र बाट बैदेशिक रोजगारीमा गएकालाई फर्काएर रोजगारी प्रदान गर्न र विद्यामान अवस्थामा रहेको युवाहरूलाई बिदेशी प्रलोभन बाट टाढा राखि पालिका भित्रै टिकाईराख्न, भूमिको खण्डिकरण रोकि कृषि क्षेत्रको संरक्षण गर्न, कृषि प्रसार सेवामा कृषकको पहुँच बृद्धि गर्न, सिमिति श्रोत र साधन, कृषि बिमा, सहुलियत पूर्ण कृषि ऋण तथा अनुदानको सार्थक सदुपयोग, प्रविधि र ज्ञानको समयोचित प्रयोग र विस्तार साथै कृषिक कृषक तथा कृषक समूह विचको प्रतिस्पर्धान्मक क्षमता अभिबृद्धि गर्ने जस्ता कार्यमा चुनौतीहरू रहेका छन् । कृषि तथा पशुपन्छी जन्य उत्पादनमा हानिकारक विषादिको प्रयोगलाई पूर्णरुपले अन्त्य गर्न, स्थानीय उत्पादनलाई बजार सञ्जालको उपयुक्त व्यवस्थापन गरी बजारको सुनिस्चितता गर्न, आवश्यक मात्रामा सिंचाईको व्यवस्था गर्न, पर्याप्त यन्त्र उपकरणको व्यवस्था गर्न, उत्पादित बस्तुको लागत प्रतिस्पर्धी र प्रभावकारी बनाउन, कृषि क्षेत्रको उत्पादन बृद्धि गरी आत्मनिर्भर हुन, न्यूनतम स्रोत र साधनको व्यवस्थापन गर्न साथै अन्तर सरकार समन्वयलाई थप प्रभावकारी व्यवस्थापन गर्न समेत चुनौती रहिरहेका छन् ।

### ३.१.३ लक्ष्य

गाउँपालिका क्षेत्र भित्रको कृषि योग्य जमिनको संरक्षण, प्रयोग र व्यवस्थापन तथा कृषि कार्यमा नआउने तथा नरहेको तर पशुपन्छी पालनकालागि उपयुक्त रहेका जग्गा जमिनको सदुपयोग गरी कृषि तथा

पशुपालन क्षेत्रलाई जलवायु अनुकुलन, प्रतिस्पर्धी, आत्म निर्भर र निर्यातमूखि व्यवसायको रुपमा रुपान्तरण गर्दै समावेशी र दिगो आर्थिक बृद्धिकोको आधार स्तम्भको रुपमा स्थापित गरी गाउँपालिकाबासिको जीवनस्तर माथि उठाउँने

३.१.४ उद्देश्य

१.गुजारामुखी कृषि तथा पशुपालनलाई व्यवसायिकिकरण गर्ने साथै कृषि तथा पशुपन्छी जन्य उत्पादन बृद्धि गरी गाउँपालिकालाई आत्म निर्भर बनाउने साथै निकासीयोग्य क्षमताको बढोत्तरी गर्ने

२. स्थानीय कृषि उपज र पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योग व्यवसायको स्थापन, विकास र व्यवस्थापन गरी रोजगारी श्रृजनाकासाथ स्थानीयबासीका आयश्रोत बृद्धि गर्ने

३. कृषि तथा पशुपन्छी पालन क्षेत्रलाई व्यवसायीकरणका माध्यम बाट कृषक तथा कृषक समूहहरूको प्रतिस्पर्धात्मक क्षमता विकास गर्दै कृषि तथा पशुपन्छी जन्य उत्पादनको उत्पादकत्व बृद्धिका साथमा कृषि क्षेत्रको व्यापार सन्तुलनमा प्रदेश तथा संघीय सरकारको लक्ष्य पुरा गर्न सहयोग गर्ने

३.१.५ रणनीति

१. कृषि बाली तथा पशुपन्छी जन्य उत्पादन र विकास सम्बन्धी स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

२. कृषि तथा पशुपन्छी बालीकालागि आवश्यक पूर्वाधार निर्माण, बजार सूचना प्रणालीको स्थापना, साना तथा मझौला कृषि तथा पशुपन्छी उद्यमसिलताको विकास, खद्य स्वच्छता तथा गुणस्तर अभिबृद्धिका साथ कृषक तथा कृषक समूहको प्रतिस्पर्धी क्षमताको बृद्धि गर्ने ।

३. कृषि तथा पशुपालन व्यवसायमा निजी क्षेत्रको सहभागिता र सहकार्यको सुनिस्चिता गर्ने साथै सार्वजनिक निजी साझेदारी, सामुदायीक निजी साझेदारी, सार्वजनिक सामुदायीक निजी साझेदारी जस्ता विधि, प्रकृया र पद्धतीलाई आर्थिक बिकास र व्यवस्थपनको मुल आधार बनाउने ।

४. यस पालिकाका सम्भाब्य वडामा कृषि तथा पशुपन्छी पालन विशेष पकेट क्षेत्र तथा पकेट क्षेत्र निर्धारण गरी उत्पादकत्व बृद्धि गर्ने साथै यस व्यवसायमा सम्लग्न कृषक तथा पशुपन्छी पालक व्यक्ति वा समुहको व्यवसायिक तथा संस्थागत क्षमता अभिबृद्धि गरी उत्पादन र बजारीकरणलाई नाफामुलक बनाउने ।

५. नश्ल सुधार, उन्नत जातको बिउ विजन तथा यन्त्र उपकरणको प्रयोग बाट कृषि तथा पशुपन्छी पालन व्यवसायलाई आधुनिकिकरण र प्रविधिमैत्री बनाउने ।

६. कृषि उपजकालागि प्राङ्गरिक (अर्गानिक) रोगनिरोधक विषादी र पशुपन्छीकालागि रोग निरोधन औषधीलाई सर्वसुलभ बनाउँदै उत्पादन र उत्पादकत्व बढाउने ।

७. कृषि श्रोत केन्द्र, कृषि उपज सङ्कलन केन्द्रको स्थापना र विकास गर्ने, व्यवसायमुलक तालिम तथा सुरक्षित र सुनिस्चित बजार सञ्जाल निर्माण साथै प्रोत्साहन समेत गरी केषि तथा पशुपन्छी पालन व्यवसाय प्रति आकर्शण बृद्धि गर्ने ।

८. पशुपन्छी आहारको दिगो आधार निर्माण गर्ने ।

९.प्रशोधन केन्द्रको स्थापना, पशुबधस्थल निर्माण लगायतका कार्यलाई विशेष प्राथमिकता दिने ।

१०. कृषि तथा पशुपन्छी पालनलाई व्यवसायीकिरण गर्ने कृषक तथा कृषक समुहलाई विषेश सहुलियत प्रदान गर्ने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. १० मा प्रस्तुत गरिएको छ :

तालिका १० : कृषि तथा खाद्य सुरक्षा उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व. २०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | ७० | ७५ | ८० | ८५ | ९० |
| अगुवा वा व्यावसायिक कृषक | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| नगदे तथा फलफुल व्यावसायिक उत्पादन वृद्धिदर | प्रतिशत | ५ | ५ | ६ | ६ | ७ |
| खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन वृद्धि दर | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ |
| तरकारी उत्पादन | मे.ट. | २५ | २५ | ३० | ३५ | ५० |
| व्यावसायिक कृषि नर्सरी | संख्या | २ | ४ | ५ | १० | १५ |
| कृषि सहकारी संस्था | संख्या | १० | १५ | २० | २० | २५ |
| कृषक समुह | संख्या | ११ | २० | २५ | ३० | ३५ |
| कृषि उपज संकलन तथा बजार प्रवर्धन केन्द्र | संख्या | २ | ३ | ४ | ५ | ६ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ११ मा प्रस्तुत गरिएको छ ।

तालिका ११ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | | बजेटको स्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | बित्तीय यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | | | | | | | | |
| २०८२/८३ | | | | | | | | |
| २०८३/८४ | | | | | | | | |

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं.१२ मा प्रस्तुत गरिएको छ :

तालिका १२ज्ञद्धः  कृषि तथा खाद्य सुरक्षा उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | क्र.सं. | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| १ | तरकारी तथा कृषि | | २०८१/८२ देखि २२०८३/८४ सम्म | | २ वटा कृषि उपज संकलन केन्द्र र कृषि उपज स्थापना भई व्यावसायिक कृषि विस्तार हुनेछ। |
| २ | उपज संकलन केन्द्र निर्माण आयोजना वडा नं.२) | कृषि उपजको बजारको विकास र विस्तार गर्नु | सालबसाली | | उत्पादकत्व ३०% ले वृद्धि हुनेछ तथा व्यावसायिक कृषकहरु २०% ले बढ्नेछन् |
| ३ | कृषि तथा खाद्य सुरक्षा कार्यक्रम | कृषि क्षेत्रको | सालबसाली | | व्यायिक खेती प्रवर्द्धन हुनेछ। |

### ३.१.९ जोखिम तथा अनुमान

सिदिङ्वा गाउँपालिकाले कृषि सम्वन्धी आवश्यक मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ ।  कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । साथै कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ ।

## ३.२ सिचांई

### ३.२.१ **पृष्ठभूमि**

कृषि कार्यलाई व्यवसायिक रुप प्रदान गर्न बाह्रै महिना सिंचाईको दिगो पूर्वाधार निर्माण विकास हुन अनिवार्य छ । नेपालको कुल २६ लाख ४१ हजार हेक्टर कृषि योग्य जमिन मध्ये करिव २२ लाख ६५ हजार हेक्टर जमिन मात्र सिंचाईयोग्य रहेको छ । आ.व. २०७५र७६ को अन्त्य सम्ममा १४ लाख ७३ हजार हेक्टरमा सिंचाई सुविधाकालागि पूर्वाधार निर्माण भएको छ । यस पालिकाको डायनामिक प्रोफाइल अनुसार वर्तमान अवस्थमा कुल कृषि योग्य जमिन मध्ये करिव ७० प्रतिशत जग्गामा सिंचाई सुविधा पुगेको छ भने आवधिक योजना सर्वेक्षणका आधारमा वडा नं. १ मा १ वटा, वडा नं. २ वटा, वडा नं. ३ मा ७ वटा, वडा नं. ४ मा ४ वटा, वडा नं. ५ मा २ वटा र वडा नं. ६ मा जिर्ण तथा भत्किएका समेत गरी ८ वटा गरी कुल २४ वटा स साना सिंचाई कुलो सञ्चालनमा रहेका छन् । उल्लेखित कुलोहरू केहि निर्माणधिन अवस्थामा रहेका छन् भने केहि जिर्ण भई मर्मत सम्भारको पर्खाइमा रहेका छन् । यसका अधिरिक्त आवधिक योजना निर्माण सर्वेक्षण, २०७८ का आधारमा १३ वटा थप आयोजना नयाँ निर्माणकालागि माग भई आएको अवस्था छ । देशका विभिन्न स्थानमा परम्परागत सिंचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिको माध्यम बाट सिंचित क्षेत्रको विकास र विस्तार भईरहेको अवस्थामा यस पालिकाले पनि यस कार्यमा विशेष भूमिका निर्वाह गर्न आवश्यक छ । सिंचाई पूर्वाधारको थप निर्माण विकास गर्न, विद्यामान सिंचाई आयोजनाको मर्मत सम्भार गरी सञ्चालन गर्न, निर्माण तथा मर्मत सम्भार भई सञ्चालनमा आएका सिंचाई आयोजनाको दिगो पना स्थापित गर्न एक तर्फ लगानीको सुनिस्चितता सँगै बृद्धि गर्न साथै सम्बन्धित उपभोक्ता समितिलाई थप कृयाशिल बनाएर दिगो र व्यवस्थित सञ्चालन व्यवस्थापनको भरपर्दो आधार तयार पार्न आवश्यक छ ।

### ३.२.२ **समस्या तथा चुनौती**

अधिकांस सिंचाई पूर्वाधार प्राकृतिक खोला तथा खोल्सी प्रणालीमा आधारित भएका कारण बर्षै भरी एकै प्रकारले सिंचाईको सुविधा पुग्न नसक्नु, वर्तमान सिंचाई प्रणालीको नियमित मर्मत सम्भार हुन नसक्नु, बनजङ्गलको विनास र बाढी पहिरोका कारण पानीका मुहानहरू सुक्दै तथा विनास हुँदै जानु, खोला जन्य निर्माण सामाग्रिको दोहन बढ्दै जानु आदी केही प्रमुख समस्याहरु छन । गाउँपालिकाको आन्तरिक आय ज्यादै न्यून रहेका कारण लगानीको भरपर्दो आधार निर्माण गर्न, विगत देखिनै सञ्चालनमा रहेको सिंचाई प्रणालीको नियमित मर्मत सम्भार गर्न, ठूला प्रकृतिका सिंचाई योजना कार्यान्वयनमा ल्याउन, कृषि भूमिको कृषि कार्यकालागि संरक्षण गर्न, जलबायु परिवर्तनका कारण पानीको स्रोतमा हुन सक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न साथै उपलब्ध जलस्रोतको पूर्ण सदुपयोग गरी कृषि कार्यलाई दिगो बनाउने कार्यलाई प्रभावकारी बनाउने जस्ता कार्यमा यस पालिकाले चुनौतीको समाना गरिरहेको छ ।

### ३.२.३ **लक्ष्य**

सिदिङ्वा गाउँपालिकाको कुल कृषि तथा सिंचाई योग्य जमिनको ९० प्रतिसत भूभागमा दिगो र भरपर्दो सिंचाई पूर्वाधार पुऱ्याउने ।

### ३.२.४ **उद्देश्य**

१. सतह सिंचाई पूर्वाधारको संरक्षण, सम्बद्र्धन र विकास गरी उपयुक्त प्रविधि मार्फत कृषि योग्य जमिनमा सिंचाई सेवा विस्तार गर्नु

२. सम्भावित प्राकृतिक प्रकोप बाट हुन सक्ने सम्भावित जोखिमलाई पूर्व व्यवस्थापन गरी बर्षैभरी सिंचाईको भरपर्दो आधार तयार पार्नु

३. सिंचाई प्रणालीमा रहेका निर्माधिन तथा मर्मत सम्भारको पर्खाइमा रहेका पूर्वाधारहरूको नियमित मर्मत सम्भार गरी सिंचाई व्यवस्थापनलाई दिगो बनाउनु

४. पर्याप्त र दिगो सिंचाई पूर्वाधारको व्यवस्थापन गरी कृषि कार्यमा लाग्ने कृषकहरूको लगानीको संरक्षण गर्नु

५. समग्रमा दिगो एवं भरपर्दो सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व बृद्धिमा योगदान पुऱ्याउनु

### ३.२.५ **रणनीति**

१. सिंचाई विकास तथा व्यवस्थापन र प्रयोग सम्बन्धी स्थानीय ऐन नियम कार्यान्वयनमा ल्याउने

२. सिदिङ्वा सिंचाई गुरु योजना तर्जुमा गरी सिंचाई प्रस्तावित सिंचाई योजना तथा आयोजनाहरू विकास एवं विस्तार गर्ने साथ नयाँ सिंचाई प्रविधिको विकास र विस्तार गरी कृषकहरूलाई अभ्यस्त बनाउने

३. सिंचाई प्रणालीको विकास गर्न संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार र स्थानीय उपभोक्त बिच समन्वय र साझेदारी विकास गर्ने

४. विद्यमान, निर्माणाधिन  तथा भविश्यमा निर्माण हुने सिंचाई पूर्वाधारको दिगो व्यवस्थापनकालागि उपभोक्ताको सार्थक सहभागिता गराउने साथै भूमिगत सिंचाई आयोजनाको सम्भाब्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउने

५. गाउँपालिका, सम्बन्धित सरोकारवाला उपभोक्त, र जनशक्तिको क्षमता विकास गर्ने

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक गाउँविकास योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य तालिका नं. १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १३ : सिंचाई उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | | | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
|---|---|---|---|---|---|---|
| १२ महिना सिंचाई हुने क्षेत्र | प्रतिशत | १८ | १८ | १९ | २२ | २५ |
| बाह् महिना सञ्चालनमा रहेका सिंचाई आयोजना | संख्या | ३१ | ३१ | ३५ | ४० | ४५ |
| सिंचाई प्रविधिबाट सिंचित क्षेत्र | हेक्टर | ३४० | ३५० | ४०० | ५०० | ६०० |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका १५ मा प्रस्तुत गरिएको छ ।

तालिका १४  सिंचाई उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | ७९५० | ९५० | ७००० | | १११३ | ४८५० | १९८८ | |
| २०८२/८३ | ८९७२ | १०७२ | ७९०० | | २१५३ | ४४७३ | २३४८ | |
| २०८३/८४ | १०१०८ | १२०८ | ८९०० | | १२९९ | ६१६६ | २३४९ | |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका १५ मा प्रस्तुत गरिएको छ ।

तालिका १५ सिंचाई उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | क्र.सं. |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण मर्मत तथा संभार कार्यक्रम | खेतीयोग्य जमिनमा सिंचाई सुबिधाको विस्तार गर्ने | सालबसाली | ११११११ | सिंचाई सुबिधा उपलब्ध कुल खेतीयोग्य जमिन ६०% भएको हुनेछ । |

३.२.९ जोखिम तथा अनुमान

नवीन प्रविधिको मझौला तथा ठूला सिंचाई सुबिधाको विस्तार एवम् दिगो व्यवस्थापनमा तीन वटै तहको सरकार र समुदायबीच समन्वय र सहकार्यको विकास हुनेछ । सिंचाई पूर्वाधारको निर्माण तथा मर्मत सम्भार कार्य तोकिएको समयमै सम्पन्न भएको हुनेछ । सिंचाई आयोजनाको समयमै कार्यान्वयन, नियमित मर्मत तथा व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

३.३ पशुपक्षी

३.३.१ पृष्ठभूमि

सिदिङ्वा गाउँपालिका क्षेत्रमा पशुजन्य उत्पादन र उत्पादकत्व उच्च रहेको छ । । उन्नत नश्लका गाई भैसी, बाखा बंङ्गुर तथा कुखुरापालनको अभ्यास विस्तार हुँदै गएको यस क्षेत्रमा प्रसस्त जंगल तथा चरन क्षेत्र र पशु आहारको सहज उपलब्धता रहेको छ । व्यावसायिक पशुपालनका लागि गाई, बुगंर, मौरी ब्लक र पकेट क्षेत्रको विकासमा गाउँपालिकाले सहयोग उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाले कृषि सहकारीको माध्यमबाट पशुपन्छीपालन व्यवसायलाई एकद्वार प्रणालीमाफत व्यवस्थित तथा वैज्ञानिक बनाउने, उन्नत नश्ल युक्त पशुपालन व्यवसायलाई प्राथमिकता दिने, पशुपालन व्यवसायलाई आधुनिक प्रविधि मैत्री बनाउने नीति लिएको छ । व्यावसायिक पशुपंछी तथा कृषक विमा कार्यक्रम र निजी तथा सहकारी क्षेत्रको सहभागितामा मुल्य श्रृङ्खलामा आधारित पशुपंछीपालन व्यावसायीकरण कार्यक्रम सञ्चालनमा रहेका छन् ।

३.३.२ समस्या तथा चूनौती

पशु विशेषज्ञता तथा प्राविधिक सेवाको अभाब , पशुजन्य उत्पादनका लागि बजार व्यवस्थापन भरपर्दो नहुनु, कृषि तथा पशु अनुदानको भरपर्दो व्यवस्था नहुनु, पशु आहारमा गुणस्तरीयताको अभाब, सहुलियत दरमा ऋण व्यवस्थापन नहुनु र पशु बीमा सर्बसुलभ नहुनु समस्याका रुपमा रहेका छन् । रोगको प्रकोप, जनचेतनाको कमी, स्वच्छ तथा सफा दुध उत्पादन गर्न गोठ सुधार नहुनु तथा थुनेलो रोगका प्रकोप हुनु आदि पशुपालन व्यवसायमा समस्याको रूपमा रहेका छन् । पशुजन्य उपजमा गुणस्तरीयता कायम गर्नु, बजारमाग बमोजिम उत्पादन गर्नु र पशुजन्य व्यवसायमा आर्कषण कायम राखु मुख्य चुनौतीका रुपमा रहेका छन ् ।

३.३.३ लक्ष्य

“उत्पादनशील दिगो पशुपालन र व्यवसायिक कृषक मार्फत आर्थिक समृद्धिको विकल्पहरुको पहिचान गर्ने”

३.३.४ उद्देश्य

क. पशुपालन व्यवसायलाई आधुनिकीकर

ख. विविधिकरण तथा व्यवसायीकरण गर्नु,

ग. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु,

३.३.५ रणनीति

पशुपंक्षीपालनलाई कृषकहरुको दिगो तथा भरपर्दो आयश्रोतको रुपमा स्थापित गर्ने ।

पशुपंछीपालनलाई अत्याधुनिक तथा प्रतिष्पर्धात्मक बनाउने ।

पशुपंछीपालनको अभिवृद्धिमा संघ, प्रदेश र अन्तरपालिकाका सहकार्यमा जोड दिने ।

कृषि तथा पशु उत्पादनको बजार पहुँच वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने ।

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका १६ मा प्रस्तुत गरिएको छ ।

तालिका १६ ः पशु विकास उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| भैसी फार्म | संख्या | ८ | ८ | ९ | ९ | १० |
| गाई फार्म | संख्या | ३५ | ३५ | ४० | ४५ | ५० |
| बाखा फाम | संख्या | ५१ | ५१ | ५४ | ५६ | ६० |
| बंगुर फार्म | संख्या | ७२ | ७२ | ७५ | ८० | ८५ |
| लेयर्स कुखुरा फाम | संख्या | १५ | १५ | २० | २४ | ३० |
| ब्रोइलर कुखुरा फार्म | संख्या | ३१ | ३१ | ३५ | ४५ | ५५ |
| बहुउद्धेशिय कृषि तथा पशुपालन फार्म | संख्या | १७७ | १८० | १८५ | १८८ | १९० |
| दुग्घ सहकारी संस्था | संख्या | ८ | ८ | १० | १२ | |
| दुध उत्पादन/दैनिक | लिटर | ३५०० | ३५०० | ४००० | ५००० | ६५०० |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | ० | १ | १ | १ |
| नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | ० | २ | ४ | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ७ | ७ | ७ | ८ | ९ |
| पशुपंक्षी वधशाला | संख्या | ० | ० | ० | १ | ० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशु विकास उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका १७ मा प्रस्तुत गरिएको छ

तालिका १७ पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ७३०० | २३०० | ५००० | ० | १००० | ५९०४ | ३९६ | ० |
| २०८२/८३ | ८२३८ | २५९६ | ५६४३ | ० | १०५९ | ५०२५ | २३४८ | ० |
| २०८३/८४ | ९२८२ | २९२४ | ६३५७ | ० | ११९३ | ५६६२ | २४२७ | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका १८ मा प्रस्तुत गरिएको छ ः

तालिका १८ः पशु विकास उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी सेवा तथा विकास कार्यक्रम | पशु पन्छी जन्य उत्पादनमा वृद्धि गरी आर्थिक अवसर सिर्जना गर्नु । | सालबसाली | २४८२० | पशुपन्छीजन्य उत्पादनमा १५% ले वृद्धि भएको हुनेछ । |
| | जम्मा | | | २४८२० | |

### ३.३.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

### ३.४ उद्योग, व्यापार तथा व्यवसाय

#### ३.४.१ पृष्ठभूमि

उद्योग, व्यापार, व्यवसायको विकास र विस्तार साथै स्थानीय आवश्यकतामा आधारित आपूर्ति व्यवस्थापन आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको छ । तिव्र औद्योगिकिकरण, उत्पादनका साधनको रुपमा विश्व बजारमा उपलब्ध सीप, पूँजी र प्रविधिको उपयोग गरी प्रतिस्पर्धि र तुलनात्मक लाभ भएका बस्तुको उत्पादन, आन्तरिक उपभोग र स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रवेश जस्ता विषयबस्तुले नेपालको समग्र व्यापार घाटा कम गर्न र स्थानीय उत्पादनमा तीनै तहका सरकार क्रमशः आत्म निर्भर हुने मात्र नभै सवल र दिगो राष्ट्रिय, प्रादेशिक तथा स्थानीय अर्थतन्त्र निर्माण गर्न सकिन्छ ।
यस पालिकाबाट निर्यात भई विदेश गएका बस्तुको विवरण रहेको छैन भने बार्षिक रुपमा ६६ करोड २० लाख बराबारका स्थानीय कृषि तथा पशुपन्छी जन्य बस्तु यस पालिकाबाट निर्यात भई अन्यत्र बजारमा जाने गरको अवस्था देखिन्छ भने कुटिर, खरेलु तथा साना गरी जम्मा २८ वटा उद्योग, १४३ वटा पसल व्यवसाय र ८ वटा दुग्ध सङ्कलन केन्द्र गरी कुल १७९ वाट व्यवसायिक संस्था सञ्चालनमा रहेको अवस्था छ ।

#### ३.४.२ समस्या तथा चुनौती

उद्योगको स्थापना र विकासकालागि पूर्वाधार युक्त औद्योगिक ग्रामको व्यवस्था नहुनु, उद्यमशील सोचको विकस हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योगमा पूँजी परिचालन र लगानी कम हुनु, स्थानीय औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धि, गुणस्तरीय र निर्यातयोग्य हुन नसक्नु, स्थानीय स्तरमा हुने लघु, घरेलु तथा साना उद्योग प्रवद्र्धनमा पूँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजना गराउन निजी क्षेत्रले नेत्रीत्व लिन नसक्नु, औद्योगीकिकरणमा नविन प्रविधि र उपकरणहरूको प्रयोगमा कमि हुनु, अल्पकालीन मुनाफाका लागि आयात व्यापारमा व्यवसायीहरू आकर्सित हुनु साथै सार्वजनिक, निजी तथा सामुदायिक र सहकारी साझेदारीले मुर्तरुप लिन नसक्नु उद्योग धन्दाको विकासमा देखिएको मूल समस्याहरू रहेका छन् । गाउँपालिका क्षेत्रमा उत्पादन हुने अतिरिक्त खाद्य बस्तुको सङ्कलन, भण्डारण र निकासिकालागि उचित व्यवस्थापन गर्ने निर्यात प्रवद्र्धनको उपयुक्त सम्यन्त्रको विकास हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रुपमा देखिएका छन् ।

सिदिङ्वा गाउँपालिका क्षेत्र भित्र पूर्वाधारयुक्त औद्योगिक ग्रामको स्थापना र विकास गर्न, छरिएर रहेका लघु, घरेलु तथा साना उद्योगलाई औद्योगिक ग्राम भित्र लैजान, औद्योगिक विकासमा लगानीमैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका साथ लगानी आकर्शण गर्न साथै विश्वब्यापिमकरणले सिर्जना गरेको द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौता बमोजिमका मापदण्ड पुर गरी पालिका स्तरमा उत्पादन भएको औद्योगिक उत्पादनलाई विश्व बजारमा प्रवेश योग्य गुणस्तरको बनाउन चुनौती रहेको छ ।

३.४.३ लक्ष्य

गाउँपालिका भित्र औद्योगिक ग्रामको स्थापना र विकास बाट औद्योगिक उत्पादनको मात्रा बढाउने तथा गाउँपालिकाको आन्तरिक आयमा उद्योग र व्यापार क्षेत्रको बर्तमान योगदानलाई दोब्बरले बृद्धि गर्ने साथै गुणस्तरीय सेवा तथा बस्तुको सहज, सर्वसुलभ र नियमित आपुर्तिको व्यवस्था मिलाई उपभोक्ता हित संरक्षणका साथ आपूर्ति प्रणालीलाई व्यवस्थित बनाउने ।

३.४.४ उद्देश्य

१. औद्योगिक विकासको माध्यमबाट स्थनीय स्तरमा थप रोजागरी सिर्जना गर्नु साथै औद्योगिक उत्पादन बृद्धि गरी गाउँपालिकाको आन्तरिक आयमा गणनायोग्य योगदान पुऱ्याउनु ।

२. गाउँपालिका क्षेत्र भित्र खाद्यान्न, आधारभुत उपभोग्य बस्तु र तुलनात्मक लाभको बस्तुको उत्पादकत्व र उत्पादनमा बृद्धि गरी निर्यात योग्य क्षमतको विकास गर्नु ।

३ उद्योग क्षेत्रमा लगानीमैत्री वातावरणको विकास गरी पालिका स्तरमा उत्पादिन बस्तु तथा सेवाको राष्ट्रिय तथा अन्तराष्ट्रिय मूल्य श्रृङ्खलामा आवद्धता स्थापित गर्नु ।

४. गाउँपालिकाबासिलाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नु, सवै प्रकृतिका उपभोग्य बस्तुको सहज र पर्याप्त आपुर्तिको व्यवस्था मिलाउनु साथै बजार प्रणालीलाई उपभोक्ता मैत्री र जिम्मेवार बनाउनु ।

३.४.५ रणनीति

१. औद्योगिक, व्यापारिक तथा सहज आपुर्ति व्यवस्थापन र विकासकालागि नीतिगत व्यवस्था, संस्थागत तथा प्रकृयागत सुधारका साथ आवश्यक स्थानीय ऐन कानून निर्माण गरी कार्यान्वनयमा ल्याउने ।

२. औद्योगिक विकास गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याउने ।

३. आवश्यक न्यूनतम र आधारभुत सुविधा सहितको औद्योगिक ग्रामको निर्माण विकास गरी उद्योगको स्थापना, विकस र व्यवस्थापन बाट औद्योगिक उत्पादनको विविधिकरण गर्ने साथै स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विकासमा सार्वजनिक(निजी(सहकारी सहकारीमा लगानी परिचालन गर्ने व्यवस्था मिलाउने ।

४. व्यापार क्षेत्रको पूर्वाधार विकास र व्यवास्थापन बाट आपुर्ति व्यवस्थालाई पर्याप्त, गुणस्तरीय र उपभोक्ता मैत्री बनाउने ।

५. पालिका स्तरमा रहेका तुलनात्मक लाभ र प्रतिस्पर्धि क्षमताका बस्तु तथा सेवाहरूको थप पहिचान गरी उत्पादन र उत्पादकत्व अभिबृद्धिका साथ आयात व्यवस्थापन र निर्यात प्रवद्र्धनको कार्यमा नेत्रीत्व प्रदान गर्ने ।

६. उद्योग तथा व्यापार व्यवसायका क्षेत्रमा लगानीको सुनिस्चिताकालागि स्थानीय बैंक, वित्तीय संस्थ साथै सहकारीहरू सँग समन्वयात्मक साझेदारी विकास गरी वित्तीय पहुँच स्थापित गर्ने तथा प्रवद्र्धनात्मक कार्य गर्ने ।

७. उद्योग, व्यापार क्षेत्रको विकास र विस्तार साथै आपुर्ति व्यवस्थापनकालागि पुरस्कार, प्रत्साहन तथा दण्ड जरिवानाको व्यवस्थाका साथ नियमन प्रणालीको दिगो आधार निर्माण गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका १९ मा प्रस्तुत गरिएको छ ।

तालिका १९ : उद्योग तथा व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार | जना | ८९६ | ९५० | १००० | १०५० | ११०० |
| गाँउ पालिकामा दर्ता उद्योग व्यवसाय | संख्या | १९९ | २१० | २४० | ३२० | ४०० |
| व्यवसाय करबाट संकलित राजस्व | रु.हजार | ७८८०० | ८९८०० | १००००० | ११०००० | १२१००० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | २ | २ | ३ | ३ | ३ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका २० मा प्रस्तुत गरिएको छ :

तालिका २० : उद्योग तथा व्यापार उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ५६६७ | ५५६७ | १०० | ० | ५०० | ३५०४ | १६६३ | |
| २०८२/८३ | ६३९५ | ६२८२ | ११३ | ० | ८२२ | ३९०१ | १६७२ | |
| २०८३/८४ | ७२०५ | ७०७८ | १२७ | ० | ९२६ | ४३९५ | ४७७८ | |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ :

तालिका २१ : उद्योग, व्यापार तथा व्यवसाय उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्यमशिलता विकास तथा<br>लघु, घरेलु र साना उद्योग प्रबद्र्धन कार्यक्रम | स्थानीय औद्योगिक उत्पादनमा वृद्धि गर्नु | सालबसाली | १२६० | उद्योग स्थापना र सञ्चालनमा २५ प्रतिशतले<br>वृद्धि हुनेछ |
| २ | व्यापार व्यवसाय विकास सेवा र प्रवद्र्धन कार्यक्रम | उद्योग व्यापार क्षेत्रलाई आकर्षण आर्थिक क्षेत्रका रुपमा स्थापित गर्नु | सालबसाली | ९००० | उद्योग तथा व्यवसाय क्षेत्रको उत्पादन र रोजगारीमा ३० प्रतिशतले वृद्धि हुनेछ । |

### ३.४.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । उपरोक्त अवस्था कायम रहन नसकेमा लक्ष्य हासिल गर्न कठिनाई हुन सक्नेछ ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

पर्यटन विकास अर्थतन्त्रको विकास र आर्थिक समृद्धि निर्माणको एक प्रमुख र उच्च सम्भावना बोकेको क्षेत्रहो । सिदिङ्वा गाउँपालिकाको हकमा पर्यटन क्षेत्रको आम्दानीको गणना नगरिएको भएतापनि पर्यटन क्षेत्रको विकासको सम्भावना भने रहेको अवस्था छ । यस पालिकाको वडा नं. १ मा तिम्बुङपोखरी, , वडा नं. २ मा थामडाँडा वडा नं. १, २,३,५ र ७ मा सिदिङ्वा धाम, वडा नं. ३

लसुने, तेर्से  र छाँगे झर्ना वडा नं. ४ मा  साधु गुफा, वडा नं. ५ मा ढङ्गढङ्गे झरना,  वडा नं. ६ थामडाँडा कालीपोखरी  ७ नं. वडा चमेरे गुफा तावा नागी लगायत विभिन्न महत्वका मठ, मन्दिर, चर्च, जिङ्झाटासी छिलिङ गुम्बा रहेका छन् । विभिन्न प्रकारका बन्य जन्तु, बनस्पति, जडिबुटी र जैविकि विभिदताको संरक्षण र सम्बद्र्धन गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने १२ वटा सामुदायिक बनहरूको समेत उपस्थिति रहेको छ ।

### ३.५.२ समस्या तथा चुनौती

पर्यटन क्षेत्रको विकास र विस्तारकालागि पर्याप्त लगानीको स्रोतको अभाव रहनु, पर्यटकीय क्षेत्रको बस्तुगत अभिलेख तयार नहुनु, पर्यटन विकास गुरुयोजना निर्माण नहुनु, यस पालिका भित्र पर्यटन विकासको क्षेत्रमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विबिधिकरण हुन नसक्नु, पर्यटन पूर्वाधारको सौन्दर्यकरण, विकास र व्यवस्थापन हुन नसक्नु, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र सम्बद्र्धनमा निजी क्षेत्रको सहभागितलाई प्रभावकारी बनाउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमसिलतालाई जोड्न नसक्नु, यस क्षेत्र बाट प्राप्त लाभलाई न्यायोचित वितरण गर्न नसक्नु, पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु यस क्षेत्रका समस्याको रुपमा रहेका छन् ।

पर्यटन पूर्वाधारको यथोचित विकास र विस्तार गर्न, आन्तरिक तथा वाह्य पर्यटकको बुझाई सम्म सूचना सम्प्रेषण गर्न, पर्यटकीय क्षेत्रको सेवा र सुविधा विस्तार गर्न, पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको लगानी आकर्शण गर्न, पर्याप्त श्रोत र साधनको व्यवस्था गर्न, गुणस्तरीय पर्यटकको आगमनलाई आकर्सित गर्न, दक्ष जनशक्तिको व्यवस्थपन गर्न चुनौतीको रहेको छ ।

### ३.५.३ लक्ष्य

आन्तरिक तथा बाह्य पर्यटन बजारमा सिदिङ्वा गाउँपालिकालाई स्थापित गरी पालिकाको समृद्धि निर्माणको महत्वपूर्ण अङ्गको रुपमा विकास गर्नु ।

### ३.५.४ उद्देश्य

१. सिदिङ्वा गाउँपालिकालाई पर्यटन मैत्री सुरक्षित पर्यटन केन्द्रको रुपमा विकास गर्नु

२. यस पालिका भित्र पहिचान भएका र अवहुने समेतका पर्यटकीय स्थलहरूमा आवश्यक पर्यटन पूर्वाधार विकास गरी आन्तरिक र वाह्य पर्यटकको आगमनलाई बढाउनु

३. पर्यटकको संङ्ख्यामा बृद्धि, बसाई समयको विस्तार बाट आन्तरिक कृषि उत्पादनको खपत समेतमा बढोत्तरी गरी पालिकाको आन्तरिक आय आर्जनको महत्वपूर्ण अङ्गको रुपमा स्थापित गर्नु

४. पर्यटन क्षेत्रको विकास बाट प्राप्त लाभलाई स्थानीयबासीको पहुँच सम्म पुग्ने सहज वातावरणको विकास गर्नु साथै लाभको वितरण समन्यायीक बनाउनु ।

३.५.५ रणनीति

१. आवश्यक स्थानीय ऐन कानून निर्माण गरी कार्यान्वनयमा ल्याउने

२. एकीकृत पर्यटन विकास गुरु योजना तयार गरी योजनबद्ध विकासको थालनी गर्ने

३.स्थानीय, स्वदेशी तथा विकास साझेदारको लगानी आकर्सित र प्रोत्साहन गर्ने साथै सार्वजनिक, निजी, सहकारी तथा सामुदायीक साझेदारीको विकास गरी दृष्यावलोकान केन्द्र साथै सिमसार तथा पार्क र मनोरञ्जन स्थल निर्माणको विकास र व्यवस्थापन गरी पर्यटन गन्तब्य केन्द्रको रुपमा स्थापित गर्नु

४. ब्यापाक प्रचार प्रसार गरी पर्यटकको आगमन र बसाईलाई प्रभावकारी बनाउने

५. पर्यटकीय उपजलाई मूल्य श्रृङ्खला सँग आवद्ध गरी यस क्षेत्रको लाभलाई सर्वसाधार गाउँपालिकाबासिको पहुँच सम्म पुऱ्याउने

३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका २२ मा प्रस्तुत गरिएको छ :

तालिका २२ पर्यटन तथा संस्कृति उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | | | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | गत आ.व. सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
|---|---|---|---|---|---|---|
| व्यवस्थित पर्यटकीय स्थान | संख्या | २ | ३ | ५ | ६ | ७ |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | ३ | ५ | ७ | ९ | १० |
| औषत दैनिक आन्तरिक पर्यटक आगमन | प्रतिशत | ५० | १०० | १५० | २०० | ३०० |
| पर्यटकीय स्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ० | ० | १ | १ | १ |
| तालिम प्राप्त टुर गाइड | संख्या | ० | ० | ५ | १० | १५ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका २३ मा प्रस्तुत गरिएको छ ।

तालिका २३ : पर्यटन तथा संस्कृति उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८०/८१ | ११०० | १०० | १००० | | ० | ५०० | ६०० | |
| २०८२/८३ | १२४१ | ११३ | ११२९ | | १०० | ८०० | ३४१ | |
| २०८३/८४ | १४२५ | १३० | १२९५ | | १८३ | ८६९ | ४७७८ | |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका २४ मा प्रस्तुत गरिएको छ :

तालिका २४ : पर्यटन तथा संस्कृति उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तिम्बुङ पोखरी पदमार्ग निर्माण होम स्टे निर्माण | पर्यटन प्रबद्र्धन भई आन्तरीक आम्दानी बृद्धि हुने रोजगारीको सम्भावना बढाउनु | सालबसाली | २०६६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ढङ्गढङ्गे झर्ना पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटन पुर्वाधारको नर्माण भई २५ प्रतिशत पर्यटनमा वृद्धि हुने र स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त हुनेछ । | | | |

३.५.९ जोखिम तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवद्र्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । स्थानीय वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । निजी क्षेत्रबाट पर्यटन प्रवद्र्धन तथा सेवा सुबिधाको विस्तारमा लगानी वृद्धि भएको हुनेछ ।

३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा

३.६.१ पृष्ठभूमि

गाउँपालिकाका तर्फबाट कृषि तथा पशुपालन व्यवसाय, महिला, दलित, अपाङ्ग, असहाय तथा जेष्ठ नागरिहरुका क्षेत्रमा उल्लेखनिय कार्य गर्ने वित्तीय तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ । कृषि सहकारीहरु सञ्चालनमा रहेको र वित्तीय सेवामा पहँुच सहज रहेको छ । त्यसैगरी, गाउँपालिकाले कमजोर क्षमतामा सञ्चालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण, स्थानीय नागरिकको क्रयशक्ति अभिवृद्धि र सहकारीका माध्यमबाट निरपेक्ष गरीबी घटाउन सहकारीको बिशेष कार्यक्रम सञ्चालनको नीति लिएको छ । त्यस्तै अव्यस्थित तथा अस्थाई भूमीहिन सुकुम्बासीको दिगो समस्या समाधानको लागि समन्वयात्मक रुपमा सहजीकरण शुरुवात गर्न आधारहरु तयार भएको छ ।

३.६.२ समस्या तथा चुनौती

कारोवार र कर्जा तथा बचत सम्बन्धित प्रावधानको ज्ञान नहुँदा सर्वसाधारणका लागि सहज वित्तीय पहँुच कायम हुन नसकेको, बैंक प्रतिको विश्वसनीयतामा कमी, सार्वजनिक तथा सरकारी भूमि अतिक्रमण र अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या चुनौतीहरु हुन् ।

३.६.३ लक्ष्य

सार्वजनिक नीजि सहकारी को अवधारणाबाट स्थानीय पुँजी परिचालन गर्ने ”

३.६.४ उद्देश्य

१. भूमी सम्बन्धी समस्याको दिगो समाधान मार्फत सार्वजनिक जग्गाको अतिक्रमणलाई निस्तेज तुल्याउनु,

२. सहज, सुलभ तथा विश्वासनीय वित्तीय सेवाको विस्तार गर्नु,

३. वित्तीय सेवामा सबै नगरवासीको पहुँच र सहकारीमा सबै घरपरिवारको सहभागिता स्थापित गर्नु ।

३.६.५ रणनीति

१. सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गर्दै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न अन्तर—सरकार साझेदारी र सहकार्यलाई सुदृढ गर्ने ।

२. भू—उपयोग नीतिको कार्यान्वयन गरी भूमिकोवर्गिकरण गर्ने ।

३. सहकारीहरूलाई सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने ।

४. सञ्चालनमा रहेका सहकारी संस्थाको क्षमता विकास, संस्थागत सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने ।

५. सहकारीहरूको पुँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।

६. बैंक तथा वित्तीय संस्थामा गाउँबासीको सहज पहुँच स्थापित गर्न वित्तीय साक्षरता विस्तार र औपचारिक कारोवारलाई प्रोत्साहन गर्ने ।

३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक  योजनाका कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका २५ मा प्रस्तुत गरिएको छ ।

तालिका २५ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| सूचक | एकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| स्थानीय स्तरमा सञ्चालित सहकारी | संख्या | १४ | १४ | १६ | १८ | १८ |
| सहकारीमा पहुँच (घरबाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार | प्रतिशत | ६० | ६० | ८० | १०० | १०० |
| बिमाले समेटेका जनसंख्या | प्रतिशत | ९ | ९.५ | १४ | १८ | २५ |

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका २६ मा प्रस्तुत गरिएको छ ।

तालिका २६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ९१०० | ९००० | १०० | ० | १०० | ९००० | ० | ० |
| २०८२/८३ | १०२६९ | १०१५७ | ११३ | ० | २०० | ९००० | १०६९ | ० |
| २०८३/८४ | ११५७० | ११४४३ | १२७ | ० | १०३१ | ९०५७ | १४८२ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका २७ मा प्रस्तुत गरिएको छ :

तालिका २७ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| १ | भूमि व्यवस्था कार्यक्रम | अव्यवस्थित बसोबासी तथा भूअतिक्रमणको समस्या समाधान गर्नु । | सालबसाली | ४००० | भू— उपयोगसँग सम्बन्धी समस्या समाधान भएको हुनेछ । |
| २ | सहकारी प्रबद्र्धन कार्यक्रम | सहकारीको क्षमता अभिवृद्धि गर्नु | सालबसाली | ४००० | १८ वटा सहकारीको क्षमतामा अभिवृद्धि भई सेवा प्रभावकारी हुनेछ। |
| ३ | स्वरोजगारी सृजना तथा उघमशिलता विकास कार्यक्रम | सहकारीको उघमशिल क्षेत्रमा लगानी अभिवृद्धि | | १२००० | १० वटा क्षमतायुक्त कृषि, जडिबुटी र बहुउद्देशीय सहकारी सञ्चालन भएका हुनेछन् । |
| ४ | गर्नु | सालबसाली | | १०९३९ | ५० प्रतिशत सहकारीहरुको क्षमता विकास भई थप ५ प्रतिशत<br>रोजगार सिर्जना भएको हुनेछ । |

### ३.६.९ जोखिम तथा अनुमान

भूउपयोग नीतिको कार्यान्वयन भएको हुनेछ । सहकारी तथा वित्तीय क्षेत्रको विकासमा सरकारी तथा निजी क्षेत्रबाट पहल र लगानी विस्तार भएको हुनेछ । आर्थिक तथा राजनीतिक स्थितिमा स्थिरता, कोभिड १९ को पश्च प्रभाव नियन्त्रण र आर्थिक गतिविधि विस्तार हुदै जानेछन् । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

### ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

#### ३.७.१ पृष्ठभूमि

श्रम बजारको आवश्यकता बमोजिम शिपमुलक श्रम शक्तिको विकास र व्यवस्थापन बाट गरिवी निवारण र आर्थिक विकासका बहुआयामिक क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी अर्थतन्त्रको दरिलो आधार निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । उत्पादनमुलक रोजगारी सिर्जना गरी स्थानीय स्तरमा उपलब्ध यूवा श्रम शक्तिको उपयोग मार्फत सिदिङ्वा गाउँपालिकाको कृषि, पशुपालन, उद्योग, व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता उत्पादन र सेवाका क्षेत्रमा उपयोग तथा सम्लग्न गर्न सके पालिकाको समृद्धि निर्माणमा आधारित अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा सकारात्मक योगदान पुग्न जान्छ । तीनै तहका सरकारको संयुक्त र एकताबद्ध प्रयास बाट व्यवस्थित, दिगो र सुरक्षा प्रत्याभुति सहितको आन्तरिक रोजगारी श्रृजना गरी बैदेशिक रोजगारीलाई निरुत्साहित गर्नु आजको प्रमुख आवश्यकता रहेको छ भने सिदिङ्वा गाउँपालिका भित्र पालिका, निजी क्षेत्र, स्थानीय समुदायको साझेदारी विकास गरी यस प्रकारको भूमिका निर्वाह गर्न आवश्यक छ ।

सिदिङ्वा गाउँपालिकाको प्रोफाईलका आधारमा यस पालिका भित्र ७१५९ पुरुष र ६६०७ महिला गरी कुल १३७६६ जना आर्थिक रुपले सक्रिय जनसङ्ख्या रहेको, ३७२८ परिवार कृषि तथा पशुपालनमा, ३२ घर परिवार आन्तरिक रोजगार, ९२ परिवार व्यापार व्यवसाय, १७ परिवार सरकारी जागिर, ९ परिवार निजी क्षेत्रमा, १०९ परिवार बैदेशिक रोजगारीमा सम्लग्न रहेको अवस्था उल्लेख भएको भएता पनि सोहि प्रोफाइलका आधारमा ५७६२ पुरुष र ५७३४ जना महिला गरी कुल ११४६० जना बेरोजगार रहेको स्थिति छ । यो सङ्ख्या आर्थिक रुपले सकृय जनसङ्ख्याको ८३.२४ प्रतिसत हुन आउँछ । यसको अर्थ घरपरिवारका धेरै मानिसहरू रोजगार विहिन रहेको वा कृषि तथा पशुपालनका क्षेत्रलाई रोजगारीको क्षेत्रको रुपमा गणना नगरिएको अवस्था छ । आवधिक योजना अवधिमा भएका अध्ययन, अन्तरकृया समेतका आधारमा कृषि क्षेत्र बाहेकको हकमा करिव २९ प्रतिसत वेरोजरीको अवस्था रहेको जानकारी प्राप्त भएको छ ।

#### ३.७.२ समस्या तथा चुनौती

पालिकामा वास्तविक विवरणको अभाव, बस्तुगत विवरण स्वतह अध्यवधिक हुने प्रणालीको अभाव, रोजगारीका क्षेत्र र स्थान साथै श्रमप्रतिको सम्मानको कमि, उद्यमसिलताको विकास र विस्तारमा न्यूनता, रोजगार प्रवद्र्धन र उत्पादनशिल रोजगारीको अपर्याप्तता, बैदेशिक रोजागरी बाट प्राप्त सीप र पूँजीको न्यून परिचालन, बिभिन्न प्रकृतिका बालश्रमको विद्यमानता, रोजगारमैत्री लगानीलाई प्रोत्साहन र संरक्षणको

अभाव, सूचना प्रणाली र श्रम प्रशासन प्रभावकारी हुन नसक्नु वर्तमान श्रम तथा रोजगार क्षेत्रका समस्याका रुपमा रहेका छन् ।

युवा जनशक्ति विदेश पलायन हुने, वाह्यि क्षेत्रको रोजगारीमा आकर्षण र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु अवस्था रहेको छ । तालिम तथा क्षमता विकास अवसरमा कमीका कारण श्रम बजारको मागअनुसारको दक्ष जनशक्तिमा कमी रहेको छ । रोजगारीमा अनिश्चितता र स्थानीय रोजगारीमा न्यून प्रतिफल चुनौतीका रुपमा रहेका छन् ।

३.७.३ लक्ष्य

औपचारिक क्षेत्रको बढोत्तरी गरी उत्पादनशील क्षेत्रमा रोजगारी अभिबृद्धि गर्दै यस पालिकाको वर्तमान बेरोजगारी दर ७५ प्रतिशतले घटाउने साथै श्रमको पूर्ण प्रयोगमा गणनायोग्य बढोत्तरी ल्याउने ।

३.७.४ उद्देश्य

१. गाउँपालिका क्षेत्र भित्र पर्याप्त रुपमा उत्पादनशील र मर्यादिन रोजागरीका अवसर श्रृजना गरी बेरोजगारी दर  घटाउने

२. असल औद्योगिक, व्यापारिक तथा व्यवसायिक श्रम सम्बन्ध स्थापित गर्नु

३. निकृष्ट लगायत सवै प्रकारका बालश्रमको अन्त्य गर्नु

४. श्रमप्रतिको सम्मानमा बढोत्तरी ल्याएर बैदेशिक रोजगारीमा जाने सङ्ख्या घटाउनु

३.७.५ रणनीति

१.  श्रम तथा रोजगार श्रृजना र व्यवस्थापन सम्बन्धी स्थानीय ऐन तथा कानून निर्माण गरी श्रम बजार र कामलाई मर्यादित र प्रभावकारी बनाउने ।

२. रोजगार कार्यक्रमलाई विस्तार गरी लक्ष्य बमोजिमको न्यूनतम रोजगारीको सुनिस्चितता गर्ने ।

३. विद्यमान तथा अव बन्ने श्रम तथा रोजगार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन मार्फत असल औद्योगिक, व्यापारिक तथा व्यवसायिक श्रम सम्बन्धको विकास गर्ने ।

३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक गाउँ विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. २८ मा प्रस्तुत गरिएकोछ ।

तालिका २८ : श्रम तथा रोजगारी उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| सूचक | एकाई | | चालु आ.व.सम्म | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | आ.व. ०७८/०७९ सम्मको उपलब्धि | को अनुमानित उपलब्धि | ०८१/८२ | ०८२/८३ | २०८३/८४ |
|---|---|---|---|---|---|---|
| रोजगारी सिर्जना गर्न सञ्चालित आयोजना | संख्या | २ | २ | ४ | ६ | १० |
| रोजगारीको वृद्धिदर | प्रतिशत | १ | ३ | ४ | ५ | ५ |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगारी उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. २९ मा प्रस्तुत गरिएको छ ।

तालिका २९ श्रम तथा रोजगारी उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | | कुल | चालु | पुँजीगत |
| ०८१/८२ | ७००० | ४००० | ३००० | ० | १००० | ३००० | ३००० | ० |
| २०८२/८३ | ७९०० | ४५१४ | ३३८६ | ० | ० | ११२८ | ३३८६ | ० |
| २०८३/८४ | ८९०० | ५०८६ | ३८१४ | ० | ० | ५०८६ | ३८१४ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं. ३० मा प्रस्तुत गरिएको छ ।

तालिका ३० श्रम तथा रोजगारी उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त

विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | अपेक्षित लक्ष |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार प्रवद्र्धन कार्यक्रम | स्थानीय रोजगारी वृद्धि गर्नु | सालबसाली | १०००० | पवार्षिक ३०० जना स्वरोजगार भएका हुनेछन् । |
| २ | श्रम तथा रोजगार प्रवद्र्धन कार्यक्रम | सीप विकास र रोजगारीका अवसर वृद्धि गर्नु | सालवसाली | १३८०० | न्युन आय भएका विपन्न २०० जना स्थानीय युवाले वार्षिक रोजगार प्राप्त गरी आत्मनिर्भर हुनेछन् । |

३.७.९ जोखिम तथा अनुमान

रोजगारी सिर्जनामा अन्तर-सरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । रोजगारीसम्बन्धी व्यावहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । रोजगारीका नविनतम क्षेत्रको पहिचान गरी सीप विकास तथा क्षमता विकासका प्रयाप्त अवसर उपलब्ध भएका हुनेछन् । आर्थिक तथा राजनीतिक क्षेत्रमा स्थिरता र रोजगार प्रवद्र्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

## परिच्छेद ४ सामाजिक क्षेत्र

४.१ जनस्वास्थ्य तथा पोषण

४.१.१ पृष्ठभूमि

राज्य पुर्नसंरचनाको क्रममा हालको सिदिङ्वा गाउँपालिका विगतका ३ वटा गा.वि.स. एकै ठाउँमा मिलाएर पुन संरचित भएको पालिका हो । यस पालिकाका अधिकाङ्स संरचना पूर्व ग्रामीण अवस्थाबाट क्रमिक सुधारको तथा स्तरोन्नतीको अवस्थामा रहेका छन् । नेपालको संबिधानले प्रत्येक नागरिकलाई राज्य बाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । यस प्रकारको जिम्मेवारी पुरागर्न सिदिङ्वा गाउँपालिकाले समेत स्वास्थ्य तथा पोषण क्षेत्रको योजनाबद्ध विकास अभियान सञ्चालन गर्न आवश्यक छ । स्वास्थ्य क्षेत्रको जिम्मेवारी तीनै तहले निर्वाह गर्नुपर्ने व्यवस्था अनुसार आधारभुत तहको स्वास्थ्य सेवाको जिम्मेवारी स्थानीय तहको क्षेत्राधिकार भित्र राखिएकोछ । आफ्नो कार्य क्षेत्र भित्रको आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, आधारभुत स्वस्थ्य सेवाको व्यवस्थापन, प्रजनन् स्वास्थ्य तथा पोषण सेवा सञ्चालन, स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार निर्माण विकास, खानेपानी तथा खाद्य पदार्थको गुणस्तर नियन्त्रण, ध्वनी तथा वायु प्रदुषण नियन्त्रण, स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थपन र सरसफाई, रक्त सञ्चार सेवा, औषधी पसल सञ्चालन, नियमन तथा व्यवस्थापन, परिवार नियोजना तथा मात्रृशिशु स्वास्थ्य सेवा साथै कुपोषण न्यूनिकरण सम्बन्धी जिम्मेवारीहरू स्थानीय तहमा राखिएको छ

। स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने कार्यकमहरु सञ्चालन गरेको छ ।

सिदिङ्वा गाउँपालिकाको हकमा गाउँपालिकामा १५ सैयाको सामुदायिक अस्पताल भवन निर्माणाधिन अवस्थामा रहेको छ भेन आधारभुत स्वास्थ्य सेवा केन्द्र ३, स्वास्थ्य चौकी २, सामुदायिक स्वास्थ्य इकाई २, नियमित गाउँघर क्लिनिक १ समेत गरी ८ वटा, निजी स्वास्थ्य क्लिनिक १०, सुरक्षित प्रसुति केन्द्र २, सुरक्षित गर्भपतन स्थान २, ग्रमिण यूएसजी ९ग्तिचब क्यलयनचबउजथ० ७ वटा समेतले यस पालिकामा नियमित सेवा प्रवाह गरिहेको अवस्था छ भने ३१ जना स्वास्थ्य कर्मि र ७५ जना स्वास्थ्य स्वयम् सेविका र कार्यालय सहयोग समेत गरी कुल १०७ जनाले पालिका स्तरबाट स्वास्थ्य सेवा प्रवाहमा योगदान गरिरहेका छन् । यस पालिकाको २०७७र७८ को अभिलेख अनुसार ५ बर्ष मुनिका कुल बालबालिका मध्ये बिसिजी खोप लगाउन बालबालिका ७६.२ प्रतिसत, दादुरारुवेला विरुद्धको खोप लागउने ६४.९ प्रतिसत, जापानिज इन्सेफिलाईटिस बिरुद्धको खोप लागउने ६०.३ प्रतिसत, टिटानस विरुद्धको खोपलगाउने ४४.२ प्रतिसत रहेको अवस्था छ । यस पालिकाको अभिलेख अनुसार बाल मृत्यू दर ४.४८ प्रतिसत रहेको अवस्था छ भने सुरक्षित मातृत्व ९०.५१ प्रतिसत रहेको अवस्था छ । पछिल्ला दिनमा स्वास्थ्य तथा पोषणका क्षेत्रमा सकारात्मक सुधारहरु भएका छन् ।

### ४.१.२ समस्या तथा चुनौती

विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहँुच हुन नसक्नु,सबै वडामा स्वास्थ्य केन्द्र नहुनु, स्वास्थ्य सेवा प्रवाह गर्न प्राविधिक सामग्रीको कमी रहेको छ भने वातावरण प्रदुषण, बिषादी, अस्वस्थकर खाना, जीवनशैली स्वास्थ्य तथा पोषणको क्षेत्रका चुनौतीको रुपमा रहेको छ । अहिले पनि गाउँपालकाके दुर्ग क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण गाउँपालिकाबासी महिला, बालबालिका, जेष्ठ नागरिक स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका छन् । पालिका क्षेत्रका सवै बस्तीमा सडक सञ्जाल नपुगेकाले एम्बुलेन्स सेवाको प्रवाहमा कठिनाई, कुपोषण, दुर्घटना, प्राकृतिक प्रकोप जस्ता समस्या रहेका छन् ।

भौगोलिक बिकटता, आवश्यक भौतिक संरचनाहरूको निर्माण विकास, पर्याप्त आर्थिक श्रोतको अभाव, दक्ष जनशक्तिको परिपूर्ति र व्यवस्थापन, स्वास्थ्य क्षेत्रमा स्थानीयबासीको समतामुलक पहुँचको विस्तार र व्यवस्थपन, स्वास्थ्य बिमाको प्रभावकारी कार्यान्वयन, स्थानीय जडिबुटीको ज्ञान र प्रयोग, बलबालिका तथा महिलाको प्रजनन् स्वास्थ्यमा सुधार, सरुवा रोगको नियन्त्रण, खाद्य गुणस्तर नियन्त्रण, मानिसको आनिवानीमा सुधार र चेतनाको विकास, स्वास्थ्य क्षेत्रमा भईरहेको अधिक खर्च कटौती, भरपर्दो र विश्वासिलो सूचना प्रणालीको विकास र व्यवस्थपन, नीति निर्माणकालागि आवश्यक तथ्याङ्कको व्यवस्थपन, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन साथै स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि जस्ता चुनौती वर्तमान अवस्थामा सेमत रहिरहेका छन् ।

### ४.१.३ लक्ष्य

स्वास्थ्य प्रणालीको विकास र विस्तार गरी गाउँपालिकाका सबै वडामा आर्थिक, भोतिक तथा मानवीय पूर्वाधार सहितको गुणस्तरीय स्वास्थ्यसेवाके पहुँच सुनिस्चित गर्नु ।

४.१.४ उद्देश्य

१. गाउँपालिकाका सबै वडामा सबै प्रकारका आधारभुत स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्नु

२. पालिकाबासी सर्वसाधारण नागरिकको सहज पहुँच स्थापित गरी सवैको स्वस्थ्य रक्षा गर्नु

३. वर्तमान बाल तथा मातृ मृत्यू दर घटाउनु

४. सरकारी, निजी तथा सामुदायिक सहभागिता र साझेदारीको माध्यम बाट बहुक्षेत्रगत स्वास्थ्य सेवामा उपभोग बढाई सेवा प्रदायक र सेवाग्रहीलाई थप जिम्मेवार बनाउने साथै पालिका क्षेत्र भित्र स्वस्थ्य जीवनशैली कार्यक्रमको प्रवद्र्धन गर्ने

४.१.५ रणनीति

१. स्वास्थ्य सेवाको व्यवस्थापन र नियमनकालागि स्थानीय ऐन कानून समेत निर्माण गर्ने

२. अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी लगायत गाउँघर क्लिनिककालागि समेत भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन गरी सुविधा सम्पन्न बनाउने

३. प्रतिकारात्मक, प्रवद्र्धनात्मक, उपचारात्मक, पुनरस्थापनात्मक र प्रशामक ९एबिििष्बतष्खभ ऋबचभ० जस्ता आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सवै गाउँपालिकाबासिको सहज पहुँचको सुनिस्चितता गर्ने

४. आयुर्वेद, प्राकृतिक चिकित्सा पद्धती समेतको योजनाबद्ध विकास र विस्तार गर्ने

५. दिगो विकासमा आधारित स्वास्थ्य सेवाको राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्य पुरा गर्न समन्वयात्मक कार्य प्रणालीको विकास गरी प्रभावकारी बनाउने

४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक गाउँ विकास योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३१ मा प्रस्तुत गरिएको छ ।

तालिका ३१ स्वास्थ्य तथा पोषण उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |

| | | | अनुमानित उपलब्धि | | | |
|---|---|---|---|---|---|---|
| ३० मिनेट भित्र स्वास्थ्य संस्थमा पहुँचमा भएको जनसंख्या | प्रतिशत | ६० | ७८ | ७९ | ८० | ८० |
| २५०० ग्रामभन्दा कम जन्म तौल भएका शिशु | प्रतिशत | १५ | १५ | १४ | १२ | १० |
| सुरक्षित मातृत्व | प्रतिशत | ९०.५१ | ९४ | ९६ | ९८ | १०० |
| बाल मृत्युदर (प्रति लाखमा) | प्रतिशत | ४.४८ | ४ | ३ | २ | ० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | ३३ | ३५ | ४० | ४० | ४० |
| भिटामिन ए प्राप्तगर्ने बालबालिका | प्रतिशत | ७६ | ८० | ८५ | ९० | १०० |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | ७५.१ | ७८.३ | ८५ | ९० | १०० |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३७ | ३७ | ४१ | ४३ | ४४ |
| स्वास्थ्य शिविर सचांलन | पटक | ३ | ४ | ६ | ६ | ६ |
| महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ७५ | ७५ | ७५ | ७५ | ७५ |
| आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८१ | ८३ | ८४ | ८५ | ९० |
| सुविधा सम्पन्न अस्पताल | संख्या | १ | १ | १ | १ | १ |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | प्रतिशत | ८५ | ८६ | ८९ | ९२ | ९५ |

४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३२ मा प्रस्तुत गरिएको छ ।

तालिका ३२ स्वास्थ्य तथा पोषण उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | १५९५२५ | १०४५२५ | ५५००० | ० | ५७३८ | १४१५७२ | १२२१५ | ० |
| २०८२/८३ | १८००२४ | १०७९५६ | ७२०६८ | ० | ७४०३ | १६०४२० | १२२०१ | ० |
| २०८३/८४ | २०२८३३ | १२१६३५ | ८११९८ | ० | १३६८ | १८३३५२ | १८११३ | ० |

४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३३ मा प्रस्तुत गरिएको छ :

तालिका ३३ : स्वास्थ्य तथा पोषण उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | विपन्न वर्गले स्वास्थ्य सेवाको सहज पहँुच स्थापना गर्नु । | २०८१/८२ देखि २०८३/८४ सम्म | २४००० | स्शतप्रतिशत विपन्न वर्गको स्वास्थ्य सेवाको, औषधीमा सहज पहँुच हुनेछ |
| २ | स्वास्थ्य तथा पोषण सेवा प्रवद्र्धन कार्यक्रम | वडा तहमा स्वास्थ्य संस्था सञ्चालन तथा सुदृढीकरण गरी नियमित रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु । | सालबसाली | ३०२३८२ | प्रविधियुक्त, स्वास्थ्य संस्था, दक्ष स्वास्थ्यकर्मीहरु मार्फत गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नियमितरुमा संचालन हुनेछ र स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्यहरु पुरा गर्न सहयोग पुग्नेछ । |
| | जम्मा | | | ५४२३८२ | |

### ४.१.९ जोखिम तथा अनुमान

स्वास्थ्य तथा पोषण क्षेत्रको प्रवद्र्धनमा अन्तर—सरकार साझेदारी र सहकार्यमा विस्तार भएको हुनेछ । यस क्षेत्रमा पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन र सरोकारवालाबीच समन्वय प्रभाबकारी भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधी र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ ।

## ४.२ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.२.१ पृष्ठभूमि

शिक्षा मानव सभ्यता र समृद्धि निर्माणको प्रमुख अपरिहार्य आधार हो । वर्तमान आधुनिक दुनियामा दिन प्रति दिन नयाँ नयाँ प्रविधिको विकास भईरहेको छ । सिदिङ्वा गाउँपालिकाको हकमा वर्तमान अवस्थामा १३ वटा आधारभुत र ६ वटा माध्यमिक (कक्षा १० सम्म) र २ वटा माध्यमिक (कक्षा ११ र १२) गरी २१ वटा सामुदायिक विद्यालय, १ वटा माद्यमिकि र ६ वटा आधारभुत गरी ७ वाटा संस्थागत विद्यालय गरी कुल २८ वटा विद्यालय, २५ वटा विद्यालय स्तरीय र २ वाट समुदाय स्तरीय गरी कुल २७ वटा वालविकास केन्द्र साथै १ वटा बहुभाषिक पाठशाला सञ्चालनमा रहेको अवस्था छ । यस पालिकामा १२११ जना बालबालिका बालविकास केन्द्रमा, ३२६८ आधारभुत तहमा र ९२२ माध्यमिक तहमा गरी कुल ५४०१ जना बालबालिका विद्यालयमा अध्ययन गरिरहेको अवस्था छ । वर्तमान विद्यार्थिको उपस्थितिलाई हेर्दा माध्यमिक तहमा पुग्दा बालबालिकाको विद्यालय छाड्ने दर अत्याधिक

रहेको पाईएको छ । सिदिङ्वा गाउँपालिकाको अभिलेख अनुसार यस पालिका भित्र पढ्न र लेख्न दुवै नजान्ने निरक्षको सँख्या १५ प्रतिशत, कुल बालबालिका मध्ये विद्यालय नगएको सङ्ख्या २१.५ प्रतिसत, विद्यालय भर्नादर ८५ प्रतिसत, विद्यालय निरन्तरतादर ७० प्रतिसत रहेको छ भने अंग्रेजी, विज्ञान, गणित र प्राविधिक विषयका विषयगत र तहगत शिक्षकको न्यूनता रहेको छ । विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइएको छ । प्रविधिको उपयोगमा विस्तारले व्यापकता पाएको छ ।

### ४.२.२ समस्या तथा चुनौती

विकासमा भौतिक पूर्वाधारको आधुनिकीरण नहुन, वडागत जनधनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यावसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासी, जनजाति साथै सुकुम्वासी परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभाव, विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेका छन् । सवैकालागि गुणस्तरीय शिक्षाको पहुँच सुनिस्चित गर्न नसक्नु, लक्षित समुदायका बालबालिका अझै पनि विद्यालय बाहिर रहनु, अपेक्षा गरिए बमोजिम सिकाई उपलब्धि हाँसिल गर्न नसक्नु, प्राविधिक शिक्षालाई प्राथमिकताका साथ मूलधारनमा ल्याउन नसक्नु, विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षकको परिपूर्ति गर्न नसक्नु, बजारको माग अनुसार सीपयुक्त जनशक्ति उपलब्ध गराउन नसक्नु, शिक्षा क्षेत्रका सवै तहमा सुशासनको प्रत्याभूति गर्न नसकिनु, निजी क्षेत्रको लगानीमा सञ्चालित विद्यालयहरूको सञ्चालन व्यवस्थापनलाई सेवामूखी बनाउन नसक्नु साथै प्रतिभाहरूको पलायनलाई नियन्त्रण गर्न नसक्नु अहिलको जल्दाबल्दा समस्याका रुपमा रहेका छन् ।

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त र आधारभूत पूर्वाधारहरूको विकास र व्यवस्थपन, गुणस्तरको सुनिस्चितता, सामुदायिक विद्यालय प्रतिको आकर्शणमा बढोत्तरी, बालमैत्री वातावरणको विकास र दिगो व्यवस्थपन, दृष्टिकोण र व्यवहारमा परिवर्तन, प्रविधिमैत्री शिक्षाको विकास, व्यवसायिक जनशक्तिको विकास, अध्ययन अनुसन्धाका क्षेत्रको पर्याप्तता र सहजता, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना, विद्यालय भर्ना भएका बालबालिकाको निरन्तरताको सुनिस्चितता, रोजगारीको सुनिस्चितता, प्रतिस्पर्धि क्षमतका सहतिका बालबालिकाको उत्पादन, प्राविधिक उच्च शिक्षाको सुनिस्चित अवसर, शिक्षा क्षेत्रमा उत्तरदायित्व बहन र सुशासनको प्रत्याभूति, शैक्षिक प्रशासनको समय सापेक्ष पुनरसंरचना, शैक्षिक संस्थाहरूको नक्साङ्कन साथै सूचान प्रविधिले विकास गरेका विविध अवसरहरूको सदुपयोग गर्नु वर्तमानमा चुनौतका रुपमा रहेका छन् ।

### ४.२.३ लक्ष्य

सिदिङ्वा गाउँपालिका क्षेत्रका सामुदायिक तथ संस्थागत विद्यालयहरूलाई न्यूनतम आधारभुत पूर्वाधार साथै श्रोत साधन युक्त बनाएर गुणस्तरीय शिक्षा प्रवाहको माध्यम बाट सिर्जनशिल, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील, नवप्रवर्तनशील, सुयोग्य र क्षमताावन मानव श्रोतको उत्पादन र विकास गर्ने ।

४.२.४ उद्देश्य

१. विद्यालय उमेरका सवै बालबालिकालाई विद्यालयको पहुँच सुस्चित गरी विद्यालय भर्नालाई सतप्रतिसत बनाउने

२. विद्यालयलाई भौतिक पूर्वाधार युक्त, प्रविधि तथा बालमैत्री बनाउने

३. आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्कको पूर्ण प्रत्याभुतीको सुनिस्चितता गर्ने

४. विद्यायल शिक्षालाई गुणस्तरीय, जीवनउपयोगि, प्रविधिमैत्री, बैज्ञानिक, नवप्रवर्तनात्मक, व्यवसायमूलक र प्रतिस्पर्धी बनाउने

५. सवै गाउँपालिकाबासिकालागि जीवन पर्यन्त शिक्षाको अवसर सिर्जना गर्ने

६. शैक्षिक क्षेत्रको विकास र व्यवस्थपन बाट गाउँपालिकाको आन्तरिक अर्थतन्त्रलाई बलियो र दिगोे बनाउने

७. स्थानीय संरचना बमोजिम सवै तहका शैक्षिक संस्थामा सुशासन कायम गर्ने ।

४.२.५ रणनीति

१. गाउँपालिका शिक्षा योजना तयार गर्ने तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका,तथा कार्यविधि तयार गर्ने

२. गाउँपालिका क्षेत्र भित्रका बालविकास केन्द्र र पूर्व प्राथमिक विद्यालय,सामुदायिक तथा संस्थागत विद्यालय तथा उच्च शिक्षाकालागि स्थापित शिक्षण संस्थाहरू मापदण्ड बमोजिमका न्यूनतम भौतिक पूर्वाधार निर्माण गरी सुविधा सम्पन्न  बनाउने ।

३. विद्यालय उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गर्ने साथै बिचैमा विद्यालय छाड्ने दर घटाउने ।

४. बालमैत्री वातावरण विकास गरी शैक्षिक गुणस्तर सुधार गर्ने ।

५. प्राविधिक र व्यवसायिक शिक्षाको विकास र विस्तार बाट दक्ष, क्षमतावान र सीपयुक्त जनशक्ति उत्पादन गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३४ मा प्रस्तुत गरिएको छ ।

तालिका ३४ शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| प्राथमिक तहमा (१ देखि ५ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ८५ | ८५ | ९० | ९४ | ९५ |
| साक्षरता दर (१५ बर्ष भन्दा माथि) | प्रतिशत | ८५ | ८५ | ९५ | ९५ | १०० |
| आधारभुत तह (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९० | ९० | ९२ | ९४ | ९५ |
| माध्यमिक तह (९ देखि १२ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ५२ | ५५ | ६० | ६५ | ७० |
| कक्षा १० को उतिर्ण दर | प्रतिशत | ६० | ६३ | ६८ | ७२ | ७५ |
| १५ देखि २४ वर्ष उमेर समूहका महिलाको साक्षरता दर | प्रतिशत | ७१ | ७३ | ७८ | ८२ | ८५ |
| १५ देखि २४ वर्ष उमेर समूहका पुरुषको साक्षरता दर | प्रतिशत | ९० | ९२ | ९४ | ९८ | १०० |
| पक्की शौचालय भएका विद्यालय | संख्या | २० | २० | २० | २० | २० |
| छात्रछात्राको अलग–अलग शौचालय भएको विघालय | प्रतिशत | २० | २० | २० | २० | २० |
| कुल बालबालिका मध्ये बिद्यालय गएको संख्या | प्रतिशत | २१.५ | १५ | १० | ५ | ० |
| विद्यालय निरन्तरता दर | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३५ शिक्षा, विज्ञान तथा प्रविधि उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | १८०८१० | १४०८१० | ४०००० | ० | १३६० | २५५६०० | ४८५० | ० |
| २०८२/८३ | २०४०४४ | १५८९०४ | ४५१४० | ० | ९४० | २५७५४८ | ८५५६ | ० |
| २०८३/८४ | २२९८९६ | १७०१२३ | ५९७७३ | ० | ११५५ | २७६६१८ | १५१२३ | ० |

४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३६मा प्रस्तुत गरिएको छ ।

तालिका ३६ : शिक्षा, विज्ञान तथा प्रविधि उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गुणस्तर शिक्षा प्रवद्र्धन कार्यक्रम | गुणस्तरीय शिक्षामा विद्युतीय सूचना प्रविधिको उपयोग गर्नु । | सालबसाली | | २१ विद्यालयमा को उपयोग गरी शिक्षामा गुणात्मक वृद्धि भएको हुनेछ । |
| २ | विद्यालय पुर्वाधार निर्माण तथा सुधार | विद्यालयको सुबिधायुक्त भवन निर्माण गर्नु । | २०८१/८२ देखि २०८३/८४ सम्म | | विद्यालय भवन निर्माण भई प्रभावकारी रुपमा शैक्षिक गतिविधि सञ्चालन भएको हुनेछ |
| द्व३ | विज्ञान तथा प्रविधि प्रवद्र्धन कार्यक्रम | विज्ञान तथा प्रविधिको सम्बद्र्धन गर्नु | सालबसाली | | खोज, अन्वेषण तथा उन्नत प्रविधिको प्रवद्र्धन तथा विस्तार भएको हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शैक्षिक क्षेत्र विकास कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | | सामुदायिक विद्यालयको भौतिक संरचनामा सुधार, शैक्षिक पहुँच, खेलकुद, गुणस्तरमा हालको अवस्थाबाट ३० प्रतिशतले वृद्धि भएको हुनेछ । |

### ४.२.९ अनुमान तथा जोखिम

सङ्घीय शिक्षा ऐन तथा नियमावली जारी एवम्समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर उपलब्ध भएको हुनेछ । नवीनतम प्रविधिको उपयोग, अन्तर—सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचमा समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुनेदेखिन्छ । उपरोक्त परिस्थिति निर्माण हुन नसकेका अपेक्षित उपलब्धि हासिल हुन कठिन हुनेछ ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

शुद्ध र सुरक्षित खानेपानी उपभोग गर्न पाउनु साथै स्वस्थ र सुरक्षित वातावरणमा जन्मन तथा हुर्कन पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । यस यस पालिकामा (१४.६३ ५) घर धुरीले पाइपलाईन बाट खानेपानीको सुविधा उपभोग गरिरहेका छन् भने ६५.६१ ५ निकट भविश्यमा खानेपानीको सेवा उपभोग गर्न पाउने अवस्था रहेको छ । गाउँपालकाको प्रोफाइलका आधारमा पानीको श्रोतको प्रयोगको अध्ययन गर्दा १२१७ घरपरिवारले धारा तथा २५८२ घरपरिवारले ट्यूवेलको पानी उपभोग गरिरहेका छन् भने ५३ घरपरिवारले सार्वजनिक कल, १२२ परिवारले इनार र १३७ परिवारले जरुवा पानीको उपभोग गरेका छन् । वर्तमान आधुनिक दुनियको यस परिवेशमा पनि यस पालकाका १३७ घरपरिवार खोलाको, २ घरपरिवार आकासे पानीको, १ घरपरिवार नहरको पानी उपभोग गर्न बाध्य भईरहेको अवस्था छ । सरसफाईको हकमा यस पालिकाका अधिकाङ्स घर तथा बस्तीहरूबाट निस्कने फोहोरमैला मध्ये ८० ५ को हाराहारीमा जैविक फोहोर निस्कने गरेको, यसरी निस्किएको जैविक फोहोरमैला घर नजिकैको बारीमा खाल्डो बनाएर मल बनाउन प्रयोग गर्ने गरेको, थायी फोहोरमैला प्रशोधन केन्द्ररल्यान्डफिल्डरडम्पिङ साइट नभएको, अजैविक फोहोरको रुपमा निस्कने फलाम, टिना, ब्याट्री, सिसाका बोतल जस्ता बस्तुहरू घरघरमा आउने अनौपचारिक सङ्कलकहरूलाई सम्बन्धित घरधनीले विक्रि गर्ने गरेको, प्लाष्टिक र अन्य अजैविक फोहोरहरू जलाउन वा अब्यवस्थित विसर्जन गर्ने गरेको, फोहरपानी प्रसोधनशाला नभएको, वडा नं. ४ को आइतवारेमा १ वटा सार्वजनिक शौचालय रहेको साथै करिव ७१ घरपरिवारको शोचालयनै नभएको अवस्था छ । फोहोरमैला व्यबस्थापन सम्बन्धी पालिका स्तरीय दिगो योजना समेत तर्जुमा भएको छ । सरकारी, नीजि र समुदायको त्रिपक्षीय सहकार्यमा

आधारित खानेपानी तथा सरसफाई कार्यक्रम पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तनबारे कार्यक्रम सञ्चालन गरिएको छ ।

४.३.२ समस्या तथा चुनौती

यस पालिकाको वडा नं. ६ को अधिकांस भू(भाग पहाडी क्षेत्रमा रहेका कारण बर्षेनि बाढी तथा पहिरोले खानेपानीका संरचना भत्काउने गरेको, प्राकृतिक तथा मानवजन्य कृयाकलापले पानीको स्रोतहरू सुक्दै हराउँदै जानु, अपेक्षा गरिए बमोजिम खानेपानी पूर्वाधारहरू निर्माण गर्न तथा खानेपानी सेवालाई सुरक्षित र भरपर्दो बानउ सकिएको छैन । मानव वस्तीको विकास र विस्तार सँगै मानवीय कृयाकलापका कारण सिर्जित हुन गएको फोहोरमैलाको उचित व्यवस्थपन स्थल र प्रविधिको प्रयोग गर्न नसकिएका कारण बस्ती, नदीनाला, जलाशय तथा वातावरण प्रदूषित हुने क्रम बढ्दै गएको छ ।

खानेपानी तथा सरसफाईका संरचनालाई जलवायु परिवर्तन अनुकुल र वातावरण र विपद् व्यवस्थापन मैत्री बनाउन, बढ्दो सहर उन्मुम बस्ति विकासको माग धान्नेगरीको पूर्व तयारीमा बस्न, सुकुम्वासी परिवारमा खानेपानीको पहुँचमा कमी, खानेपानी वितरणमा समानता नहुनु, ढल व्यवस्थापनको भरपर्दो बिधि अपनाउन नसक्नु, ढल प्रशोधनको अभावमा पानी प्रदुसित बन्दै जानु खानेपानी तथा सरसफाई क्षेत्रका चुनौती हुन ।

४.३.३ लक्ष्य

खानेपानी र सरसफाईका लागि आवश्यक न्यूनतम पूर्वाधार समेतको निर्माण विकास गरी सवै गाउँपालिकाबासिलाई खानेपानी तथा सरसफाई सेवाको पहुँचको सुनिस्तितताका साथमा गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्ने ।

४.३.४ उद्देश्य

१. असुरक्षित खानेपानी र अनियन्त्रीत फोहोरमैला बाट स्वास्थ्य क्षेत्रमा सिर्जना हुन सक्ने सम्भावित जोखिमबाट गाउँपालिका बासीलाई सुरक्षित राख्नु ।

२. जलवायु परिवर्तन अनुकूल तथा विपदव्यवस्थापन मैत्री खानेपानी तथा सरसफाई सेवाको सुनिश्चित गर्नु ।

३. यस क्षेत्रको सेवा प्रवाहमा गाउँपालिकाको क्षमता विकास र विस्तार गर्नु ।

४. फोहोरमैलाको उचित प्रयोग बाट मानव जीवन उपयोगि बस्तुको उत्पादन गर्नु ।

५. वातावरणीय स्वच्छता कायम राख्नु ।

४.३.५ रणनीति

१. खानेपानी व्यवस्थापनका आवश्यक भौतिक पूर्वाधार निर्माण विकास गरी का साथमा सिदिङ्वा गाउँपालिका क्षेत्र भित्रका सवै गाउँपालिकाबासिले सहज रुपमा शुद्ध, स्वच्छ, सफा खानेपानी उपभोगको सुनिश्चिता गर्ने ।

२. खानेपानी व्यवस्थापनका आवश्यक भौतिक पूर्वाधार निर्माण विकास गरी का साथमा सिदिङ्वा गाउँपालिका क्षेत्र भित्रका सवै गाउँपालिकाबासिले सहज रुपमा शुद्ध, स्वच्छ, सफा खानेपानी उपभोगको सुनिश्चिता गर्ने ।

३. गाउँपालिका क्षेत्र भित्र फोहोरमैला प्रशोधन केन्द्रको स्थापना गर्ने साथै सरसफाईको दिगो व्यवस्थपन गरी पूर्ण सरसफाईको सुनिश्चिता गर्ने ।

४. खानेपानी तथा सरसफाई आयोजनाहरूलाई जलवायु अनुकूलत तथा विपद् जोखिम न्यूनिकरण हुने गरी दिगोपना कायम गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आवाधिक योजना तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३७ मा प्रस्तुत गरिएको छ ।

तालिका ३७ : खानेपानी तथा सरसफाई उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ६५ | ६५ | ७० | ८० | ९० |
| सरसफाई सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ४५ | ५० | ५५ | ६५ | ७० |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | १० | ११ | १४ | १८ | २० |
| शौचालय भएका परिवार | प्रतिशत | ८५ | ८६ | ९० | ९५ | १०० |
| सार्वजनिक शौचालय | संख्या | ८ | ८ | १० | १३ | १५ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा, मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी र सरसफाई उप—क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान तालिका ३८ मा रहेको छ ।

तालिका ३८ : खानेपानी तथा सरसफाई उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८०/८१ | १५५१५ | ५००० | १०५१५ | ० | २२३८ | ९६८६ | ३५९१ | |
| २०८२।८३ | १७५०९ | ५६४३ | ११८६६ | ० | २७०० | १०९६८ | ३८४१ | |
| २०८२।८३ | १९७२७ | ६३५७ | १३३७० | ० | २११६ | १३५१० | ४१०१ | |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३९ मा प्रस्तुत गरिएको छ ।

तालिका ३९ : खानेपानी तथा सरसफाई उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| १ | सबैलाई स्वच्छ खानेपानी एव सरसफाई सम्बन्धि कार्यक्रम | खानेपानी, सरसफाई सेवा, सुविधा प्रभाबकारी गराउनु । विपन्न परिवारलाई सुविधा उपलब्ध गराउनु | सालबसाली | | सबैलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था हुनेछ । विपन्न परिवारले आधुनिक शौचालय निर्माण हुनेछन् । |

### ४.३.९ जोखिम तथा अनुमान

सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच स्वच्छ खानेपानी तथा सरसफाईको क्षेत्रमा सहकार्य र साझेदारी निरन्तर रहेको हुनेछ । जलवायु परिवर्तबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाब, आयोजनाको ढिलो कार्यान्वयन, अन्तर—सरकार सहकार्यमा कमी र सरसफाईमा समुदायस्तरको जागरुकताको कमीले खानेपानी तथा ससरफाई क्षेत्रसँग सम्बन्धित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्नेछ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

लैङ्गिक समाना तथा महिला सशक्तिकरण, बालमैत्री स्थानीय शासनको माध्यम बाट बाल अधिकार संरक्षण र सम्बद्र्धन साथै लक्षित बर्गको सामाजिक समावेशीकरण र सशक्तिकरण आजका मूख्या सवालहरूको रुपमा रहेका छन् ।

दिगो विकास लक्ष्यमा समेत बालबालिकाको हक अधिकार स्थापित गर्न विषयगत परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । अन्तराष्ट्रिय स्तरमा गरिएका सन्धी सम्झौता बमोजिम नेपालले महिला,

बालबालिका तथा किसोरकिसोरी विरुद्ध हुने सवै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गर्ने सङ्कल्प सहितका परिमाणात्मक लक्ष्य पन्ध्रौ योजना मार्फत स्पष्ट रुपले अघि सारको अवस्था छ । गरिवी न्यूनिकरण, मर्यादित जीवन र सुरक्षित भविश्यको सुनिस्चितताकालागि सामाजिक सुरक्षा र संरक्षण एक अनिवार्य सर्त हो । सामाजबाद उन्मुख लोककल्याणकारी राज्यको अवधारण बमोजिम कमजोर, बिपन्न र विभिन्न जोखिममा रहेका प्रत्येक नागरिक र समुदायको जीवनयापनलाई सहज बनाउन र सवै नागरिकको जीवन सुरक्षित, संरक्षित र गुणस्तरीय बनाउन सामाजिक सुरक्षा उपलब्ध गराउनु तीनै तहका सरकारको दायित्व भित्र पर्दछ । यसै जिम्मेवारी र दायित्व बोधका साथ यस पालिकामा समेत समाजमा पछि परेका तथा पारिएका व्यक्ति, परिवार वा समुह, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति समेतको सर्वोत्तम हित हुने गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन व्यवस्थापन हुँदै आएका छन् ।

यस गाउँपालिकाले आफ्नो स्थापनाकाल बाटै माथि उल्लेख भए बमोजिमका राष्ट्रिय सङ्कल्प र नेपाल पक्ष रहेका सन्धी सम्झौता बमोजिमका कार्यक्रहरूलई नीतिगत र कानूनी आधार निर्माण गरी आफ्नो सञ्चालन व्यवस्थापन गर्दै आएको अवस्था छ ।

### ४.४.२ समस्या तथा चुनौती

बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच नहुनु, बाल सहभागितको विषय ओझेलमा रहनु, पारिवारिक तथा सामाजिक रुपमा हुने नकारात्मक प्रभावका कारण विद्यालय भर्ना भएका बालिबालिका समेत विचैमा कक्षा छाड्न बाद्य हुनु, बालविवाहबाट बालिकाको जीवनमा हुने हानि नोक्सानी र जोखिमका बारेमा सवै अभिभवकलाई सचेत गराउन नसकिनु जस्ता समस्या यस क्षेत्रमा रहेका छन् । सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन, उपयुक्त र नतिजामुखी योजना तर्जुमा गर्न, लगानी र स्रोतको अनुमानलाई सकेसम्म यथार्थपरक बनाउन आवश्यक पर्ने आवश्यक सूचना र तथ्याङ्कको कमी हुनु, जातजाती विचको छुवाछुत प्रथा कायमनै रहनु, जेष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्यापत हुन नसक्नु, जेष्ठ नागरिक सँग रहेको ज्ञान र सीपलाई नयाँ पुस्तामा हस्तारन्तरण हुन नसक्नु, अपाङ्गमैत्री शिक्षाको अभाव रहनु, अपाङ्गता भएका बालबालिका विद्यालय बाहिर रहनु, भौतिक संरचना अपाङ्गमैत्री नहुनु, आर्थिक कृयाकलाप, सेवाको प्राप्ति र अवसरमा समान पहुँच हुन नसक्नु, सामाजिक सुरक्षा कार्यक्रममा निजी क्षेत्र र रोजगारदाताको सहभागिता न्यून रहनु जस्ता समस्या यस पालिकामा विद्यमान समस्याहरु छन् ।

शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिता जस्ता विषयलाई केन्द्रमा राखि विद्यमान विश्वमा विकास भएको विज्ञान र प्रविधि अनुकूल बालबालिकाको हक हित संरक्षण र सम्बद्र्धन गर्ने, बालश्रम, बालविवाह लगायत पारिवारिक तथा सामाजिक रुपमा गहिरो जरो गाडेका कुरिती, कुसंस्कारमा आमुल परिवर्तन गर्दै उत्पिडनको अन्त्य गरी भय रहित पारिवारिक, सामुदायिक तथा सार्वजनिक वातावरण सिर्जना गर्न, अनाथ, असहाय र जोखिममा परको बालबालिकाको उद्धार गरी पुनस्थापना गर्ने, सामाजिक सञ्चारका श्रोतको सहिसदुपयोगको वातावरण विकास गर्ने जस्ता कार्य चुनौतीको रुपमा रहेका छन् ।

४.४.३ लक्ष्य

गाउँपालिकाका आर्थिक, सामाजिक, सांस्कृतक, वातावरण र संस्थगत विकास र विस्तार सँग जोडिएका कार्यक्रमहरूमा महिला, बालबालिका, अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्ति, लक्षित समुदाय, सकृयता र स्वास्थ्य अवस्थाका आधारमा जेष्ठ नागरिकको सार्थक सहभागिता गराई सारभूत समानता कायम गर्दै सवै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण बाट मुक्त गर्ने साथै सम्मानित, सुरक्षित, व्यवस्थित र आत्म निर्भर जीवन यापनको सुनिस्चितता गर्ने ।

४.४.४ उद्देश्य

१. लैङ्गिक उत्तरदायी स्थानीय शासनको संस्थागत व्यवस्थापन गरी पारिवारिक, समाजिक तथा संस्थागत रुपमा महिलाको सम्मानित जीवन यापनको सुनिश्चित वातावरणको विकास गर्ने

२. पालिका भित्र महिला, बालबालिका, किशोर, किशोरी विरुद्ध हुने सवै प्रकारका हिंसा, भेदभाव र शोषण तथा उपेक्षाको अन्त्य गर्ने

३. दिगो विकासको माध्यम बाट आर्थिक समृद्धि हाँसिल गर्न गाउँपालिकाका हरेक अङ्गमा महिलाको समान सहभागिता, अग्रसरता र नेतृत्वदायी भूमिकाको सूनिश्चितता गर्ने

४. बालबालिकाका नैसर्गिक अधिकारका रुपमा स्थापित बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको संरक्षण, संमद्र्धन र विकास गर्ने

५. पारिवारिक, आर्थिक र कानूनी संरक्षणको माध्यमबाट जेष्ठ नागरिकको हक अधिकारको संरक्षण र सम्बद्र्धन गर्ने साथै अवस्थाका आधारमा आवश्यक सेवा सुविधा उपलब्ध गराउने

६. जेष्ठ नागरिक सँग रहेको ज्ञान, सीप र अनुभवलाई गाउँपालिकाको समृद्धिमा सदुपयोग गर्ने

७. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने

८. पालिका क्षेत्र भित्र रहेका सवै प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज जीवन यापनकालागि पुनर्स्थापना, स्वास्थ्य उपचार तथा सहयोगि सामाग्रिको व्यवस्था गर्ने ।

९. अपाङ्गमैत्री भौतिक संरचना निर्माणको सुनिस्चितता सँगै सवै प्रकारका सार्वजनिक तथा सामुदायिक भौतिक संरचना, यातायतका साधन, सूचना तथा सञ्चार लगायतमा उनिहरूको पहुँच स्थापित गर्ने ।

१०. गाउँपालिका क्षेत्र भित्र महिला, बालबालिका, जेष्ठ नागरिक, लक्षित समुदाय र अपाङ्ग मैत्री वातावरणको सुनिश्चितता गर्ने ।

४.४.५ रणनीति

१. आर्थिक र सामाजिक समानताको आधारमा गाउँपालिकाको विकास र सामाजिक रुपान्तरणको नेत्रीत्व गर्न सक्ने गरी महिलाहरूको क्षमता विकास गर्ने साथै पालिका क्षेत्र बाट महिला हिंसा, शोषण तथा लैङ्गिक विभेदको अन्त्य गर्ने

२. बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनतिक योजनाको माध्यम बाट बालमैत्री गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरी पारिवारिक, संस्थागत तथा समुदाय स्तरमा बालमैत्री सोच, व्यवहार र आचरणको सुनिश्चिता गर्ने

३. गाउँपालिका क्षेत्र भित्र रहेका जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवको सदुपयोग र सामाजिक शुरक्षाकालागि जेष्ठ नागरिक मिलन केन्द्र, कानूनी सहायता केन्द्र, स्वास्थ्य उपचार केन्द्र जस्ता केन्द्र तथा चौतारीहरूको निर्माण, व्यवस्थापन र सञ्चालन का साथमा उनिहरूको पारिवारिक, सामाजिक शुरक्षा र आत्मसम्मानको सुनिस्चितता गर्ने

४. क्षमताका आधारमा अध्ययन अध्यापन, सीप विकास, व्यवासाय प्रवद्र्धन, पूर्वाधार विकास र सामाजिक सुरक्षा तथा अवसरको समेत व्यवस्थापन र श्रृजना गरी  अपाङ्ग तथा फरक क्षमता भएकाहरूको आत्मसम्मान अभिवृद्धिको सुनिस्चिताका साथ सिदिङ्वा गाउँपालिका अपाङ्ग तथा फरक क्षमता मैत्री गाउँपालिकाको रुपमा विकास गर्ने ।

५. लैगिंक अडिट तथा लैगिंक उत्तरदायी बजेटको अवधारणलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४१० मा प्रस्तुत गरिएको छ ।

तालिका ४० महिला, बालबालिका तथा लक्षित वर्ग उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| | संख्या | | | | | |
| ५ बर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७२ | ७५ | ८५ | ९५ | १०० |
| गाँउपालिकाभित्र रहेका बालगृह | संख्या | ० | ० | ० | १ | २ |
| नगरसभामा महिला सहभागिता | प्रतिशत | ३३ | ३४ | ३६ | ३८ | ४० |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| नगरस्तरीय संघ/महासंघमा महिला सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| जमीन तथा सम्पत्तिमा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | १६.७ | १९.५ | २४ | २८ | ३० |

४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४१ : महिला, बालबालिका तथा लक्षित वर्ग उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | ६५५९ | ४५५९ | २००० | ० | २६२.४ | ५४४४ | ८५२.७ | |
| २०८२/८३ | ७४०२ | ५१४५ | २२५७ | ० | २९६.१ | ६१४४ | ९६२.३ | |
| २०८३/८४ | ८३४० | ५७९७ | २५४३ | ० | ३३३.६ | ६९२३ | १०८४ | |

४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४२ मा प्रस्तुत गरिएको छ

**तालिका ४२ : महिला, बालबालिका तथा लक्षित वर्ग उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका सामाजिक संरक्षण र समावेशीकरण कार्यक्रम | लक्षित वर्गको सशक्तिकरणलाई प्रभावकारी बनाउनु | सालवसाली | | लैगिंक उत्तरदायि बजेटमा आधारित लक्षित वर्गको सरक्षण, सबलिकरण, सशक्तिकरणका प्रभावकारी सेवा हुनेछ । |
| २ | अपाङ्गता भएका व्यक्ति संरक्षण र सशक्तीकरण कार्यक्रम | वर्गीकृत परिचय पत्र, सहायक सामग्री र | | | |
| ३ | सचेतनामा वृद्धि गर्नु | सालवसाली | | प्हिचान भएका अपाङ्गता भएका | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | व्यक्तिले परिचयपत्र पाइ | | | | |

४.४.९ जोखिम तथा अनुमान

लक्षित वर्गको कार्यक्रम कार्यान्वयनका लागि प्रयाप्त श्रोतको व्यवस्था भएको हुनेछ । अन्य तहको सरकार र सरोकारवाला निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता रहनेछ । उल्लेखित अवस्था कायम हुन नसकेमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

४.५ युवा, खेलकुद तथा नवप्रवर्त्तन

४.५.१ पृष्ठभूमि

उत्पादन क्षमता र श्रम शक्तिको प्रमुख आधार हुन् । कुनै पनि प्रकारको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन यूवा शक्तिलाई अलग गरेर सम्भव छैन र रहदैन पनि । युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र यूवा उद्यमशीलताकालागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नु पर्ने व्यवस्था गरेको छ । सिदिङ्वा गाउँपालिकामा ८४४६ (कुल जनसङ्ख्याको ३८.२८ प्रतिसत) रहेका छन् । यती बलियो जनशक्तिको उपस्थितिलाई आर्थिक समृद्धिमा परिचालित गर्नु आजको महत्वपूर्ण पक्षको रुपमा रहेको छ । खेलको माध्यमबाट बिभिन्न मुलुकहरूले आफ्नो पहिचानमा ब्यापकता ल्याउन र विश्वा सामु आर्थिक गतिविधिको बाटो निर्माण गर्न सकेका कयौं उद्धारण हाम्रो सामु छन् । यसपालकाले पनि आफ्नो स्थापनाकालबाटै खेलकुदको विकासमा योगदान गर्दै आएको अवस्था छ । यस पालिका भित्र वर्तमानमा विद्यालय स्तरका बाहेक ५ वटा खेलमैदानहरू रहेका र यीनै खेलमैदान मार्फत मध्यम स्तरका युवा खेलाडिहरूले खेलकुदका कार्यक्रम गर्दै आएका छन् ।

४.५.२ समस्या तथा चुनौती

युवा लक्षित नीति, योजना तथा कार्यक्रम प्रभावकारी हुन नसक्नु, बजारको माग बमोजिमका दक्ष युवा शक्तिको उत्पादन गर्न नसक्नु, यस पालिकाको आर्थिक विकासका मूल आधार कृषि, पशुपालन, उद्योग, व्यवसाय लगायतका बजारको माग र जनशत्तिको आपूर्तिबिच सामानजस्य नहुनु, वास्तविक तथ्याङ्कको अभाव रहनु, उद्यमशीलता र रोजगारीका अवसर सिमित हुनु, पालिका क्षेत्रको युवाशक्ति विदेश पलायन हुनु, विभेद, अन्धविश्वा र कुरिती जस्ता समाज विकासका बाधक अहिले पनि केहि मात्रामा रहिरहनु युवा विकासका समस्याहरू रहेका छन् । त्यस्तै खेलकुद तर्फ खेलकुदका सामाग्री अपर्याप्त रहनु, पालिका क्षेत्र भित्र नियमित रुपमा खेलकुदका कार्यक्रम सञ्चालन व्यवस्थाप गर्न नसकिनु, प्रशिक्षकको व्यवस्था गर्न नसक्नु, नियमित तालिम तथा प्रशिक्षणको व्यवस्था गर्न नसक्नु, खेलकुदको विकासका निजी क्षेत्र र समुदायको सम्लग्नता कम रहनु, सहासिक खेलकुदका कार्यक्रम सञ्चालन व्यवस्थापनका लगि उपयुक्त स्थलको छनौट र व्यवस्थापन हुन नसक्नु यस क्षेत्रका समस्याको रुपमा रहेका छन् ।

पालिका क्षेत्र भित्र रोजगारीका अवसर आवश्यकता बमोजिम सिर्जना गर्न, युवामा सकारात्मक सोचको विकास गरी श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न, वित्तीय श्रोतमा युवाको सहज पहुँच सुनिस्चित गर्न साथै यस पालिकाको सामाजिक, आर्थिक र सांस्कृतिक विकासका क्षेत्रमा युवाको सशक्त भूमिका स्थापित गर्न चुनौती रहेको छ । खेलकुदको विकासमा नयाँ प्रविधिको प्रयोग गर्न, व्यवसायिक खेलाडि उत्पादन गर्न, खेल क्षेत्रमा लागेका युवाहरूको भविश्य सुनिश्चित गर्न, भौतिक संरचना निर्माण विकासकालागि जग्गा जमिनको पर्याप्त व्यवस्था गर्न, निजी क्षेत्र र गैरसरकारी संघ संस्थाको लगानी आकर्षित गर्न चुनौती रहेको छ ।

४.५.३ लक्ष्य

क. युवा लक्षित कार्यक्रम सञ्चालन गरी स्वस्थ, सकारात्मक सोच भएका, सीपयुक्त, उद्यमशील, सिर्जनशील र कर्तब्य प्रति प्रतिवद्ध युवाहरूको उत्पादन गरी समृद्धि निर्माणको कार्यमा सकृय सहभागि गराउने

ख. खेलकुदको विकास र विस्तारको माध्यम बाट गाउँपालिकालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा परिचित र स्थापित गराउने

४.५.४ उद्देश्य

१. यूवाशक्तिको पूर्ण सदपयोग हुने गरी उद्यमशील, स्वरोजार तथा रोजगार बनाउने ।

२. यूवामा अन्तरनिहित क्षमता र दक्षताको अभिबृद्धि गर्नु ।

३. स्थानीय सरकार, सामाजिक, साँस्कृतिक र आर्थिक समृद्धि निर्माणका कृयाकलापमा युवाको सहभागता सार्थक र प्रभावकारी बनाउने ।

४. पालिका स्तरमा खेलकुद पूर्वाधरहरूको निर्माण विकास गर्नु ।

५. गाउँपालिका स्तर बाट व्यवसायिक खेलाडि उत्पादन गर्नु ।

६. खेलकुदको क्षेत्रलाई स्थानीय स्तरबाटै प्रतिस्पर्धी बनाउनु ।

७. खेलकुदका सवै आयामहरूलाई स्थानीयकरण गर्नु ।

४.५.५ रणनीति

१. आर्थिक विकास योजना तथा कार्यक्रम सँग आवद्ध गरी रोजगारी श्रृजना, शिप विकास, स्वरोजगार अभिवृद्धि, आर्थिक श्रोतको सुनिस्चिता सहितको समग्र यूवा विकास कार्यक्रम सञ्चालन व्यवस्थापन गरी स्वस्थ, सकारात्मक सोच भएका, सीपयुक्त उद्यमशील, सिर्जनशील र कर्तब्य प्रति प्रतिवद्ध युवाहरूको उत्पादन सहित सिदिङ्वा गाउँपालिका बाट रोजगारी र अवसरको खोजिमा विदेशिने यूवा यूवतीहरूको सङख्या घटाउने

२. युवा सम्मान तथा यूवा स्वयंसेवी संस्कृतिको विकास बाट गाउँपालिकाको समग्र विकास र सेवा प्रवाहमा गतिसिलता ल्याउने

३. सिदिङ्वा गाउँपालिकाको समग्र खेलकुदको विकासकालागि ब्यवस्थित तथा सुविधा सम्पन्न मापदण्ड बमोजिमको गाउँपालिका स्तरीय खेलमैदान तथा कभर्डहल साथै सवै वडाहरूमा वडा स्तरीय खेलमैदान र बिद्यालयहरूमा बिद्यालय स्तरीय खेलमैदानको निर्माण व्यवस्था गरी व्यवसायिक खेलाडिको उत्पादनका साथ राष्टिय तथा अन्तराष्ट्रिय स्तरमा गाउँपालिकाको पहिचान स्थापित गर्ने

४. खेलकुद क्षेत्रको विकासमा निजी क्षत्र, समुदय तथा संभ संस्थाको सहभागित र साझेदारी अभिबृद्धि गर्ने

५. नव प्रवद्र्धनको स्थानीय मौलिक प्रविधिहरुको पहिचान प्रनद्र्धन गर्ने ।

४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४३ मा प्रस्तुत गरिएको छ ।

तालिका ४३ : युवा तथा खेलकुद उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| युवाक्लब, संजाल तथा संस्था | संख्या | | | | | |
| युवा बेरोजगारी दर | प्रतिशत | ३५.८ | ३० | २५ | १५ | १० |
| प्राविधिक र व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्य (वार्षिक) | संख्या | ० | ० | १०० | २०० | ५०० |
| खेल मैदान | संख्या | ८ | ९ | १० | ११ | ११ |
| पालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | ४ | ६ | ८ | ९ | १० |

४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४४ मा प्रस्तुत गरिएको छ

तालिका ४४ : युवा तथा खेलकुद उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | १५५० | १४५० | १०० | ० | ९७० | ५८० | ० | ० |
| २०८२।८३ | १७४९ | १६३६ | ११३ | ० | ११४२ | ६०७ | ० | ० |
| २०८३।८४ | १९७१ | १८४४ | १२७ | ० | १२५३ | १८४ | ५३४ | ० |

४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४५ मा प्रस्तुत गरिएको छ ।

तालिका ४५ : युवा तथा खेलकुद उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा सृजनशिलता, प्रर्बद्धन कार्यक्रम युवा तथा खेलकुद सम्बन्धी अन्य कार्यक्रम | युवाहरुमा सीप प्रदान गरी स्वरोगारीमा अभिवृद्धि गर्नु । खेल प्रतिभाको विकास तथा स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | २००० | युवाहरुमा स्वाबलम्बी सीपको विकास भई आत्मनिर्भर हुनेछन् । युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ । |

४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुदसम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भएको हुनेछ । खेल विकासका लागि प्रशिक्षण, सामग्री र खेलाडीलाई प्रोत्साहन भएको हुनेछ । उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## परिच्छेद ५ : पूर्वाधार क्षेत्र

### ५.१ भवन, आवास तथा बस्ती विकास

#### ५.१.१ पृष्ठभूमि

स्थानीय सरकारको रुपमा स्थापित र कृयाशिल सिदिङ्वा गाउँपालिकाको अधिकाङ्स क्षेत्र ग्रामिण स्तरको छ । सामान्य स्तरका साप्ताहिक हाट बजार बाहेक यस पालिका भित्र शहर उन्मुख बजार केन्द्रहरूको भरपर्दो आधार सहितको विकास भै सकेको छैन । समतल भूभागका केहि स्थान बाहेक अधिकाङ्स स्थानको बस्ती छरिएर रहेको, यस पालिका भित्र निर्माण भएको करिव ८५ प्रतिसत भन्दा बढी घरहरू पूर्ण रुपले कच्ची रहेको अनुमान गरिएको छ भने नक्सा पास गरेर मात्र भवन निर्माण गर्ने बानीको विकास भर्खरै मात्र बस्दै गएको छ । सिदिङ्वा गाउँपालिकाको वडा नं. ६ पहाडी क्षेत्रमा रहेको तथा क्षेत्रफलको हिसावले अन्यत्रको तुलनामा समेत बढी रहेका कारण यस क्षेत्रमा बासोबास गर्नेहरूको वस्ती अत्याधिक छरिएको अवस्थामा छ भने समतल भू(भागमा रहेका अन्य वडाहरू बस्ती पातलो रहेको अवस्था छ । सिदिङ्वा गाउँपालिकाले विगतमा निर्माण भएका सबै प्रकार र प्रकृतिका भवनहरूको वर्तमान अवस्था सहित कार्यपालिकामा अभिलेखिकरण गर्ने कार्य गरिरहेको छ भने अब बन्ने नयाँ संरचना अनिवार्य रुपले गाउँपालिका बाट नक्सा पास गराएर मात्र निर्माण गर्न पाउने साथै यसरी निर्माण गरिने व्यक्तिगतरपारिवारिक तथा सार्वजनिक भवन भूकम्प प्रतिरोधी हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । नेपालको अन्य भू(भाग जस्तै यो गाउँपालिका पनि भूकम्प लगायत बहुविपद जोखिमयुक्त स्थानमा अवस्थित छ । तसर्थ भवन संहितालाई कडाईका साथ कार्यान्वयन गर्नु, हाल रहेका भवनको जोखिम परिक्षण गरी आवश्यकता अनुसार सवलीकरण गर्नु, वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाब्य र प्राविधिक दृष्टिले उपयुक्त र सुरक्षित भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन, परम्परागत निर्माण प्रविधि र बस्तुकलाको संरक्षण, प्रोत्साहन र जगेर्ना गर्नु गाउँपालिकाको जिम्मेवारी भित्र रहेको छ । यस पालिकाको प्रोफाइलका आधारमा वर्तमान अवस्थामा करिव २.१५ प्रतिसत घरहरूको छाना आरसिसि ढलान भएका, ९२.८ प्रतिसत घरहरू टिनाको छाना भएका, ३.५ प्रतिसत जती खर तथा परालले छाएका रहेको देखिन्छ ।

#### ५.१.२ समस्या तथा चुनौती

यस पालिकाको अधिकांश बस्ती छरिएर रहेकोले एकीकृत वस्ती विकास अवधारणाको पूर्वाधार सुविधाहरुको एकैनासको पहुच स्थापना गर्न सकिएको छैन । वस्ती विकासकालागि आर्थिक श्रोतको समस्या रहेको, चुरे भूगोलभित्रको असुरक्षित बस्ती र कमजोर संरचनाका कारण प्राकृतिक प्रकोपका कारण बर्षेनी ठूलो धनरासी नोक्सान भईरहेको, निर्माण सामाग्रीको मूल्य बृद्धिका, महङ्गो श्रम शक्ति, कमजोर आर्थिक स्थितिका कारण व्यक्तिगत रुपमा दुर्गम टोल बस्तीमा बसोबास गर्ने गाउँपालिकाबासिले आफ्नै लगानीमा भवन निर्माण गर्दा खर्चिलो र लागत बढी हुने गरेको, परम्परागत निर्माण सामाग्रीको प्रयोग दिन प्रति दिन साघुरिदै गएको आदी अहिलेका यस पालिकाका विद्यामान समस्या रही आएका

छन् । भवन संहितामा स्थानीबासीको सहभागित उत्साहजनक रहेको छैन भने गुणस्तरीय निर्माण सामाग्रीको सहज उपलब्धता र निर्माण कार्यको गुणस्तरताको सुनिश्चितता गर्न कठिन रहेको छ । यस पालिकाको हकमा प्राविधिक जनशक्तिको न्यूनताका कारण यस प्रावधानलाई कडाईकासाथ कार्यान्वयनमा ल्याउन कठिन भईरहेको छ भने कम लागतका भूकम्प प्रतिरोधि संरचनाका बारेमा अध्ययन अनुसन्धान गरी स्थानीयबासीलाई जानकारी र सहभागिता गराउन सकिएको छैन ।

वर्तमानको आवश्यकता बमोजिम नयाँ प्रविधिलाई प्रयोगमा ल्याउने, गाउँपालिका भित्र निर्माण हुने भवन तथा संरचनाहरू सुरक्षित अवस्थाको सुनिश्चितता रहने गरी निर्माण गर्ने, परम्परागत सीप, निर्माण प्रविधि तथा बस्तुकलाको संरक्षण र सम्बद्र्धन गर्ने तथा निर्माण कार्यमा सम्लग्न सवै जनशक्तिलाई समयानुकुल तालिम प्रदान गरी दक्ष बनाउने एवंम् जोखिम मुक्त बस्ती निर्माण जस्ता कार्य चुनौतीको रुपमा रहेका छन् ।

### ५.१.३ लक्ष्य

पालिका क्षेत्र भित्रका स्थानीबासीको चेतनाको स्तर र अवस्थामा सकारात्मक अभिबृद्धि गरी योजनाबद्ध एकीकृत बस्ती विकास, सुरक्षित, आकर्षक, वातावरणमैत्री र भूकम्प प्रतिरोधी किफायती भवन निर्माण गरी दिगो र भरपर्दो आवासको सुनिश्चितता गर्ने ।

### ५.१.४ उद्देश्य

१. गाउँपालिकाबासीको आवश्यकता र चाहाना बमोजिमका उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुलभ र उत्थानशील आवमस निर्माण गर्नु तथा वर्तमान आवास व्यवस्थापनको स्तरोन्नती गर्नु

२. संघीय तथा प्रदेश सरकार साथै विकास साझेदारको सहयोग र साझेदारीमा एकीकृत वस्ती विकास गर्नु

३. आधुनिक माग बमोजिम उपयुक्त प्रविधि, नयाँ निर्माण सामाग्रीको प्रयोग र स्थानीय वस्तुकलाको मिश्रणबाट सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरूको निर्माण बाट जोखिम न्यूनिकरण गर्नु

### ५.१.५ रणनीति

१. गाउँपालिका क्षेत्रको भौगोलिक बनोट र अवस्थालाई आधार मानी भू(उपयोग योजना तर्जुमा गरी भौगालिक रुपमा विकट, विपद्को उच्च जोखिम युक्त क्षेत्र तथा स्थानमा रहेका बस्तीहरूलई एकीकृत वस्ती विकास गरी वा सामुहिक आवस गृह निर्माण व्यवस्थापन गरी स्थानान्तरण गर्ने

२. गाउँपालिकाबासीको आर्थिक हैसियत समेतलाई केन्द्रमा राखेर वतावरणीय हिसावले उपयुक्त, लागतको हिसावले किफायती, प्रविधिको हिसावल सुरक्षित र व्यवस्थित एकीकृत वस्तीहरूको निर्माण विकास गर्ने साथै उक्त वस्तीमा कमजोर आर्थिक अवस्था भएका लक्षित बर्ग र समुदायका परिवारलाई विशेष अवसर प्रदान गरी सुरक्षित आवसको सुनिस्चितता गर्ने

३. भवन संहिताको पूर्ण कार्यान्वयन मार्फत वर्तमानमा रहको सवै प्रकृतिक घर तथा भवनहरू अनिवार्य अभिलेखिकरण र नयाँ बन्ने घरको निर्माण इजाजत अनिवार्य लिनुपर्ने व्यवस्थालाई कडाइकासाथ कार्यान्वयनमा ल्याउने

४. गाउँपालिका क्षेत्रका सवै घरहरूमा घर नम्बर को अनिवार्य व्यवस्था गरी सूचन तथा सेवा प्रवाहमा सहजता ल्याउने

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४६ भवन, आवास तथा बस्ती विकास उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | | गत | चालु आ.व.सम्म | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | एकाई | आ.व.सम्मको उपलब्धि | को अनुमानित उपलब्धि | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| आधारभूत पूर्वाधार सहितका व्यवस्थित बजार | संख्या | NA | ० | १ | २ | ३ |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ३५ | ४० | ५० | ६० | ७० |
| घरवाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | ० | ० | ० | ० | २० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | २८ | ३० | ३५ | ४५ | ५० |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा बस्ती विकास, आवास तथा भवन उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४७ : भवन, आवास तथा बस्ती विकास उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | १०७१० | ७१० | १०००० | ० | २६७८ | ६९६२ | १०७१ | |
| २०८२/८३ | १२०८६ | ८०१ | ११२८५ | ० | ३०२२ | ७८५६ | १२०९ | |
| २०८३/८४ | १३६१८ | ९०३ | १२७१५ | ० | ३४०५ | ८८५२ | १३६२ | |

५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षितसहितको संक्षिप्त विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ४८ः भवन, आवास तथा बस्ती विकास उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुललागत | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| १ | सुरक्षिता आवास, भवन तथा शहरी विकास कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | ४००००००० | आवास, भवन तथा शहरी विकास सम्बन्धी |
| | बर्तमान भू(उपयोगलाई आधार विन्दु मानी वर्तमान आवश्यकता र दिगो विकास लक्ष्यलाई सार्थक वनाउन सिदिङ्वा गाउँपालिकाको भू(उपयोग नीति तथा योजना निर्माण भई सोको कार्यान्वयनकालागि आवश्यक ऐन, निमय, निर्देशिका वा कार्यविधि तयार गन | भू उपयोग अवधारणा अनुसार व्यबस्थित वस्ती विकास गर्नु | सालबसाली | ३००००,००० | सेवा सुचारु हुनेछ |
| | खर वा फुसको छाना भएका घरहरूको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने | सरक्षित र सम्मानजनक जीवन उपयोगको अवस्था सृजना गर्न्नु | सालबसाली | ३५००००० | नीतिगत सहजता हुनेछ । |

### ५.१.९ जोखिम तथा अनुमान

भू उपयोग योजना तयार हुनेछ । भवन संहिताको कार्यान्वयन र मापदण्डको पालनाको अभिवृद्धि भएको हुनेछ । भवन, आवास र बस्ती विकासको क्षेत्रमा तीन वटै तहको सरकार तथा स्थानीय समुदाय बीच सुझबुझ, साझेदारी र सहकार्य अभिवृद्धि भएको हुनेछ । उपरोक्त परिवेशको निर्माण हुन नसकेका लक्ष्य हासिल हुनमा कठिनाइ हुनसक्छ ।

## ५.२ सडक, पूल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

आर्थिक समृद्धि निर्माणको अर्को महत्वपूर्ण संबाहक यातायात पूर्वाधारनै हो । यस पालिका भित्र कुल १८० वटा सडक विद्यमान रहेका छन भने वडागत छलफल बाट ७ वटा नयाँ सडक निर्माणका लागि प्रस्ताव भएका छन् । विद्यमान १८० वटा सडकमा करिव १६ कि.मि. कालोपत्रे, १५६ कि.मि. आंशिक कालोपत्रे सहित ग्राभेल, १२५.६ कि.मि. माटोका मात्र सतह भएका पूर्ण कच्ची समेत गरी कुल ३४१.५ कि.मि. सडक सञ्जाल निर्माण भई सकेको छ भने प्रस्तावित ७ वटा सडकको करिव २१.८ कि.मि. खण्ड नयाँ ट्र्याक खोल्नु पर्ने अवस्था छ । सडक सञ्जालाई सहज बनाउन तथा एक गाउँ वा टोलबस्ती बाट अर्को गाउँ वा टोलबस्ती जोड्न अति आवश्यक साधनको रुपमा रहेका पुल तथा कलभर्टहरूको हकमा ३ वटा पक्की पुल निर्माण भएका, करिव ३० मिटर र ६५ मिटरका गरी कुल ६५ मिटर लम्बाईका २ वटा पक्की पुल निर्माणाधिन अवस्थामा रहेका, कुल १०३० मिटर लम्बाई हुने विभिन्न स्थानमा गरी १५ वटा पक्की पुल निर्माणको आवश्यकता देखिएको छ । यसै गरी ससाना खोल्सीहरू कुल १५ वटा कलभर्ट निर्माण भईसकेका छन भने २२० मिटर लम्बाई हुने गरी २८ वटा कलभर्ट निर्माण गर्नुपर्ने अवस्था रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

स्रोत साधनको तुलनामा गाउँपालिकाको क्षेत्रफल ठूलो हुनु, मापदण्ड विना योजनाको छनौट र कार्यान्वयन हुनु, निजी क्षेत्रको व्यवसायिक क्षमता समयानुकुल विकास हुन नसक्नु, उपभोक्ताको सार्थक सहभागिता न्यून हुनु, सानासाना योजना धेरै हुनु, दक्ष प्राविधिक जनशक्ति न्यून हुनु तथा तालिम प्राप्त श्रमिकको अभाव रहनु, संस्थागत व्यवस्थापकीय क्षमता अपेक्षाकृत विकास गर्न नसकिनु, गुणस्तरीय निर्माण सामाग्रिको समयानुकुल अभाव रहिरहनु, सडक प्रति स्थानीयबासिको अपनत्व विकास हुन नसक्नु, खरिद ऐन बमोजिम न्यूनतम अङ्कमा ठेक्का लगाउनु पर्ने बाध्यकारी व्यवस्थाका कारण गुणस्तर कायम गर्न कठिनाई हुनु, जग्गा अधिग्रहण र साइट क्लियर गर्ने कार्यमा सहज नहुनु साथै जग्गा जमिनमा विवाद रहनु, स्थानीयबासीको अवरोध हुनु, चेकलिष्टका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतीको विकास नहुनु जस्ता समस्याहरू यस पालिकामा रहेका छन् ।

स्रोत र साधनको सिमितता काकारण सडक लगायतका पूर्वाधार निर्माणमा अपनाउनु पर्ने प्रविधि, लागत र गुणस्तरमा सन्तुलन कायम गर्ने, यस पालकाको वडा नं. ६ भौगोलिक हिसावले भिरोलो र जोखिम युक्त रहेकाले मापदण्ड बमेजिमका सडक लगायतका पूर्वाधार निर्माण गर्ने, स्थानीयबासिको माग पर्याप्त रुपले सम्बोधन गर्ने, प्रस्तावित योजना, आयोजना तथा परियोजनाहरूको प्राथमिकिकरण गर्ने, आयोजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याउने, सडक लगायतका निर्मित संरचनाकालागि दिगो रुपमा मर्मत संभारको सुनिश्चितता गर्ने, अन्तर स्थानीय तह तथा अन्तर सरकारी निकाय समन्वय र साझेदारी विकास गर्ने, योजनाका लागि आवश्यक पूर्व तयारीका सम्पूर्ण चरण समय सिमा भित्र पुरा गर्ने, प्राकृतिक प्रकोपबाट निर्मित सडक लगायतका पूर्वाधारलाई सुरक्षित राख्नुपर्ने जस्ता कार्य वर्तमान चुनौतीका रुपमा रहेका छन् ।

५.२.३ लक्ष्य

गाउँपालिका क्षेत्र भित्रका मानव बस्ती, उद्योग, व्यापार र व्यवसायिक क्षेत्र समेतका आर्थिक गतिविधि सँग जोडिएका सम्पूर्ण स्थान र क्षेत्रमा बाह्रै महिना यातायात साथै ढुवानी र निर्माण उपकरणहरूको सहजरुपमा आवत जावत हुन सक्ने गरी सडक, पुल, कलभर्ट सहितका यातायात पूर्वाधार सञ्जालको निर्माण विकास गरी पालिकाको आर्थिक समृद्धि हाँसिल गर्ने ।

५.२.४ उद्देश्य

१. गाउँपालिकका सवै वडाका महत्वपूर्ण क्षेत्र र स्थानमा न्यूनतम ग्राभेल सडक र अधिकतम कालोपत्रे सडक निर्माण गरी गाउँपालिकाको सन्तुलित विकासको आधार निर्माण गर्नु ।

२. वर्तमानमा भई रहेको यातायात तथा ढुवानी लागत खर्च घटाएर स्थानीयबासीको जनजीवन सञ्चालन व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउनु ।

३. सडक, पुल, कलभर्ट लगायतका संरचनाको सुरक्षा, संरक्षण र मर्मत सम्भार गरी सहज र सुरक्षित सवारी तथा ढुवानीका साधनको आवत जावतको सुनिस्चतता गर्नु ।

५.२.५ रणनीति

१. सडक गुरु योजना बमोजिमको सडक सञ्जाल निर्माण गर्ने

२. अन्तर सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने ।

२. सडक निर्माणलाई वातावरणमैत्री तुल्याउने ।

३. यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ वनाउने ।

४. सडक तथा नाली मर्मतलाई नियमित र व्यवस्थित गराउने ।

५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

अवाधिक योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४९ मा प्रस्तुत गरिएको छ ।

तालिका ४९ : सडक, पुल तथा यातायात उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८२/८३ | ०८३/८४ |
| १२ महिना सञ्चालन हुने सडकको २ कि.मि. वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | २५ | २५ | ४० | ६० | ७५ |
| धुले सडक लम्बाई | कि.मि. | २०० | २०० | २०० | २०० | २०० |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | ० | ० | २० |
| ग्राभेल सडक | कि.मि. | ८० | १०० | १२० | १४० | १६० |
| सडक नालीको लम्बाई | कि मि | ३० | ३५ | ४० | ४५ | ५० |
| पुल कल्भर्ट | संख्या | १० | १० | १० | १० | २० |

५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५० मा प्रस्तुत गरिएको छ ।

**तालिका ५० : सडक, पुल तथा यातायात उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | ११५८९४ | ३७५१ | ११२१४३ | | ८९७४ | ९७६४८.५ | ९२७१.५ | |
| २०८२।८३ | १३०७८६ | ४२३३ | १२६५५३ | | २६९७ | ११७६२६.१ | १०४६३ | |
| २०८३।८४ | १४७३५७ | ४७६९ | १४२५८८ | | ६८३९ | १२८०७४ | १२४४४ | |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५१ मा प्रस्तुत गरिएको छ ।

तालिका ५१ सडक, पुल तथा यातायात उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिदिङ्वा मार्ग | हरित नमुना सडक निर्माण हुने | २०८०/८१ देखि २०८२।८३ सम्म | १००००० | वातावरणमैत्री नमुना सडक निर्माण हुनेछ । |
| २ | सडक, पुल तथा यातायात कार्यक्रम | यातायात सुविधा व्यवस्थित र | सालबसाली | २९४०३७ | गुणस्तरीय, सुरक्षित, वातावरण मैत्री निर्माण भई यातायात व्यवस्थित हुनेछ । |

### ५.२.९ जोखिम तथा अनुमान

तीन वटै तहको सरकार बीच गुणस्तरीय सडक निर्माणमा सहकार्य र साझेदारीमा विस्तार भएको हुनेछ । विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना र कार्यक्रम प्रस्तावित भएअनुसार बजेट विनियोजन भई खरिद प्रक्रियाअनुसार समयमै आयोजना कार्यान्वयन भएको हुनेछ । प्राथमिकता प्राप्त आयोजनामा पर्याप्त लगानी, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

प्राकृतिक रुपले नेपाल जलश्रोतधो धनी देश हो । जलबिद्युत र सिंचाई जलश्रोतको प्रयोगका प्रमुख गन्तव्य हुन् । यस पालिका भित्र खोलानालाहरू पर्याप्त रहेका कारण ५०० किलोवाटको मावाखोला लघुजलविद्युत आयोजना, वडा नं. ६ बाट करिव २५४ घरपरिवारले लघु जलविद्युत आयोजना मार्फत उज्यालोका स्रोतको रुपमा प्रयोग गरिरहेको अवस्था छ । सिदिङ्वा गाउँपालिका सतप्रतिसत घर परिवारमा विद्युत सेवाको पहुँच पुग्न सकेको छैन । प्राप्त विवरणका आधारमा उद्योगको विकास र विस्तारकालागि आवश्यक विद्युत पूर्वाधारका साथै व्यापारिक क्षेत्र, कृषि क्षेत्र, सिंचाईको प्रवन्ध समेतकालागि अझै थप व्यवस्थापन गर्नु पर्ने अवस्था छ । यस गाउँपालिकामा २७७३ घरपरिवारले दाउराको प्रयोग गरिरहेको अवस्था छ । यस पालिका भत्रि उज्यालोको स्रोतको रुपमा विद्युतको प्रयोग गरिरहेका घर परिवार ५४ प्रतिशत रहेकोमा देखिन्छ । सौर्य उर्जाको प्रयोग १३६६ घरपरिवारले उपयोग गरिरहेको अवस्था छ । आर्थिक विकाससँग सम्बन्धित कृषि, पशुपालन, उद्योग, व्यापार तथा व्यवसायका क्षेत्रमा विद्युत उपयोग र व्यवस्थापन निकै कम रहेका कारण विद्युत वितरण पूर्वाधारलाई यसै आवधिक योजना मार्फत आवश्यकता पहिचानका आधारमा व्यवस्थापन गर्दै जना आवश्यक रहेको छ भने बैकल्पिक उर्जाको रुपमा सोलार र बायो ग्याँस प्लाण्टको समेत सम्भावना रहेकाले यसको समेत व्यवस्थापन गर्न अनिवार्य देखिन्छ ।

### ५.३.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्र बाट बग्ने खोलानाल साना हुनु तथा बर्षादको समयमा मात्र पानीको वहाव बढी रहनु, राष्ट्रिय विद्युत वितरण प्रणाली व्यवस्थित र सुदृढ नहुनु, पातलो साथै छरिएर रहेको बस्ती भएका कारण उपभोगको मात्राका आधारमा पूर्वाधार निर्माण लागत अत्यन्तै बढी हुनु, विद्युत आपूर्ति भरपर्दो र गुणस्तरीय नहुनु, वातावरण प्रभाव मूल्याङ्कन प्रभावकारी हुन नसक्नु, स्थानीयबासीको क्रय शक्ति कमजोर रहेका कारण परम्परागत रुपमा प्रयोग गरिदै आएको दाउराको प्रयोग अपेक्षाकृत रुपमा घट्न नसक्नु, विद्युत वितरण लाईन निर्माण व्यवस्थपनका लागि स्थानीयबासीको पूर्ण सहयोग नहुनु साथै जग्गाको उपलब्धता नहुनु जस्ता समस्या रहेका छन् ।

ग्रामीण व्यवसायिकिकरण, प्रविधिको बढ्दो प्रयोग र घरायसी आवश्यकता बमोजिम विद्युत माग पुरा गर्ने, लघु जलबिद्युत आयोजानालई दिगो र भरपर्दो बनाउने, विद्युत प्राधिकरण र गाउँपालिका बिच समन्वय र सहकार्य गरी विद्युत वितरणको कार्यलाई साझा जिम्मेवारी भित्र समेटेर एक द्वार प्रणाली माफर्त स्थानीयबासिका माग बमोजिमको आवश्यकता पुर गर्ने साथै सिमित स्रोतका कारण पालिकाको लगानीलाई प्रसस्तिकरण गर्ने कायहरू चुनौतीको रुपमा रहेका छन् ।

### ५.३.३ लक्ष्य

सम्भाव्यताका आधारमा बैकल्पिक नवीकरणीय उर्जा समेत सञ्चालन व्यवस्थपन साथै राष्ट्रिय विद्युत प्रसारणलाई व्यवस्थित बनाउँदै सिदिङ्वा गाउँपालिकाका सवै घरपरिवार, उद्योग, व्यापार तथा व्यवसायिक

क्षेत्र र प्रतिष्ठान लगायतमा विद्युत तथा उर्जा सेवा सहज, सरल, नियमित र पर्याप्त रुपमा वितरणको व्यवस्था मिलाएर आर्थिक गतिविधिमा गुणात्मक परिवर्तन ल्याउने ।

५.३.४ उद्देश्य

१. लघु जलबिद्युत आयोजनाको स्तरोन्नती गरी उत्पादन र उत्पादकत्व बढाउने

२. गुणस्तरयुक्त र भरपर्दो रुपमा गाउँपालिका क्षेत्रका सवै घरपरिवार र आर्थिक उपार्जन सँग सम्बन्धित क्षेत्रमा विद्युत सेवाको पहुँच विस्तार गर्ने

३. बिद्युत सेवा विस्तार र व्यवस्थापनमा कठिनाई रहेको स्थान र क्षेत्रमा बैकल्पिक र नवीकरणीय उर्जा उत्पादन मार्फत सेवा विस्तार गर्ने

४. विद्युत, बैकल्पिक तथा नवीकरणीय उर्जाको माध्यमबाट इन्धनको रुपमा प्रयोगकालागि बनजङ्गलको कटानी र फडानीलाई निरुत्साहित गरी जलवायु परिवर्तनका नकारात्मक असरहरुलाई कम गर्ने

५.३.५ रणनीति

१. नवीकरणीय तथा बैकल्पिक उर्जा (बायो, बायु तथा सौर्य उर्जा) को उत्पादन बृद्धि गरी स्थानीयबासीको सहज पहुँच स्थापित गर्ने ।

२. स्वच्छ उर्जाको उत्पादन तथा उपयोगलाई वृद्धि गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने ।

३. वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने ।

४. गाउँपालिका क्षेत्रमा विद्युत आपूर्ति प्रणालीलई सुद्रिढ, प्रभावकारी र पर्याप्त बनाउने ।

५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवाधिक गाउँ विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५२ मा प्रस्तुत गरिएको छ ।तालिका ५२ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | २३.१७ | २३.८५ | २४.२१ | २४.७२ | २५ |
| सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १६ | १८ | २० | २२.५ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | २२ | २४ | २६ | २८ | ३० |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ५४ | ६० | ६५ | ७० | ७५ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९७ | ९७ | ७० | ६० | ५० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १ | १ | १३.५ | १४.३१ | १५ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २ | २ | ८ | १३ | २० |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ० | ० | ०.३ | ० | |

५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५३ मा प्रस्तुत गरिएको छ ।तालिका ५३ जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | कुल | | | | चालु | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८०/८१ | १२१०४ | ४०५२ | ८०५२ | | ० | १२१०४ | ० | |
| २०८२(८३ | १३६५९ | ४५७३ | ९०८७ | | ५०९ | १३१५० | ० | |
| २०८२(८३ | १५३९० | ५१५२ | १०२३८ | | ० | १५३९० | ० | |

५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५४ मा प्रस्तुत गरिएको छ ।

तालिका ५४ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा कार्यक्रम | प्रदूषण न्यूनीकरण, नविकरणीय उर्जा प्रवद्र्धन, व्यवस्थापन गर्नु | सालबसाली | १००० | विद्युत, नविकरणीय उर्जा कार्यक्रम प्रवद्र्धन, प्रभावकारी हुनेछ । |

### ५.३.९ जोखिम तथा अनुमान

तीनै तहको सरकार मार्फत बिद्यूत विस्तारमा बजेट सहित समन्वय हुनेछ । स्वच्छ उर्जाको उपलब्धता सहज भएको हुनेछ । जलाधार क्षेत्रको संरक्षणमा सरकारी तथा समुदायस्तरको जागरुकता तथा अग्रसरतामा अभिवृद्धि भएकोहुनेछ । सो हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ ।

## ५.४ सुचना तथा सञ्चार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नेपालको संबिधानले पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा प्रकास स्वतन्त्रता साथै सञ्चार र सूचनाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सूचना र सञ्चार प्रविधिको विकासले वर्तमान विश्वलाई एउटा साँघुरो कोठामा ल्याई पुऱ्याएको छ । सिदिङ्वा गाउँपालिका सूचना प्रविधिको पहुँचमा मध्यम स्तरको अवस्थामा रहेको छ । समतल भूभागका अधिकाङ्स स्थानमा टेलिफोनको सुविधा रहको छ । कार्यपालिका भवन र वडाकार्यालय भवनमा नेट ईन्टरनेटको सेवा विस्तार भई सकेको अवस्था छ भने केहि विद्यालय साथै सार्वजनिक महत्वका स्थलहरूमा यसको व्यवस्थापन गर्न बाँकी रहेको अवस्था छ । विद्यमान अवस्थामा नेपाल टेलिकम, एनसेल, नेपाल टेलिभिजन, रेडियो नेपाल, स्थानीय एफ एम रेडियो लगायतका प्रायस सवै सञ्चारका श्रोत साधन र एनटिसी, वर्ड लिंक, सुविसु लगायतका संस्थाहरूबाट नेट ईन्टरनेटको सेवा प्रवाह हुदै आएको छ ।

### ५.४.२ समस्या तथा चूनौती

सञ्चारका साधन प्रयोगकर्ताको यथार्थ विवरण सङ्कलन गर्न, भौगोलिक विकटता र छरिएर रहेको टोल बस्ती रहेका कारण दुरसञ्चार सेवामा सवै गाउँपालिकाबासिको पहुँच स्थापित गर्न, सूचना प्रविधि सोवाको विस्तार र व्यवास्थापनका लागि पर्याप्त संरचनागत व्यवास्थाको कमी, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून प्रयोग, स्थानीय स्तरमा हुलाक सेवालाई प्रभावकारी बनाउन, अधिकांश स्थानीयबासीको आयश्रोत न्यून रहनु साथै विज्ञापन व्यवसाय व्यवस्थित हुन नसक्नु जस्ता समस्या रहेका छन् । स्थानीय

स्तरमा प्रवाह हुने समाचारहरूलाई विश्वासनीय बनाउन, यस पालिका भित्रको छरिएर रहेको बस्ती सम्म सहजै संरचनागत पूर्वाधार सहज रुपमा पुऱ्याउन, सामाजिक सञ्जालको नकारात्मक प्रयोगलाई नियन्त्रण गर्न, सूचना तथा सञ्चार क्षेत्रको नविनतम प्रविधिको प्रयोग र विस्तार गर्न, बिगतमा सञ्चार दुनियाँको एक मात्र विश्वासिलो माध्यमको रुपमा स्थापित परम्पारगत हुलाक सेवाको संरक्षण, प्रवद्र्धन र प्रभावकारी बनाएर स्थानीय स्तरको प्रमुख आधारको रुपमा पुनरस्थापित गर्न तथा ग्रामीण दुर सञ्चार सेवाको गुणस्तरमा एकरुपता कार्यम गर्न साथै सहलगानी र प्रतिफलको सह वितरणको वातावरण सिर्जना गर्न,सवै सामुदायिक विद्यालयलाई डिजिटल प्रविधिमा सहज प्रवेश र प्रयोगको व्यावस्थपन गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

५.४.३ लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सर्वसुलभ, प्रभावकारी व्यवस्थापन र प्रयोगबाट गाउँपालिकाबासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने ।

५.४.४ उद्देश्य

१. गाउँपालिकाबासी, पर्यटक, उद्योगि, व्यापारी, व्यवसायी लगायत सवैमा सूचना तथा सञ्चार प्रविधि सेवाको पहुँच स्थापित गर्नु साथै उपयोगको विविधिकरण र विस्तार गर्नु

२. सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित सेवा प्रदायक संघ संस्थालाई सहयोग गर्नु

३. सूचना र सञ्चार प्रविधि मैत्री उद्योग, व्यापार, व्यवसाय तथा सेवाको विकास र विस्तारबाट रोजगारीका अवसरहरू सिर्जना गर्नु

४. सूचना प्रविधिको प्रयोग बाट पालिका स्तरका विकास निर्माण र सेवा प्रवाहलाई जनता सँग प्रत्यक्ष जोडिने अवस्थाको विकास गरी स्थानीय सरकार प्रति स्थानीयबासीको विश्वास र भरोसा स्थापित गर्नु साथै प्रगाढ बनाउनु ।

५.४.५ रणनीति

१. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभाबकारी गराउने ।

२. गाउँकार्यपालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रबाह तथा कार्यसम्पादनलाई पेपरलेस बनाउने ।

३. सूचना प्रविधिमा नगरवासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने ।

४. गाउँपालिका क्षेत्र भित्र सञ्चालन तथा व्यवस्थापन हुने सवै प्रकृति र प्रकारका विकास निर्माण , लगायत आर्थिक, सामाजिक, सांस्कृति, वातावरणीय तथा वित्तीय व्यवस्थापनका कार्य साथै सेवा प्रवाहलाई

डिजिटल प्रविधिमा आवद्ध गरी आन्तरिक आय आर्जनमा गुणात्मक परिवर्तन ल्याउने साथै विज्ञापन सेवालाई समते व्यवस्थित बनाउने ।

५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आवधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५५ : सूचना, सञ्चार तथा प्रविधि उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | | ३ | १० | १५ | २० |
| संचारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | ७८ | ८० | ८४ | ८६ | ९० |
| मोबाइल प्रयोगकर्ता | प्रतिशत | ८२ | ८३ | ८८ | ९४ | १०० |
| सञ्चारका कुनै पनि साधन प्रयोग नगर्ने घरपरिवार | प्रतिशत | १८ | १७ | १२ | ६ | ० |
| गाँउ पालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | प्रतिशत | २० | २५ | ७० | ८० | ९० |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |

५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५६ मा प्रस्तुत गरिएको छ ।

तालिका ५६ सूचना, सञ्चार तथा प्रविधि उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथाअन्य |
| ०८१/८२ | ३५०० | २००० | १५०० | | ४५५ | २८७० | १७५ | |
| २०८२/८३ | ३९५० | २२५७ | १६९३ | | ५१३.५ | ३२३९ | १९७.५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८३।८४ | ४४५० | २५४३ | १९०७ | | ५७८.५ | ३६४९ | २२२.५ | |

५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५७ मा प्रस्तुत गरिएको छ ।

तालिका ५७ सूचना, सञ्चार तथा प्रविधि उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्रस. | कार्यक्रम तथा आयोजना | उदेश्य | | अवधि (शुरु र समाप्ति) | कुल लागत | अवधि (शुरु र समाप्ति) |
|---|---|---|---|---|---|---|
| १ | सूचना तथा संचार प्रविधि प्रवद्र्धन कार्यक्रम | सूचना तथा संचारको उपयोगलाई जनमुखी गराउनु | | सालबसाली | | विद्युतीय सुशासनका अभ्यास सहित गुणस्तरीय प्रभावकारी सेवा प्रबाह भएको हुनेछ । |

५.४.९ जोखिम तथा अनुमान

सूचना प्रविधि विस्तारमा निजी क्षेत्रको क्रियाशिलता वृद्धि भएको हुनेछ । सेवा प्रवाह र सुबिधा विस्तारमा आधुनिक विद्युतीय सूचना प्रविधिमा नगरवासीको पहुँच स्थापना गर्न अन्तर—सरकार सहकार्यमा निरन्तरता रहेको हुनेछ । उल्लेखित परिवेश कायम हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

परिच्छेद ६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

६.१.१ पृष्ठभूमि

सिदिङ्वा गाउँपालिकामा वन, जैविक विविधता, भूसंरक्षण एवं प्रवद्र्धन गर्दै त्यसको दिगो उपयोग र जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरु अवलम्बन गरी जीविकोपार्जनका अवसरहरु वृद्धिका अभ्यासहरु भएका छन् । । सिदिङ्वा गाउँपालिकाको हकमा वर्तमान अवस्थामा १२ वटा सामुदायिक बन रहेका छन् । उल्लेखित बन भित्र साल, सिमल, कदम, हर्रो, खयर लगायतका बनस्पती रहेका छन् भने वन्यजन्तु रहेको स्थानीबासिको भनाई रहेको भएता पनि यीनिहरूको वास्तविक अवस्था र विवरण सङ्कलन हुन सकेको छैन । यस पालिका भित्रको बनजङ्गलबाट प्राप्त हुने काठ दाउरा, जडिबुटी, प्राकृतिक रमणीयताका साथै विभिन्न प्रकारका बन्यजन्तु र चारचुरुङ्गी यस क्षेत्रको आर्थिक विकासका सूचक हुन । यस पालिका भित्र रहेका उल्लेखित बनजङ्गल भित्रको बन बनस्पती, जैविक विभिदता समेतको अध्ययन अनुशन्धान गरी तुलनात्मक लाभ लिन सक्ने वातावरण सिर्जन गर्न आवश्यक छ ।

६.१.२ समस्या तथा चुनौती

यस पालिका क्षेत्र भित्र रहेको करिव ३२ प्रतिशत बनको तुलनात्मक लाभ हाँसिल गर्न सक्ने गरी व्यवसायिक व्यवस्थापन र उपयोग गर्न नसक्नु, यस क्षेत्रमा रहेको बनस्पति, बन्यजन्तु तथा जैविक विभिदताको यथार्थ विवरण सङ्कलन तथा अध्यावधिक हुन नसक्नु, यसपालिकाको आर्थिक समृद्धिको आधारस्तम्भको रुपमा स्थापित गर्न नसक्नु, अनाधिकृत रुपमा हुने बन अतिक्रमण, चोरी सिकारी, अवैध व्यापार, मानव र वन्यजन्तु विचको द्वन्द व्यवस्थापन र नियन्त्रण गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । त्यसैगरी सिमसार क्षेत्रको संरक्षणमा कमी, पानी मुहान संरक्षणमा कमी, पर्यटकीय गतिबिधिका कारण जैविक विविधताको संरक्षणमा कठिनाई मुख्य समस्याहरु हुन् । यस पालिका क्षेत्र भित्र रहेको १२ वटा सामुदायिक बनमा उपलब्ध रुख विरावा तथा बनस्पती र जैविक विभिदताको पूर्ण सदुपयोग गर्न, गाउँपालिका, बनउपभोक्ता समिति, संघ तथा प्रदेश सरकार र निजी क्षेत्र विच समन्वय विस्तार र व्यवस्थापन गर्न, विद्यमान ऐन कानूनलाई समयानुकुल परिवर्तन गर्न, वनजङ्गल, जैविक विभिदता र स्थानीय स्तरमा हुने भोतिक पूर्वाधार निर्माण विच उत्पन्न हुने द्वन्द व्यवस्थापन गर्न, यस क्षेत्र बाट बस्तु र सेवाको विस्तार र तीनबाट प्राप्त हुन लाभलाई समन्यायीक वितरण गर्न यस क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

६.१.३ लक्ष्य

यस पालिका क्षेत्र भित्र उपलब्ध र भविष्यमा विस्तार हुने समेतको बन तथा जैविक विभिदताको संरक्षण र विकास गरी सहभागितामूलक व्यवस्थापनबाट दिगो विकासमा आधारित वातवरणीय सन्तुलन कायम राख्दै बनजन्य उद्यम तथा पर्यटनको विकास साथै बस्तु तथा सेवाको उत्पादन गरी स्थानीयबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने साथै गाउँपालिकाको आन्तरिक आयमा योगदान पुऱ्याउने ।

६.१.४ उद्देश्य

१. यस पालिका क्षेत्रको बन तथा जैविक विभिदताको संरक्ष, सम्बद्र्धन र विकासका साथमा उत्पादन, उत्पादकत्व र वातावरण सुद्रिढिकरणमा अभिबृद्धि गर्ने ।

२. बन तथा जैविक विभिदताको दिगो व्यवस्थापन र उपयोग गर्ने वातावरण सिर्जना गर्ने ।

३. यस क्षेत्र बाट प्राप्त लाभको न्यायोचित वितरण गर्न सहयोग गर्ने ।

४. वन, वनपैदावर र जैविक विभिदतामा हुने गरेको अतिक्रमण र चोरी निकासी नियन्त्रण र निरुत्साहित गरी सार्थक सदुपयोगकको वातावरण तयार गर्ने ।

६.१.५ रणनीति

१. एकीकृत जलाधार व्यवस्थापन मार्फत जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी त्यसमा आश्रित जनताको जीवनस्तर उकास्ने ।

२. जलाधार व्यवस्थापन योजना निर्माण गरी भू क्षमता वर्गीकरण अनुसार भू उपयोग गर्ने ।

३. सार्वजनिक र एलानी जग्गाको पहिचान गेरी वृक्षरोपणलाई व्यवस्थित गर्ने ।

४. वन क्षेत्रको दिगो व्यवस्थापनकालागि संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी आवश्यक कानून निर्माण र कार्यान्वयनमा सहयोग गर्ने

५. दुर्लभ वन्यजन्तु तथा वनस्पतिको पहिचान र संरक्षणमा अन्तर सरकार सहकार्य अभिवृद्धि गर्ने ।

।१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५८ मा प्रस्तुत गरिएको छ ।

तालिका ५८ : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सामुदायिक वन | संख्या | १२ | १२ | १२ | १२ | १२ |
| पार्क तथा उद्यान | संख्या | ० | ० | ० | ० | १ |
| संरक्षित तालतलैया | संख्या | | | | | |
| बन क्षेत्र | बर्ग कि.मि. | ६१.६९ | ६३.६२ | ६४ | ६४.५ | ६५ |
| नदी नियन्त्रण र उकासबाट संरक्षित जमीन | बर्ग कि.मि. | ४.४६ | ४.४६ | ४.४६ | ४.४६ | ४.४६ |

६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५९ मा प्रस्तुत गरिएको छ ।

तालिका ५९ वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | आन्तरिक | नेपाल | प्रदेश | |

| | | | | व्यवस्था | स्रोत | सरकार | सरकार | ऋण तथाअन्य |
|---|---|---|---|---|---|---|---|---|
| ०८१/८२ | ४६०० | १०० | ४५०० | ० | २९९० | ९२० | ६९० | |
| २०८२(८३ | ५१९१ | ११३ | ५०७८ | ० | ३३७४ | १०३८ | ७७८.७ | |
| २०८३(८४ | ५८४९ | १२७ | ५७२२ | ० | ३८०२ | ११७० | ८७७.४ | |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६० मा प्रस्तुत गरिएको छ ।

तालिका ६० : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

| क.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन, हरियाली, भूसंरक्षण र जैविक विविधता संरक्षण कार्यक्रम | ताल संरक्षण, नदि नियन्त्रण तथा बस्ती तथा जमनीको संरक्षण गर्नु | सालबसाली | १५६४० | न व्यवस्थापन, हरित पार्क निमार्ण, हरियाली, भूसंरक्षण प्रभावकारी भएको हुनेछ । |

### ६.१.९ जोखिम तथा अनुमान

वन, भूसंरक्षण तथा जैविक विविधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनको असर र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

वातावरण व्यवस्थापन मानव जीवन सँग प्रत्यक्ष जोडिएको विषय हो । दैनिक रुपमा अनियन्त्रीत तवरले बढ्दै गएका मानवीय कृयाकलापका कारण वातावरणमा दिन प्रतिदिन जोखिम निम्तिरहेको अवस्था छ । संघीय सरकारबाट जारी भएको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी प्रारूप समेतको प्रभावकारी कार्यान्वयन गर्ने नीतिगत व्यवस्था सहित गाउँपालिका भित्रका मुख्य सडक र शाखा सडकका दुबै किनारा लगायतका सम्भाव्य स्थानमा बृक्षारोपण गर्ने, वातावरण मैत्री स्थानीय शासनलाई प्रवद्र्धनका लागि हरित सिदिङ्वा नामक अभियान सञ्चालन गर्ने, घरपरिवार तथा उद्योग, व्यापार र व्यवसायबाट निस्कने फोहोरमैला तथा धुलो र स्वस्थ्यलाई प्रतिकुल असर गर्ने सबै खाले प्रदुषणलाई न्यूनीकरण गर्न सरोकारवालासँग समयसमयमा छलफल तथा अन्तर्क्रिया गर्ने, घरपरिवार लगायत बाट

निस्कने फोहोरमैला निस्चित स्थानमा मात्र फाल्न पाईने, जैविक विविधता र श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गरी त्यसलाई न्यायोचित वितरण सुनिश्चित गर्ने जस्ता कार्यहरू कार्यान्वयन गर्दै आएको छ । वातावरण संरक्षण र व्यवस्थापन विश्वव्यापि रुपमा स्वीकारिएको एक जटिल, बहुक्षेत्रीय र बहुआयामिक विषय क्षेत्र भएकोले यसको व्यवस्थपनमा प्रत्येक व्यक्ति, स्थानीय तह (स्थानीय सरकार), संघीय तथा प्रादेशिक सरकर वा तीनका निकाय र क्षेत्रको अहम् भूमिका, जिम्मेवारी, सहयोग र सहकार्य एक अनिवार्य र अपरिवर्तनीय शर्तहो ।

६.२.२ समस्या तथा चुनौती

फोहर मैला विर्सजन स्थलको अप्रयाप्तता र फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास नहुन यस क्षेत्रका मुख्य समस्याहरु हुन । स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिने कार्य व्यावहारिक रुपमा कार्यान्वयन हुन सकेका छैनन् । फोहोरबाट मोहोर, फोहोरबाट उर्जाको अवधारण कार्यान्वयन हुन सकेको छैन ।

वातावरण र विकास विच सन्तुलन कायम गर्ने, सावरी तथा ढुवानीका साधनमा प्रयोग भएका प्रेसर हर्नमा रोक लागउने, कृषि तथा पशुवालिमा हुने रसायनको नियन्त्रण गर्ने, वातावरण प्रदुषण गर्ने गराउने बाट दायित्व वहन गराउने, अनुगमन प्रणालीमा सवै सरोकारवालाको सहभागितलाई नियमित र व्यवस्थापन बनाउने, संघीय तथा प्रदेश सरकार, स्थानीय सरोकारवाला संघ संस्था र स्थानीय सरकार विच समन्वय र संयन्त्रको विकास गर्ने साथै स्थानीय सरकरको हैसियतमा निर्वाह गर्नु पर्ने जिम्मेवारी बमोजिम गाउँपालिकालाई स्रोत साधनयुक्त बनाउने वर्तमानका यस क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन् ।

६.२.३ लक्ष्य

गाउँपालिका क्षेत्र भित्र फोहोरमैलाको उचित व्यवस्थापन, प्रदुषण नियन्त्रण र वातावरण संरक्षण गरी गाउँपालिकाबाससिको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संबैधानिक अधिकारको सुनिश्चिता गर्ने ।

६.२.४ उद्देश्य

१. वातावरण संरक्षण र प्रदुषण नियन्त्रणकालागि अति अवाश्यक रहेको स्थानीय ऐन कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

२. प्रदुषण नियन्त्रण सहितको पालिका स्तरीय वातावरण व्यवस्थापनका लागि स्थानीय स्तरका सवै सरोकारवालाको प्रतिनिधित्व रहने गरी प्रभावकारी संरचना निर्माण गर्ने ।

३. घरपरिवार, उद्योग, व्यापार, व्यवासायीक तथा सेवाका क्षेत्र समेत बाट सिर्जित फोहोमैलाको उचित र उपयुक्त व्यवस्थापन गर्ने ।

४. पालिका क्षेत्र भित्रका सबै प्रकृति र स्वरुपका भौतिक पूर्वाधार निर्माण विकास र प्राकृतिक वातावरणवीच सन्तुलन कायम गर्ने ।

६.२.५ रणनीति

१. फोहोरमैलाको उचित व्यवस्थापन गरी आय आर्जनका अवसर सिर्जना गर्ने ।

२. एक घर एक बिरुवा, तथा एक वडा एक आयुर्वेदिक वनस्पती उद्यानको अभियान सञ्चालन गर्ने ।

३. फोहोरमैलाको दिगो व्यवस्थापनमा अन्तर सरकार एवम् समुदायको सहकार्य वृद्धि गर्ने ।

४. फोहोरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापनको अभ्यासलाई सबै समुदायमा पुर्याउने ।

५. आधुनिक एवम ् व्यवस्थित ल्याण्ड फिल्ड साइटको स्थापना र सञ्चालन गर्ने ।

६. पूर्वाधार निर्माण र वातावरणबीच सन्तुलन कायम गर्न पालिका क्षेत्र भित्र वातावरण प्रभाव मूल्याङ्कनलाई पूर्वाधार निर्माणको अभिन्न अङ्ग बनाउने

६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आवाधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६१ मा प्रस्तुत गरिएकोछ ।

तालिका ६१ वातावरण तथा फोहोरमैला व्यवस्थापन उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सिमसार व्यवस्थापन योजना | संख्या | ० | ० | ० | १ | ० |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | | ० | १ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | ० | ० | १ |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५५ | ५८ | ६५ | ७५ | ८० |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८५ | ८८ | ९२ | ९६ | १०० |
| ल्याण्डफिल साइट संख्या | संख्या | ० | ० | ० | ० | १ |

६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६२ मा प्रस्तुत गरिएको छ ।

तालिका ६२ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ३२०० | २५०० | ७०० | ० | १२०० | १७०० | ३०० | ० |
| २०८२/८३ | ३६११ | २८२१ | ७९० | ० | ५०० | २५०० | ६६१ | ० |
| २०८३/८४ | ४०६९ | ३१७९ | ८९० | ० | ५०० | ३००० | ५३९ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६३ मा प्रस्तुत गरिएको छ ।

तालिका ६३ टट : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम | फोहोरमैलाको | | | वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम |

### ६.२.९ जोखिम तथा अनुमान

फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, निजी क्षेत्र र सरकारी क्षेत्रको अग्रसरता तथा सहकार्यमा वृद्धि भएको हुनेछ । व्यवस्थित ल्याण्ड फिल्ड साइटको विकास र उपयोग सुरुवात भएको हुनेछ । उल्लिखित परिस्थिति कायम हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलबायू परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

नेपालको संबिधानले प्राकृतिक प्रकोप बाट हुने सम्भावित जोखिम न्यूनिकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनरस्थापना गर्ने जस्ता विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा राखेको अवस्था छ । उल्लेखित संबैधानिक व्यवस्था बमोजिम अन्तराष्ट्रिय सन्धि सम्झौता, अनुबन्ध, दिगो विकास लक्ष्य, पन्द्रौ यजना समेतले स्पष्ट व्यवस्था गरी समन्वयत्मक कार्य प्रणालीको विकास गरेको अवस्थ छ । सिदिङ्वा गाउँपालिकाको केही क्षेत्र कमजोर भौगर्भिक बनोट, अस्थिर र भरोलो जमिन, अव्यवस्थित भौतिक संरचनाहरूको निर्माण विकास, प्रकृतिक प्रकोपका, खर, धुस र परालका छाना भएका पारिवारिक तथा संस्थागत घर, खोला किनारामा बसोबास लगायतका कारण बर्षेनी सयौं मानिसहरूको मृत्यू तथा घाइते हुने गरको अवस्था छ । यस पालिकाको डायनामिक प्रोफाईल २०७५ अनुसार प्राकृतिक प्रकोपका कारण ११६ जना मानिसको मृत्यु भएको देखिन्छ भने १५ जना घाईते भएको अवस्था छ । प्राकृतिक प्रकोप तथा विपत्ती बाट भएको धन सम्पतिको विवरण सङ्कलन भएको अवस्था छैन । तसर्थ उल्लेखित व्यवस्थाका आधारमा सिदिङ्वा गाउँपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् व्यवस्थापनको प्रमुख जिम्मेवारी स्थानीय सरकारको हैसियतमा यसै पालिकाको रहेको छ भने समन्वय र साझेदारीको प्रारुप निर्धारण गर्ने कार्यमा गाउँपालिकाले अहम् भूमिका निर्वाह गर्न अनिवार्य भएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनकालागि दक्ष जनशक्तिको अभव रहेको, विपद् जोखिम व्यवस्थापनका बारेमा पर्याप्त ज्ञान, सीप र सूचना प्रणालिको कमि रहेको, विपद् जोखिम न्यूनिकरण र भौतिक संरचना निर्माणका कार्यमा आवश्यक तालमेलको कमी, छरिएर रहेका वस्ती रहेका कारण विपद् उत्थानशील विकास प्रकृया अवलम्बन हुन नसकेको, सवै विषयगत क्षेत्रमा विवद् जोखिमको पहिचान र नक्साङ्कन नभएको, प्राकृतिक स्रोतहरूको अनियन्त्रीत र अव्यवस्थित दोहन, विपद् जोखिम व्यवस्थापनकालागि कार्ययोजनाके निर्माण हुन नसकेको, आपतकालिन व्यवस्थाकालागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको कमी, आपतकालिन स्रोत व्यवस्थापनमा कठिनाई लगायत यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

जोखिममा आधारित योजना तर्जुमा गर्न तथा निर्णय प्रकृया अवलम्बन गर्ने, प्राकृतिक स्रोतहरूको अनियन्त्रीत र अव्यवस्थित दोहन रोक्ने, विपद् जोखिम व्यवस्थापनकालागि कार्ययोजनाको निर्माण गरी कार्यान्वनयमा ल्याउने, आपतकालिन व्यवस्थाकालागि यथेष्ट मानवीय स्रोत, यन्त्र उपकरण, बन्दोवस्ती तथा राहतका सामाग्रिको व्यवस्थापन गर्ने, बिपद् व्यास्थापन कोषलाई पर्याप्त पार्ने, विपद् जोखिमको कार्यलाई तीन तहका सरकार वीच समन्वय गरी आन्तरिकिकरण गर्ने यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

६.३.३ लक्ष्य

जलवायु परिवर्तनजन्य सम्भावित सवै प्रकृति र प्रकारका प्रकृतिक गैर प्राकृतिक प्रकोप तथा विपत्ती वा घट्नाबाट सिर्जिना हुन सक्ने मानवीय, भौतिक, आर्थिक, समाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने ।

६.३.४ उद्देश्य

१. गाउँपालिका क्षेत्र भित्र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनकालागि विपद् उत्थानमैत्री स्थानीय शासन पद्धती र प्रणालीको विकास, व्यवस्थापन तथा सुद्रिढिकरण गर्ने

२. विपद जोखिम नक्साङ्कन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनरलाभ सम्बन्धी कार्यमा पालिका साथै स्थानीय सरकोकारवालाके क्षमता विकास गर्ने

३. विपद् जेखिम सम्बेदनशील योजना तथा पूर्वाधार निर्माण प्रकृयालाई सुनिश्चित गर्ने

४. जलवायु परिवर्तनका असर सँग जुध्न सक्ने स्थानीय अनुकुलन क्षमता विकास गर्ने ।

५. पालिका स्तरमा व्यापक जनचेतना अभिबृद्धि गर्दै विपद् पस्चातको पुनःनिर्माण, पुनरस्थापना, पुनरलाभ र नवनिर्माणको कार्यलाई सवल र उत्थानशील बनाउने

६.३.५ रणनीति

१. विपद् व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने ।

२. विपद् रोकथाम, पूर्वतयारी र दुरत प्रतिकार्यमार्फत् क्षतिन्यूनीकरण गर्ने ।

३. स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना तयार गरीे सबलीकरण गर्ने ।

४. विपद् तथा जलवायु परिवर्तन बाट हुने असर न्यूनीकरणको सम्बन्धमा समुदायलाई सचेत गराई जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन योजना निर्माण गरी समुदाय स्तरमा कार्यान्वयन गर्ने ।

५. विपद् जोखिम न्यूनिकरण गर्न साथै उत्थानशीलता अभिबृद्धि गर्न सार्वजनिक, निजी, सामुदायिक साझेदार तथा सहकार्य अभिबृद्धि गर्ने

६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आावधिक विकास योजना, कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जोखिम तथा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६४ मा प्रस्तुत गरिएको छ ।

तालिका ६४: विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रय स्थल | संख्या | ६ | ८ | ९ | ११ | १२ |
| विपदबाट प्रभावित हुने परिवार संख्या बार्षिक | संख्या | ५५ | ५० | ३० | १० | ० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. हजारमा | १०००० | ९००० | ८००० | ७००० | ६००० |
| विपद्बाट मृत्यु हुने जनसंख्या (प्रति लाखमा) | संख्या | ५५ | ५५ | ४० | २० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता स्वयंसेवक | जना | ५० | ५० | ६० | ८० | १०० |
| जलबायु अनुकुलन योजना | संख्या | ० | ० | ० | १ | ० |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्था | संख्या | २ | ३ | ३ | ४ | ५ |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ६० | ६५ | ७० | ८५ | १०० |

### ६.३.७ **विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६५ मा प्रस्तुत गरिएको छ ।

तालिका ६५ : विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ९१५० | ८१५० | १००० | ० | १२५० | ६९०० | १००० | |
| २०८२/८३ | १०३२६ | ९१९७ | ११२९ | ० | १५०० | ६९८५ | १८४१ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८३।८३४ | ११६३४ | १०३६३ | १२७१ | ० | ३७८५ | ६५७८ | १२७१ | |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६६ : विपद् व्यवस्थापन तथा जलवायू अनुकूलन उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन तथा जलवु परिवर्तन अनुकुलता प्रवद्र्धन कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र विपद् उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | ३१११० | स्थानीय समुदायमा चेतना अभिवृद्धि, विपद् न्युनीकरणका प्रविधी विकास भई योजनाबद्ध तरिकाले विपद्बाट हुने क्षतिमा वार्षिक ३५ प्रतिशतले कमी आएको हुनेछ । |

### ६.३.९ जोखिम तथा अनुमान

विपद्व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा समुदायको सचेतना तथा अग्रसरतामा वृद्धि भएको हुनेछ । विपद्व्यवस्थापन योजना तर्जुमा र अन्तर—सरकार सहकार्यमा कार्यान्वयन भएमा अपेक्षित उपलब्धि हासिल हुने पूर्वानुमान गरिएको छ ।

जलवायु परिवर्तनको असर, महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन तथा उत्खनन र अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन्।

## परिच्छेद ७ : **संस्थागत विकास तथा सुशासन क्षेत्र**

### ७.१ नीति, कानुन, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारम्भ सँगै नेपालमा राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरिएकोे छ । नेपालको संबिधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विभिदतायुक्त मुलुकको रुपमा परिभाषित गर्दै विभिदता बिचको एकता सम्बद्र्धन गर्ने सङ्कल्प गरेको छ । राज्य शक्तिको बाँडफाँड सँगै स्थानीय तह स्थानीय सरकारको हैसियतमा कृयाशिल भएका छन् । राज्य सञ्चालनका तीनै तहबीच एकल र साझा अधिकारहरूको सिमाङ्कन भएको छ । स्थानीय तह विधायिकी, कार्यकारिणी र न्यायीक अधिकार सहित आफ्ना जिम्मेवारी निर्वाह गरिरहेका छन् । संबिधानको मूलमर्म र भावना बमोजिम स्थानीय स्तरमा रहेका विभिन्न जात, जाती, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिस्णुता र ऐक्यवद्धता कायम गरी विकास निर्माण र सेवा प्रवाहलाई संस्थागत सुद्रिढिकरणका साथ सुशासनको माध्यम बाट स्थानीय आवश्यकता र स्थानीयबासिको माग बमोजिम प्रवाह गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको काँधमा आइपुगेको छ ।

सिदिङ्वा गाउँपालिकाले आफ्नो स्थापना कालबाटै नेपालको संविधानमा भएका अनुसुची‘८ समेतका व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका साथै र जनप्रतिनिधिलाई प्राप्त अधिकार, पन्द्रौ योजना, दिगो विकासका लक्ष्यहरू, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएका परिपत्रहरू, गाउँ कार्यपालिकाबाट गठित विभिन्न विषयगत समिति र राजश्व परामर्श समिति, सम्पूर्ण वडा समिति, बजेट, नीति तथा कार्यक्रम तर्जुमा समिति समेत बाट प्राप्त सुझावहरूलाई समेटेर आफ्नो नीति तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ । स्थानीयवासी आम नागरिकहरूको विकासप्रतिको उच्च आकाङ्क्षालाई सुशासनको माध्यम बाट न्यायोचित रूपमा सम्बोधन गर्नकालागि गाउँपालिकाको दिगो विकास र समृद्धिका लागि राष्ट्रियता, लोकतन्त्र र कानूनी शासनलाई आत्मसात गर्दै शान्ति र स्थिरता कायम गर्न जनताद्वारा, जनताका लागि जनताको शासन भन्ने मूल सिद्धान्त लाई आत्मसात गदै सिदिङ्वा गाउँपालिकाको विकास र समृद्धिलाई यथार्थमा परिणत गर्ने उद्देश्यका आफ्ना नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै आएको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २०, २१ र २२ मा स्थानीय तहले स्थानीय सरकारको हैसियतमा स्थानीय आवश्यकता बमाजिम आफ्ना अधिकारका क्षेत्रहरूलाई व्यवस्थित रुपमा सञ्चालन व्यवास्थापन गर्न स्थानीय कानूनको निर्माण गर्नु पर्ने व्यवस्था गरे बमोजिम २२ वटा स्थानीय कानूनहरू निर्माण भई कार्यान्वयनमा रहेका छन्

। स्थानीय सरकारको हैसियतमा यस पालिकाले आफ्ना दैनिक जिम्मेवारीहरूलाई सुशासनको माध्यम बाट सञ्चालन, व्यवस्थापन गर्न वर्तमानको आवश्यकता साथै कर्मचारीको बृत्ति विकास र स्थायीत्वका लागि सङ्गठन विकास तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना, संरचान बमोजिम आवश्यक जनशक्तिको प्रक्षेपण, सम्बन्धित शाखा र कर्मचारीका कार्यविवरण समते तयार गरी कार्यान्वयनको चरणमा पुगेको अवस्था छ ।

### ७.१.२ **समस्या तथा चुनौती**

संघीय शासन व्यवस्था बमोजिम संबिधान प्रदत स्थानीय तहको विकास निर्माण र सेवा प्रवाह सम्बन्धी जिम्मेवारी व्यवस्थापन तथा सञ्चालनका लागि चाहिने स्रोत साधन रहितको क्षमता अभिबृद्धि नहुनु, पर्याप्त दक्ष कर्मचारीको अभाव रहनु, सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम विकास एवं प्रविधिको समुचित उपयोग र विस्तार गर्न नसकिनु, प्रभावकारी सूचना प्रणाली नहुनु, जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्याहरु हुन् । स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकास बजेट धेरै कम हुनु, विकास निर्माण र सेवा प्रवाहकालागि नयाँ प्रविधिमा आधारित यन्त्र, उपकरणको व्यवस्था गर्न नसकिनु यस क्षेत्रका समस्याका रुपमा रहेका छन् ।

वर्तमान प्रणालीगत व्यवस्थाको सञ्चालन लागत कम खर्चिलो बनाएर पूँजीगत लगानी बृद्धि गर्ने, पारदर्शिता र जवाफदेहिताको स्तर बृद्धि गर्ने, ठूला र देखिने योजना, प्रत्यक्ष आर्थिक विकासमा योगदान पुऱ्याउने, सर्वसाधारण स्थानीयबासीको जीवनस्तर माथि उठाउने जस्ता क्षेत्रमा लगानी बढाउने, सर्वसाधारण गाउँपालिकाबासी, उद्योगी, व्यापारी तथा व्यवसायीहरूलाई आन्तरिक आय बृद्धिका क्षेत्रमा कृयाशिल गराउने, स्थानीय सरकारका लागि आवश्यक पर्ने नीति, ऐन, नियम, कार्यविधि तयारी तथा स्वीकृत ऐन कानूनको समेत पूर्ण कार्यान्वयनमा कठिनाइ रहेको छ र। वर्तमानका चुनौतीको रुपमा रहेका छन् ।

### ७.१.३ **लक्ष्य**

स्थानीय सरकारको हैसियतमा पारदर्शिता, जवाफदेहिता, उत्तरजायित्व, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित बनाउँदै सिदिङ्वा गाउँपालिकाको समग्र शासन व्यवस्थामाथि गाउँपालिकाबासिको विश्वास अभिबृद्धिका साथ विधिको शासन सुद्रिढ बनाउने ।

### ७.१.४ **उद्देश्य**

१. गाउँपालिकको राजनैतिक एवं प्रशासनिक नेत्रीत्व सक्षम, विश्वासिलो र प्रभावकारी बनाउनु

२. संघीयताको मूल मर्म र भावना बमोजिम स्थानीय शासन प्रणालीको सन्तुलित र दिगो विकासमा सहयोग पुऱ्याउनु

३. सुद्रिढ साङ्गठनिक संरचना, दक्ष र क्षमतावान जनशक्ति, नवीन प्रविधि, प्रविधियुक्त यन्त्रउपकरण लगायतको व्यवस्थापनका साथ गाउँपालिका बाट सम्पादन गरिने विकास निर्माण र सेवा प्रवाहका कार्य छिटो, छरितो, निस्पक्ष, गुणस्तरीय, नतिजा तथा परिणाममूखि र प्रभावकारी बनाउने

४. गाउँपालिका बाट प्रवाह हुने विकास निर्माण र सेवा प्रवाह समेतका सम्पूर्ण कामकारवाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुत्त र प्रविधिमैत्री बनाएर जनसहभगिता र जनविश्वासमा अभिबृद्धि गर्ने ।

### ७.१.५ रणनीति

१. प्रशासनिक संयन्त्रको मनोवल उच्च राख्न आवश्यक नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन तथा अनुगमन गर्ने ।

२. संघीय, प्रादेशिक र स्थानीय ऐन कानूनको परिपालनाबाट सेवाप्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्ने ।

३. जनअपेक्षा तथा सेवा प्रबाहमा सहजताका लागि कानून निर्माण तथा कार्यान्वयनलाई पूर्णता दिने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

एकीकृत नगर विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६७ मा प्रस्तुत गरिएको छ ।

तालिका ६७ : नीति, कानून, न्याय तथा सुशासन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| गाउँपालिकाले स्वीकृत गरेका कानून तथा नीति/ ऐन | विषय | ७ | ८ | ११ | १४ | १५ |
| नियम तथा विनियम | संख्या | ४ | ६ | ७ | ९ | ११ |
| निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | २६ | २८ | ३४ | ४० | ४५ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | १० | १२ | १३ | १४ | १५ |
| स्थानीय कानून, नीति तथा योजना प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यम (संचार, सूचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिका, सामाजिक सञ्जाल आदि) | संख्या | २ | ४ | ५ | ६ | ७ |

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ६८ मा प्रस्तुत गरिएको छ ।

तालिका ६८ : नीति, कानून, न्याय तथा सुशासन उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीयव्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ४१०० | ४०० | १०० | ० | ६३ | ४०३७ | ० | ० |
| २०८२।८३ | ४६२७ | ४५१४ | ११३ | ० | १०० | ४४२७ | १०० | ० |
| २०८३।८४ | ५२१३ | ५०८६ | १२७ | ० | ५०० | ४२१३ | ५०० | ० |

## ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६९ मा प्रस्तुत गरिएको छ ।

तालिका ६९ : नीति, कानून, न्याय तथा सुशासन उप—क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति, कानून, न्याय तथा सुशासन प्रवद्र्धन कार्यक्रम | सेवालाई प्रक्रियागत सरल, स्पष्ट र पारदर्शी बनाउने । | सालबसाली | ५०० | आवश्यक नीति, कानून तथा कार्यविधि तयार भईसेवा प्रबाहमा प्रभावकारीता बढेको हुनेछ । |

## ७.१.९ जोखिम तथा अनुमान

सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ । सुशासन तथा सेवा प्रबाहलाई प्रभावकारी गराउन जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, नगरवासी सहितका सरोकारबालाबीच समान बुझाइ र सहकार्य भएको हुनेछ । उपरोक्त व्यवस्था हासिल हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ ।

७.२ संङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

## ७.२.१ पृष्ठभूमि

सिदिङ्वा गाउँपालिकामा हाल रहेका प्रशासन, योजना, जिन्सी, लेखा, राजस्व, पूर्वाधार, नक्शा, शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक, पञ्जीकरण, गैसस, कृषि, पशुपंछी, सहकारी, आन्तरिक लेखा परीक्षण, वन वातावरण तथा विपद् व्यवस्थापन, कानून र सूचना तथा प्रविधि शाखामा जनशक्ति कार्यरत रहेका छन् । गाउँपालिकाले जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वे गरी संस्थागत संरचना निर्माण गर्ने कार्य गरेको छ । वडाकाका सबै वडा कार्यालयलाई क्रमशः भौतिक सुविधा सम्पन्न बन्दै गएकोछ ।

७.२.२ **समस्या तथा चुनौती**

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ । शाखाहरु बीचको समन्वयको कमी, जनशक्तिको परिचालन एवम् सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामूखी हुन सकेको छैन ।

७.२.३ **लक्ष्य**

पालिकाको संगठनात्मक क्षमता विकास मार्फत जनशक्ति, जनमुखी सेवा प्रवाह प्रभावकारी बनाउने ।

७.२.४ **उद्देश्य**

१. छरितो संगठन संरचना, क्षमतावान जनशक्ति गुणस्तरीय सेवा प्रबाहको सुनिश्चित गर्नु ।

७.२.५ **रणनीति**

१. संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी चुस्त संगठन संरचना तयार गर्ने ।

२. जनशक्तिको क्षमता विकास गरी स्मार्ट पालिकाको अवधारणा कार्यान्वयन गर्ने ।

३. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरी सेवा प्रबाह र विकास प्रकृयालाई सहज तुल्याउने ।

७.२.६ **नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

एकीकृत नगर विकास योजना, कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र क्षमता विकास उपक्षेत्रको नतिजा सूचक र मध्यमकालीन लक्ष्य तालिका ७० मा प्रस्तुत गरिएको छ ।

तालिका ७० : संगठन, मानव संसाधन तथा क्षमता विकास उप—क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यरत मानव संशाधन | संख्या | ७० | ७१ | ८० | ९० | ९९ |
| कार्यरत प्राविधिक जनशक्ति | संख्या | ११ | ११ | १३ | १५ | १६ |
| वडा र गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ६४ | ६५ | ७० | ७८ | ८५ |
| मासिक रूपमा वडाको आम्दानी र खर्चसार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ८८ | ९० | ९५ | १०० | १०० |

### ७.२.७ **विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संस्थागत संरचना तथा मानव संसाधन विकास उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७१ : संगठन, मानव संसाधन तथा क्षमता विकास उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | ६७९७ | ४५६७ | २२३० | | ३३५० | २४४७ | १००० | |
| २०८२/८३ | ५४१३ | ३६३७ | १७७६ | | २१५० | ३२६३ | ० | |
| २०८३/८४ | ६०९९ | ४०९८ | २००१ | | १००० | ३५९९ | १५०० | |

### ७.२.८ **कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७२ मा प्रस्तुत गरिएको छ ।

तालिका ७२ संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | क्र.सं. |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | संगठन तथा व्यवस्थापन सर्भेक्षण, संगठन, मानव संशाधन र क्षमता विकास अन्य कार्यक्रम | चुस्त संरचना, स्थानीय सेवा र कार्य | | संगठन तथा व्यवस्थापन सर्भेक्षण, संगठन, मानव संशाधन र क्षमता विकास अन्य कार्यक्रम | चुस्त संरचना, स्थानीय सेवा र कार्य |

### ७.२.९ **जोखिम तथा अनुमान**

संगठन तथा व्यवस्थापन सर्भेक्षणमार्फत उपयुक्त संगठनात्मक संरचना तयार भएको हुनेछ । सुशासन तथा सेवा प्रबाहलाई प्रभाबकारी गराउन अन्तर-सरकार, जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, पालिकावासी सहितका सरोकारबालाबीच समान बुझाइ र सहकार्य भएको हुनेछ । उपरोक्त बमोजिम हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ७.३ **राजस्व तथा स्रोत परिचालन**

### ७.३.१ **पृष्ठभूमि**

यस सिदिङ्वा गाउँपालिकामा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैर—करको दर निर्धारण गरी आन्तरिक आय संकलन अभ्यास व्यावहारिक र सतर्कताका साथ अगाडि बढेको छ । गाउँपालिकाको वित्तीय स्रोतका साथै नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग बढ्दै गएको छ । स्थानीय करको दायरा विस्तार हुँदै गएको छ भने आन्तरिक राजस्व वृद्धिका आधारहरू सुदृढ बन्दै गएका छन् । राजस्व तथा श्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिई कार्यक्रम कार्यान्वयन गरिएको छ । गाउँपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका श्रोत परिचालनको अभ्यास रहेको छ । वेरुजु न्यूनीकरणका लागि नीति तथा कार्यक्रम निर्माण एवम् लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको छ । आन्तरिक राजस्व सुधार तथा अभिवृद्धि कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पूजी निर्माण कार्यक्रमँ कार्यान्वयनमा रहेका छन् ।

### ७.३.२ **समस्या तथा चुनौती**

विद्यमान कर प्रणाली व्यवहारिक नहुनु, पेश्की फर्छ्यौट नहुनु, बेरुजु अवस्था सुधारात्मक नहुनु, लेखा समितिबाट आन्तरिक लेखा परीक्षण नहुनु, राजस्वको दायरा फराकिलो रहेको यस क्षेत्रमा आन्तरिक राजस्व वृद्धिको सम्भावना प्रचुर रहे तापनि नागरिकमा करदाता शिक्षाको न्यूनता एवं आवश्यक सूचना तथा जानकारीको कमीको कारण राजस्व संकलनमा कठिनाइ भएको छ । घरबहाल र सबै प्रकारका

व्यवसायलाई पूर्णरुपमा करको दायरामा ल्याउन सकिएको छैन । रोजगारमूलक, उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा श्रोतको परिचालन लाई केन्द्रित गर्न सकिएको छैन । श्रोतको परिचालनमा मितव्ययिता तथा विनियोजन कुशलता यस क्षेत्रका चुनौतीहरु हुन् ।

### ७.३.३ **लक्ष्य**

सुदृढ, व्यवस्थित स्रोत परिचालन, प्रविधिमैत्री राजस्व प्रणालीमा सुधार गर्ने ।

### ७.३.४ **उद्देश्य**

१. दिगो र भरपर्दो राजस्वको श्रोत निमार्ण गर्नु ।

२. श्रोत परिचालनमा मितव्ययीता र कुशलता कायम गर्नु ।

### ७.३.५ **रणनीति**

१. राजस्व सुधार कार्ययोजना तयार गरी राजस्वको दर तथा दायरा विस्तार गर्ने ।

२. राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोतको प्रभाबकारी परिचालनमा जोड दिने,।

३. अन्य तहको सरकारबाट हासिल हुने अनुदान लगायत अन्य सहयोग हासिल गर्न आवश्यक आधारहरु तयार गर्ने

### ७.३.६ **नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवाधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य लक्ष्य तालिका ७३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७३ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| वार्षिक आन्तरिक आय रकम | रु.लाखमा | ७१.९ | ७२१ | ९७७.४७ | १०१५.९ | १११५.९ |
| कुल वार्षिक बजेट | रु.लाखमा | ५३९९.९ | ५१७८.९५ | ५९०७.१ | ६६६७.५ | ७५१२.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बेरुजु रकम फर्छ्यौटको लागि समिति निमार्ण | प्रतिशत | ५० | ५५ | ७० | ९० | १०० |
| अनलाईन माध्यमबाट राजश्व र सवा शुल्क बुझाउने व्यवस्था | प्रतिशत | ० | ० | २५ | ५० | १०० |
| राजश्व परामर्श समितिको कृयाशिलता | प्रतिशत | ६५ | ७० | ८० | ९० | १०० |

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७४ : राजस्व तथा श्रोत परिचालन उप—क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीयव्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ०८१/८२ | १२५० | १२५० | ० | ० | ५०० | ७५० | ० | ० |
| ०८२/८३ | १४११ | १४११ | ० | ० | ३११ | ११०० | ० | ० |
| ०८३/८४ | १५८९ | १५८९ | ० | ० | ० | १५८९ | ० | ० |

### ७.३.८ **कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको संक्षिप्त विवरण तालिका ७५ मा प्रस्तुत गरिएको छ ।

तालिका ७५ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | क्र.सं. |
|---|---|---|---|---|---|
| १ | राजस्व सुधार कार्ययोजना तयारी तथा अद्यावधीकरण | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि | | १ | राजस्व सुधार कार्ययोजना तयारी तथा अद्यावधीकरण |

### ७.३.९ **जोखिम तथा अनुमान**

राजस्व सुधार कार्ययोजना तर्जुमा भई राजस्वको दर तथा दायरा विस्तार भएको हुनेछ । श्रोत परिचालनमा अन्तर-सरकार साझेदारी र स्थानीयस्तरमा जनसहभागितमा वृद्धि भएको हुनेछ । उपरोक्त व्यवस्था नहुँदा

अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।सबै खालको राजस्व वृद्धिको आधारहरु तयार गर्न नसके लक्ष्य हासिल गर्न कठिन हुनेछ । ७.४ **तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन**

### ७.४.१ **पृष्ठबूमि**

गाउँपालिकाको समग्र विकासलाई दिगो, समावेशी बनाउने मुख्य ध्येयले गाउँपालिकको आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन हुने गरेको छ । सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको अर्थपूर्ण सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । पालिकास्तरीय योजना वैंक निर्माणका लागि अग्रसरता लिइएको छ । लाभलागत विश्लेषणका आधारमा योजनाको छनौट तथा कार्यान्वयन हुने गरेको छ । सङ्घीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरी स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमाको अभ्यास रहेको छ । ठूला आयोजनाको डिपिआर तयार भइ कार्यान्वयनकोअभ्यास अगाडि बढेका छन् । बस्ती तहबाट सहभागितामूलक योजना तर्जुमाको अभ्यास रहेको छ ।

### ७.४.२ **समस्या तथा चुनौती**

योजना अनुशासनको पूर्ण परिपालनामा व्यावहारिक कठिनाइ रहेको छ । स्थानीय तहको योजनावद्ध विकाससँग सम्बन्धित आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक योजनाका आधारमा, विस्तृत आयोजना प्रतिवेदन तयारी, र मध्यमकालीन खर्च संरचना तयारी गरी सोही आधारमा वार्षिक बजेट तथा योजना तर्जुमाको अभ्यासमा कमी रहेको छ । कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण र सोहीबमोजिम वार्षिक बजेट तथा कार्यक्रममार्फत कार्यान्वयनको अभ्यासमा कमी रहेको छ । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक विकास योजना र गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । पालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति बमोजिम योजना छनौट तथा कार्यान्वयन नहुनु, नियमित अवलोकन, निरीक्षण तथा अनुगमन प्रभाबकारी हुन नसकेको, योजना तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार हुन नसकेको, सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन ।

७.४.३ **लक्ष्यः**

व्यबस्थित र नतिजामूखी योजना तर्जुमा गर्दै तथ्यांक प्रणालीमा आधारित उत्तरदायी विकास प्रशासन कार्यान्वयन गर्ने ।

७.४.४ **उदेश्यः**

१. योजना तर्जुमालाई तथ्यपरक, सहभागितामूलक र नतिजामूलक तुल्याउनु ।

२. सूचनामा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको अभ्यासलाई संस्थागत गर्नु ।

३. योजना कार्यान्वयनलाई सहभागितामूलक तथा नतिजामूलक बनाउनु ।

७.४.५ **रणनीतिः**

१. सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया र छरितो तथा नतिजामुखी कार्यान्वयनलाई संस्थागत गर्ने ।

२. योजना व्यवस्थापनको समग्र प्रकृयालाई छरितो र जनमूखी गराउने ।

३. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागितामार्फत स्थानीय आवश्यकताको दिगो समाधान गर्ने ।

४. अनुगमन तथा मूलाङ्कन कार्यलाई नतिजामूलक र प्रभावकारी बनाउने ।

५. स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउन डिजिटल प्रोफाइल तथा एप तयारी तथा नियमित अद्यावधीकरण गर्ने ।

७.४.६ **नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक गाउँपालिका विकास योजना तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार तथ्याङ्क, योजना तथा विकास परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७६ मा प्रस्तुत छ ।

**तालिका ७६ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| दीर्घकालीन, मध्यमकालीन रणनीतिक योजना तथा गुरुयोजना | विषय | ५ | ७ | ७ | ७ | ७ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७० | ७५ | ८० | ९० | १०० |
| वार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | २० | ३८ | ४० | ४५ | ५० |
| गाँउपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | ६ | ६ | ७ | ८ |
| गाँउपालिकाको सम्पति अभिलेख | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| विषयगत क्षेत्रको आधारमा योजनाको प्राथमिकीकरण | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ |

## ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७७ मा प्रस्तुत गरिएको छ । **तालिका ७७ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीयव्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ४४०००० | २७००० | १७०००० | ० | ३०००० | ४०००00 | १०००० | |
| २०८२/८३ | ४६०००० | २८०००० | १८०००० | ० | ३०००० | ४२०००० | १०००० | |
| ०८३/८४ | ४७०००० | २८०००० | १९०००० | ० | ३०००० | ४३०००० | १०००० | |

## ७.४.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरणः

योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७८ मा प्रस्तुत गरिएको छ ।

तालिका ७८ तथ्याङ्क योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको **कार्यक्रम** तथा आयोजनाको संक्षिप्त विवरणः

| **क्र.स.** | **कार्यक्रम तथा आयोजना** | **उदेश्य** | **अवधि (सुरु र समाप्ति)** | **कुल लागत (रु हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क योजना सुदृढीकरण तथा विकास व्यवस्थपन कार्यक्रम | योजना तथा विकसा प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु | सालबसाली | १००० | तथ्याङ्क,योजनाको आधारमा विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा भई सोही आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ |

## ७.४.९ जोखिम तथा अनुमान

तोकिएको कार्यनीति कार्यान्वयन गर्न गाउँपालिकाले संस्थागत विकास तथा सुशासन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनुपर्ने छ । संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ । स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । उपरोक्त परिस्थिति तयार हुन नसकेका लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ ।

## अनुसूची १ मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| २. | प्रमुख, शैक्षिक प्रशासन शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ४. | प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| ५. | प्रमुख, आर्थिक विकास शाखा | -सदस्य |
| ६. | प्रमुख, सामाजिक विकास शाखा, | - सदस्य |
| ७. | प्रमुख, प्रशासन महाशाखा, | - सदस्य |
| ८. | प्रमुख, सहरी विकास, पर्यटन तथा वातावरण शाखा | - सदस्य |
| ९. | प्रमुख, पूर्वाधार विकास शाखा | - सदस्य |
| १०. | प्रमुख, योजना तथा अनुगमन शाखा | - सदस्य सचिव |

सिदिङ्वा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

साव्लाखु, ताप्लेजुङ

सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको मध्यमकालिन खर्च संरचना तयारी अन्तर्गत मस्यौदा प्रतिवेदन माथि छलफल कार्यक्रम ।

### उपस्थिति

मिति: २०८०/०३/११

स्थान: गाउँ कार्यपालिकाको कार्यालय, साव्लाखु, ताप्लेजुङ ।

| क्र.स. | पद | नामथर | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री मान वहादुर राई | ९८५२६८१४६२ | [illegible] |
| २ | उपाध्यक्ष | श्री कृष्ण कुमारी कडरिया | ९८४२६६४०५९ | [illegible] |
| ३ | १ नं. वडा अध्यक्ष | श्री गोपाल बानियाँ | ९८५२६८१०६४ | [illegible] |
| ४ | २ नं. वडा अध्यक्ष | श्री पूर्ण कुमार माङ्गु लिम्वु | ९८५२६६४९१२ | [illegible] |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री रत्न वहादुर खत्री | ९८६४०८७७२३ | [illegible] |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री पूर्ण कुमार लिम्वु | ९८१५९३५०९८ | [illegible] |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री अम्वर वहादुर लिम्वु | ९८१५९५८३११ | [illegible] |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री रत्न कुमार लिङदेन | ९८१७०१६५७६ | [illegible] |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री लक्ष्मन तामाङ | ९८४२७४७७९५ | [illegible] |
| १० | सदस्य | श्री छत्रमाया इजम | ९८४४६७०४१२ | [illegible] |
| ११ | सदस्य | श्री सावित्रा वानियाँ | ९८६२६५३३१४ | [illegible] |
| १२ | सदस्य | श्री तुलसी माया वुडाक्षेत्री | ९८०४९०१६३१ | [illegible] |
| १३ | सदस्य | श्री रेनु लिम्वु | ९८६२३२९०७० | |
| १४ | सदस्य | श्री जय प्रकाश राई (साम्पाङ) | ९८४०९९५०३१ | [illegible] |
| १५ | सदस्य | श्री सन्तोष कुमार पांचकोटी | ९८६०८२७३९४ | [illegible] |
| १६ | सचिव | श्री तिवेन्द्र अधिकारी | ९७४६२२५१५६ | [illegible] |
| १७ | | | | |
| १८ | | | | |